# प्रेस काउन्सिल नेपाल र पत्रकार आचारसंहिता

**शोधकर्ता**
**रहमतुल्लाह मियाँ**
स्नातकोत्तर तह द्धितीय वष

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा समाजशास्त्र संकाय
पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभाग
रत्नराज्य लक्ष्मी क्याम्पस, काठमाडौं
स्नातकोत्तर तह द्धितीय वर्षको सातौं पत्रको
प्रयोजनका लागि

**प्रस्तुत शोधपत्र – २०६४**

# दुई शब्द

'प्रेस काउन्सिल नेपाल र पत्रकार आचारसंहिता' को बारेमा विस्तृत अध्ययन एवं अनुसन्धान गर्ने उद्देश्य अनुरुप दृढ मनोवल तथा श्रद्धेय गुरूहरूको निर्देशन एवं प्रोत्साहनद्वारा स्नातकोत्तर तहको अन्तिम चरणमा उभिन आइपुग्दा अत्यन्तै हर्ष र गर्वको अनुभूति भइरहेको छ । यसबाट उच्च शिक्षा हासिल गर्ने मेरो महत्वकांक्षा पूरा भएकोमा जीवनको ठूलो लक्ष्य प्राप्ति भएको ठानेको छु ।

आमसञ्चार क्षेत्रको विकासमा अत्यन्तै महत्वपूर्ण योगदान दिइरहेको 'प्रेस काउन्सिल नेपाल र पत्रकार आचारसंहिता' का बारेमा मेरो उत्सुकता र जाँगरलाई सधैं प्रोत्साहित गरी वास्तविक र यथार्थ तथ्यांक अनुसन्धान गर्न सुझाव दिनु हुने श्रद्धेय गुरुहरूप्रति आभार व्यक्त गर्न चाहन्छु ।

यो शोधपत्र मेरा लागि पहिलो अनुभव हो । शोधपत्रमा संकलित तथ्यहरु यथार्थतामा आधारित भएकाले तथ्यपरक छन् । प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय पत्रकारिता तथा आमसञ्चारको स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक अध्ययन अर्न्तगत तयार पारिएको हो । यस शोधपत्र ६ परिच्छेदमा विभाजन गरिएको छ । शोधपत्रको अध्ययन एवं अनुसन्धान गर्ने क्रममा केही कमी एवं कमजोरीहरू पक्कै होलान् । तथापि त्रुटी नहुन् भन्ने हेतुले सकेसम्म आफूले प्राप्त गरेका सैद्धान्तिक ज्ञानलाई व्यवहारिकतामा प्रयोग गर्ने सक्दो मेहनत र प्रयास गरेको छु ।

शोधपत्रको शीर्षक "प्रेस काउन्सिल नेपाल र पत्रकार आचारसंहिता" अनुसार वास्तविक र यथार्थरूपमा तयार गर्ने क्रममा आफ्नो अमूल्य एवं व्यस्त समयका बाबजुद पनि आवश्यक समय जुटाएर सल्लाह र मार्ग निर्देशन दिनु हुने त्रिभुवन विश्वविद्यालय पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभाग, रत्नराज्य लक्ष्मी क्याम्पसका उपप्राध्यापक एवं यस शोधपत्रका सुपरीवेक्षक श्री प्रबलराज पोखरेलप्रति असिम आभार व्यक्त गर्दै हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । साथै शोधपत्रका लागि सधैं घच्घच्याई रहनु हुने पत्रकारिता तथा आमसञ्चारका निमित्त प्रमुख श्री बद्री पौडेलप्रति पनि आभारी छु ।

प्रेस काउन्सिल नेपालका अध्यक्ष श्रीमान राजेन्द्र दाहाल, सदस्य-सचिव श्री मुकुन्दप्रसाद आचार्य र नेपाल पत्रकार महासंघका सभापति श्री विष्णु निष्ठुरीप्रति पनि उत्तिकै आभारी छु । यसैगरी काउन्सिलमा कार्यरत सम्पूर्ण सहकर्मी मित्रहरूलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु । उहाँहरूको सहयोग र सल्लाहबाट नै यो मेरो शोधपत्रले मूर्तरूप लिन सकेको हो ।

यसैगरी त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय कीर्तिपुर एवं रत्नराज्य लक्ष्मी क्याम्पसको पुस्तकालय, केशर पुस्तकालय र मदन पुस्तकालय परिवारप्रति पनि कृतज्ञता व्यक्त गर्न चाहन्छु । सन्दर्भ सूचीमा रहेका पुस्तकका लेखक, सम्पादक एवं प्रकाशकहरूप्रति पनि अत्यन्तै आभार व्यक्त गर्न चाहन्छु । शोधपत्र तयार गर्ने कार्यमा विविध पक्षबाट सहयोग पुऱ्याई प्रेरणा दिनुहुने मेरा परिवारका सदस्यहरूप्रति पनि कृतज्ञता नटक्र्याई रहन सक्दिन । साथै कम्प्युटर मुद्रण गरी सहयोग गर्ने मेरी श्रीमती जुलेखा खातुनलाई पनि हृदयदेखि नै धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, शोधपत्रको अध्ययनका क्रममा प्रत्यक्ष एवं परोक्ष रूपमा सहयोग गर्नु हुने विभिन्न आमसञ्चार माध्यमका सम्पादक, प्रकाशक एवं पत्रकार मित्रहरू, मान्यजन एवं उत्तरदाताहरू र अन्य सबै शुभचिन्तकहरूलाई पनि धन्यवाद व्यक्त गर्न चाहन्छु ।

**रहमतुल्लाह मियाँ**

# विषय-सूची

## परिच्छेद - १

अध्ययनको पृष्ठभूमि ५
समस्याको प्रस्तुतिकरण ६
आवश्यकता र औचित्य ८
अध्ययनको उद्देश्य ९
परिकल्पना ९
अध्ययन एवं अनुसन्धान विधि १०
तथ्यांकको विश्लेषण एवं प्रस्तुतिकरण १४
अध्ययन सीमा १५

## परिच्छेद - २

सान्दर्भिक साहित्यको सिंहावलोकन १७
पूर्व कार्यको समीक्षा १७

## परिच्छेद - ३

विश्वमा प्रेस काउन्सिल २१
पत्रकार आचारसंहिता २३
विश्वमा पत्रकार आचारसंहिता २३
आचार संहिताका चुनौतिहरू ३५
नेपालमा पत्रकार आचारसंहिता ३७
विश्वमा प्रेस कानून ४०
नेपालमा प्रेस कानून ४७
सूचनाको हक ४८

## परिच्छेद - ४

नेपालमा प्रेस काउन्सिल ४९
२०१७ साल पूर्वको अवस्था ४९
पञ्चायती कालमा प्रेस काउन्सिल ५०
२०४६ साल पछिको प्रेस काउन्सिल ५५
संगठनात्मक स्वरूप ५८
नीतिहरू ५८
प्रदत्त सेवाहरू ५९
पत्रपत्रिका वितरण संपरीक्षण समिति ६०
वर्गीकरणको मापदण्ड र प्रकृया ६१
पत्रकार आचारसंहिता अनुगमन ६७
पत्रकार आचारसंहिता अनुगमन (२०६२ मंसिरदेखि माघसम्म) ६९

उजुरी दिने ७३
विगत ११ वर्षमा परेका उजुरीहरूको विवरण ७४
नेपालमा पत्रपत्रिकाको वस्तुस्थिति ७६
पत्रपत्रिकाको दर्ता स्थिति ७७
२०४६ साल पछिका वर्षहरूमा पत्रपत्रिकाको दर्ता स्थिति ८०
मिडिया विकास कोष ८२

## परिच्छेद – ५

तथ्याङ्क संकलन, प्रशोधन र प्रयोजन ८४
प्रेस काउन्सिल प्रभावकारी हुन नसक्नुका कारणहरू ८७
प्रेस काउन्सिलमा पारदर्शिता र नीति परिवर्तनको खाँचो ९०
प्रेस स्वतन्त्रताको सीमांकन ९१

## परिच्छेद – ६

अध्ययनको निष्कर्ष ९३
अध्ययनको सारांश ९६
सम्भावना ९६
सुझाव/सल्लाह ९८
काउन्सिलले अवलम्बन गर्नुपर्ने नीति १०५
उपसंहार १०८
प्रश्नावली ११२
कुराकानी ११४
प्रेस काउन्सिलका वर्तमान पदाधिकारीहरू ११४
प्रेस काउन्सिलका समिति र उपसमितिहरू ११५
सन्दर्भ सामाग्री ११६
पत्रकार आचारसंहिता, २०६० ११८

# परिच्छेद – १

## १. अध्ययनको पृष्ठभूमि

प्रेस स्वतन्त्रता प्रजातन्त्रको आधारभूत आवश्यकता हो । प्रेस एक सामाजिक संस्था हो जो शासक र शासितबीच समाचारको आदानप्रदान गराउने सशक्त माध्यम, राज्यशक्तिको महत्वपूर्ण चौथो अंगको रुपमा परिचित छ । स्वच्छ पत्रकारिताद्वारा नै जनता र सरकार दुबैलाई कल्याणकारी मार्गतर्फ अग्रसर गराउन सकिन्छ । स्वच्छ, सवल, निष्पक्ष, निर्भिक, स्वतन्त्र र मर्यादीत प्रेसबाट नै प्रजातन्त्रको प्रवर्द्धन गर्न सकिन्छ । यसरी प्रेस स्वतन्त्रतालाई संरक्षण गर्न नै संविधानमा प्रेस स्वतन्त्रता सम्बन्धी यथोचित व्यवस्था गरिएको हुन्छ । स्वतन्त्र र मर्यादित प्रेस नै जनहित अनुकूल संचालित हुने हुँदा सञ्चार माध्यममाथि सरकारप्रतिको संलग्नता र सरकारको सञ्चार माध्यम कुनै पनि किसिमको हस्तक्षेप उचित मानिदैन । कसैलाई पनि प्रेस स्वतन्त्रताको नाममा निरंकुश र अनियन्त्रित अधिकारको प्रयोग गर्ने छुट हुँदैन । प्रेसको स्वतन्त्रतामा कुठाराघात हुन पुगेको अवस्थामा सचेतकका रूपमा काम गर्ने प्रेस स्वतन्त्रताको उपभोग स्वतन्त्रताको दुरुपयोग हुनबाट बचाउने दोहोरो दायित्व निर्वाह गर्न निष्पक्ष र स्वतन्त्र संस्थाको रूपमा हरेक प्रजातान्त्रिक राज्यले प्रेस काउन्सिलको स्थापना गरेको हुन्छ । प्रेस काउन्सिलको मूल अभिप्राय स्वस्थ र सक्षम पत्रकारिताको विकासद्वारा प्रजातान्त्रिक मूल्य र मान्यताको सम्वर्द्धन गर्ने रहेको हुन्छ ।

नेपालमा प्रेस स्वतन्त्रताको जगेर्ना गरी उच्चतम् व्यावसायिक आचरणको निर्धारण र लोकतान्त्रिक राज्य स्थापनाका लागि प्रेस काउन्सिल नेपालको महत्वपूर्ण भूमिका विद्यमान रहेको छ । प्रजातन्त्रको पुर्नस्थापना पश्चात् अधिराज्यमा आमसञ्चारका माध्यमहरू संस्थागत एवं व्यावसायिकतातर्फ उन्मुख भइरहेका छन् । "नेपाल अधिराज्यको संविधान, २०४७" र "नेपालको अन्तरिम संविधान, २०६३" ले प्रेस स्वतन्त्रता र सूचनाको हकको प्रत्याभूति दिएपश्चात् पत्रकारिता जगतको मनोबल झनै उच्च भएको छ । आमसञ्चारको अतुलनिय भूमिका समाजको निर्माण र उत्थानमा रहेको हुन्छ । यद्यपि आजको परिवर्तित सन्दर्भमा सञ्चारले आफ्नो कार्य-कौशलतालाई अझ प्रभावकारी बनाई राज्यको चौथो अंगको दायित्वलाई निर्वाह गर्न प्रयत्नशील हुनुपर्छ । आमसञ्चारको विश्वव्यापी मान्यतामा आधारित रहेर पत्रकारले आचारसंहिताको पालना गरी विश्वसनीय पत्रकारिताको विकास गर्नुपर्ने हुन्छ । यस्तो वातावरण सृजना गरी पत्रकार आचारसंहिताको पालना गराउनको लागि प्रेस काउन्सिल नेपालले महत्वपूर्ण भूमिका खेल्न सक्दछ ।

आज नेपालको आमसञ्चार क्षेत्र एकातिर अत्यावश्यक साधन र श्रोतको अभावमा पिरोलिरहेको छ भने अर्कोतिर तीव्र प्रतिस्पर्धाको वातावरण सृजना भइरहेको छ । गुणस्तर र व्यावसायिक पत्रकारिताको विकासको लागि प्रतिस्पर्धा आवश्यक हुन्छ । तर कतिपय प्रतिस्पर्धाहरू स्वस्थ र अवाञ्छित दिशामा जाने गरेको पनि देखिएको छ । यिनै वास्तविकताहरूलाई मध्यनजर गरी छुट्टै "प्रेस काउन्सिल ऐन, २०४८" अन्तर्गत प्रेस काउन्सिल नेपालको गठन गरिएको देखिन्छ ।

"नैतिक आचरणका लागि आचारसंहिता चाहिन्छ । आचारसंहिताको अनुवन्धनबाट मात्रै कुनै पनि व्यवसाय मर्यादीत हुनसक्छ । सामाजिक मूल्य र मान्यता, जातिय संस्कृति एवं राष्ट्रको अस्मितालाई जोगाउनका लागि आचारसंहिताको आवश्यकता पर्छ । राज्यले प्रदान गरेको मौलिक हकलाई उपभोग गर्दा अर्काको वैयक्तिक स्वतन्त्रतालाई हनन गर्नु हुँदैन । आचार शास्त्रीहरूको भनाईमा आचारसंहिताको अध्ययन क्षेत्रले सामाजिक मूल्यको प्रकृति र स्वभावबीचको द्वन्द्ध र समझदारीलाई बुझाउँदछ ।"[1]

## २. समस्याको प्रस्तुतिकरण

प्रस्तुत शोधपत्रमा प्रेस काउन्सिल नेपालको संगठनात्मक स्वरुप, काम, कर्तव्य र अधिकार एवं भूमिकाको ठोस अध्ययन एवं अनुसन्धान गरिएको छ । साथै पत्रकार आचारसंहिताको पालना पत्रकारिताका कुन निकायबाट कसरी भइरहेको सोको बारेमा विस्तृत अध्ययन एवं अनुसन्धान गरिएको छ । व्यावसायिक पत्रकारिताको अभिवृद्धिका लागि प्रेस काउन्सिल नेपालले अवलम्वन गर्नुपर्ने नीतिलाई स्पष्ट पारी आचारसंहिताको अनुगमनलाई प्रभावकारी बनाउन केन्द्रित भएको छ । साथै पत्रकार आचारसंहिताको निर्धारण, कार्यान्वयन र अनुगमन पक्षको चित्रण गरी पत्रकारिता क्षेत्रमा देखा परेका विकृति एवं विसंगतिहरूको निराकरण गर्न काउन्सिलले गरेका पहलहरूलाई स्पष्ट गरिएको छ ।

विश्वमा प्रेस काउन्सिलको इतिहास लगभग एक शताव्दीको हाराहारीमा पुगेता पनि नेपालमा यसको स्थापना भएको ३७ वर्ष मात्र भएको छ । प्रेस काउन्सिल नेपालका सन्दर्भमा केही फुटकर लेख, रचना र पुस्तकहरूको प्रकाशन वाहेक अहिलेसम्म खासै खोज, अध्ययन र अनुसन्धानात्मक कार्यहरू गरिएको भेटाइन्न । निश्चय नै शोधले प्रेस काउन्सिल नेपालको विविध पक्षका कमी कमजोरी तथा सवल पक्षको स्थिति बारेमा समेत अध्ययन विश्लेषण गरी नेपाली पत्रकारिताको उत्थान एवं विकासमा नयाँ ईंटा थप्ने कार्य गर्नेछ ।

[1] *रघु मैनाली, रेडियो वाचन, सामुदायिक रेडियो सहयोग केन्द्र-२०६९*

नेपालमा पत्रकारहरूले कमै मात्रामा पत्रकार आचारसंहिता पालना गरेका छन् । आर्थिक दुरावस्था, राजनीति लगायत स्वार्थ समूहको प्रभाव, पत्रकारिताको मूल्य मान्यता नबुझेका पत्रकारहरूको जमात आदि मूलभूत कारणले गर्दा नै स्वस्थ, मर्यादित र निष्पक्ष पत्रकारिताको विकास हुन सकेको छैन ।

नेपालमा पत्रकार आचारसंहिता उल्लंघन भए नभएको अनुगमन गर्ने निकाय फितलो छ । पत्रकारिता जस्तो पवित्र पेशाप्रति आमजनता विश्वस्त बन्न नसकेको स्थितिमा पत्रकारले पेशागत मूल्य मान्यता र आचारणको पालनातर्फ समुचित रूपमा ध्यान दिन जरूरी छ । नेपालमा पत्रकार आचारसंहिताको विकास, नेपाली पत्रकारिताको समस्या, पत्रकार आचारसंहिताको परिपालनामा देखा परेका कठिनाई त्यसको समाधान गर्न कस्ता कदम चालिनु पर्ने हो, सो तथा नेपालमा पत्रकार आचारसंहिताको वर्तमान स्थितिका सम्बन्धमा यो अध्ययन केन्द्रित छ । यो अध्ययनबाट मूलतयाः निम्न प्रश्नहरूको जवाफ खोजिने छ :

(१) नेपालमा पत्रकारहरूले के कत्तिको मात्रामा आचारसंहिता पालना गरेका छन् ?

(२) पत्रकार आचारसंहिताको अनुगमन गर्ने निकाय, प्रेस काउन्सिल नेपालले कस्तो भूमिका निर्वाह गरेको छ ?

(३) नेपालमा पत्रकार आचारसंहिता पालना हुन नसक्नुका प्रमुख कारणहरू के के हुन् ?

(४) नेपालमा पत्रकार आचारसंहिताको वर्तमान स्थिति कस्तो छ ?

(५) नेपाल र अन्य देशमा आचारसंहिताको तुलनात्मक स्थिति कस्तो रहेको छ ?

(६) नेपालमा पत्रकार आचारसंहिता पालनामा देखिएका कठिनाईलाई कसरी समाधान गर्न सकिन्छ ?

(७) नेपाल तथा अन्य मुलुकमा प्रेस काउन्सिलको तुलनात्मक स्थिति कस्तो रहेको छ ?

## ३. आवश्यकता र औचित्य

आमसञ्चार माध्यम प्रजातान्त्रिक समाजको विकासका लागि आज अति नै आवश्यक वस्तु हो । सञ्चार विनाको समाजको कल्पना समेत गर्न सकिदैन । यसर्थ प्रस्तुत अनुसन्धानले सञ्चार क्षेत्रको विकास र प्रवर्द्धनमा ठोस धारणा लिन सहयोग पुर्‍याउने छ । नेपालको पत्रकारिताको विकासका लागि योगदान दिइरहेको प्रेस काउन्सिल नेपालको भविष्य, वर्तमान र अतित जान्न जरूरी छ । यो शोधमा प्रेस काउन्सिल नेपालका सबै पक्षलाई विस्तृत रुपमा अध्ययन गरी यसका समस्या र समाधानका उपायहरूका बारेमा सुझाव समेत प्रस्तुत गरिएकाले नेपाल सरकार, संगठित सञ्चार संस्थाहरू र स्वयम् प्रेस काउन्सिल

नेपाललाईसमेत सञ्चार सम्बन्धी नीति नियम र पत्रकार आचारसंहिताको निर्धारण गर्न महत्वपूर्ण सहयोग पुग्ने आशा गरिएको छ ।

शोधमा प्रस्तुत गरिएका तथ्यहरूबाट सञ्चारविद् एवं पत्रकारितासँग सरोकार राख्नेहरूका लागि मार्गदर्शन हुनेछ । सरकारले सञ्चार सम्बन्धी योजना, नीति, नियम एवं कानूनहरू निर्धारण गर्दा योजनाको उद्देश्य र योजना कार्यान्वयन पक्षको मूल्यांकन गर्न सहयोगी सिद्ध हुनेछ । साथै सञ्चारविद्हरूलाई कार्य योजना बनाउन तथा सिद्धान्तहरू प्रतिपादन गर्न समेत यसले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

देशभरी विद्यमान पत्रपत्रिकाहरूको मूल्यांकन एवं वर्गीकरण, अनुसन्धान र पत्रकार आचारसंहिताको निर्धारण एवं कार्यान्वयन गर्ने साझा संस्था प्रेस काउन्सिल नेपालका बारेमा अध्ययन गर्न चाहने स्वदेशी तथा विदेशी सञ्चारकर्मी, विद्यार्थी, अनुन्धानकर्ता र यससँग अभिरुची राख्ने सम्पूर्ण महानुभावहरूसमेत प्रस्तुत शोधपत्रबाट लाभान्वित हुन सक्नेछन् ।

प्रस्तुत शोधपत्रमा प्रेस काउन्सिल नेपालले सञ्चारको विकासमा अवलम्बन गरेका सिद्धान्त र यसबाट समाजमा पर्ने असरहरूका बारेमा अनुसन्धान गरिएको हुनाले सञ्चारकर्मी एवं पाठकवर्गहरूलाई अध्ययन एवं अनुसन्धान गर्नका निमित्त पनि यसले मार्गदर्शनको रूपमा सहयोग पुऱ्याउन मद्दत गर्नेछ । साथै यो अध्ययन प्रतिवेदन भविष्यमा प्रेस काउन्सिल नेपालका बारेमा जिज्ञासु अनुसन्धानकर्ताहरूलाई केही हदसम्म आधार अवश्य हुनेछ । यसर्थ मूलतः भावी दिनहरूमा प्रेस काउन्सिल नेपालको विस्तार र विकास कसरी गर्न सकिन्छ सोको लागि प्रस्तुत शोधपत्र कोशेढुंगा सावित हुने विश्वास गरिएको छ ।

## ४. अध्ययनको उद्देश्य

(१) प्रेस काउन्सिल नेपालले पत्रकारिताको विकासमा खेलेको भूमिकाको सम्बन्धमा सही ढंगबाट मापन गर्न सकिने छ ।

(२) नेपालमा पत्रकारिताको वस्तुस्थिति कस्तो छ र भावी कार्य दिशा कस्तो हुनुपर्छ सो सम्बन्धमा विस्तृत रूपमा बुझ्न सकिने छ ।

(३) पत्रकार आचारसंहिताको निर्धारण, अनुगमन एवं कार्यान्वयन गर्न प्रेस काउन्सिल नेपालले निर्वाह गरेको भूमिकाको अध्ययन गरिएको छ ।

(४) नेपालमा पत्रकार आचारसंहिताको विकासका सम्बन्धमा बुझ्न सकिने छ ।

(५) पत्रकार आचारसंहिताको अनुगमन एवं कारवाही गर्न प्रेस काउन्सिल नेपाल कति सक्षम भएको छ, सोको विस्तृत अध्ययन एवं अनुसन्धानको जानकारी पाउन सकिनेछ ।

(६) वर्तमान अवस्थामा आचारसंहिताको पालना र उल्लंघनको अवस्था र परिपाटी कस्तो किसिमको छ सो समेत बुझ्न सकिने छ ।

(७) प्रेस काउन्सिल नेपाल अन्तर्गत रहेको वितरण संपरीक्षण समितिले मूल्यांकन गर्ने पत्रपत्रिकाहरूको वर्गीकरणलाई कसरी र कुन आधारमा निर्धारण गर्दछ सोको विस्तृत अध्ययन गर्न सकिने छ ।

(८) मिडिया विकास कोषले मोफसलको पत्रकारिताको विकासमा कसरी उत्थान गरिरहेको छ सो सम्बन्धी विस्तृत अध्ययन गर्न सकिने छ ।

(९) काउन्सिलका सबै समिति एवं उपसमितिहरूका काम, कर्तव्य र कार्यान्वयन पक्षलाई समालोचनात्मक रुपमा अध्ययन गर्न सकिने छ ।

## ५. परिकल्पना

(१) प्रेस काउन्सिलको काम, कर्तव्य तथा अधिकारको वास्तविकता सम्बन्धित सरोकार पक्षहरूले बुझ्न नसकेको ।

(२) प्रेस काउन्सिलले आचारसंहिताको अनुगमन प्रभावकारी रूपमा अनुगमन एवं सुपरीवेक्षण गर्न नसकेको ।

(३) प्रेस काउन्सिल अर्न्तगत रहेको वितरण संपरीक्षण समितिको मूल्यांकन निष्पक्ष हुन नसकेको ।

(४) तालिम, गोष्ठी, सेमिनार, अन्तरक्रिया जस्ता कार्यक्रमहरू प्रेस काउन्सिलले यथेष्ठ मात्रामा आयोजना गर्न नसकी पत्रकार आचारसंहिता सम्बन्धी जानकारी सर्वसाधारण एवं पत्रकारहरूलाई गराउन नसकेको वर्तमान अवस्था ।

(५) नेपालमा सञ्चार क्षेत्र व्यावसायिकतातर्फ उन्मूख भएता पनि त्यहाँ कार्यरत पत्रकारहरूको तालिम, प्रशिक्षण र लेखन सीप अभिवृद्धि नहुनु र पत्रकार आचारसंहिताको ज्ञानको अभाव देखिएको ।

(६) आमसञ्चारका माध्यमहरूले राजनीतिक दवाब, पार्टीहरुको पक्षमा वकालत गर्ने, आर्थिक पक्ष कमजोर, सरकारको विज्ञापन नीति स्पष्ट नहुनु, कानूनको प्रभावकारी कार्यान्वयन नहुनु जस्ता समस्याहरू नेपाली पत्रकारिता क्षेत्रमा विद्यमान रहेका ।

(७) दक्ष जनशक्तिको कमी, यातायात र सञ्चारको पहुँच सर्वसुलभ नहुनु, नेपालको भौगोलिक अवस्था, पाठक सर्वेक्षण नहुनु, व्यावसायिकताभन्दा शोखको रूपमा पत्रकारिता गर्ने परिपाटी, सूचना संकलनको समस्या विद्यमान हुनु ।

यी समस्याहरुको समाधानका लागि नेपाल सरकारको सञ्चार नीति एवं कानून कार्यान्वयन हुनुपर्ने, विज्ञापन नीति स्पष्ट हुनुपर्ने, जिम्मेवारीयुक्त पत्रकारिताको बोध हुनुपर्ने, तालिम, प्रशिक्षण र सीप जस्ता कार्यक्रमहरूको व्यवस्था पत्रकार आचारसंहिताको नैतिक मूल्य र मान्यतालाई आत्मसाथ गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ । यस्ता परिकल्पनाहरूलाई प्रेस काउन्सिल नेपालले कसरी लिएको छ त ? यस सम्बन्धमा प्रस्तुत अध्ययनमा चिरफार गरिएको छ ।

## ६. अध्ययन एवं अनुसन्धान विधि

प्रस्तुत शोधपत्रलाई अनुसन्धानको विधिको माध्यमबाट आवश्यक तथ्याङ्क संकलन र विश्लेषण गरी मूर्तरूप दिइएको छ ।

### (क) अनुसन्धान ढाँचा

प्रेस काउन्सिल नेपालको अध्ययन गर्दा अध्ययनका विभिन्न ढाँचाहरूमध्ये मूलतयाः वर्णनात्मक अनुसन्धान ढाँचालाई अनुसरण गरिएको छ । साथै अन्वेषणात्मक अनुसन्धान ढाँचाको पनि सहयोग लिइएको छ ।

### (ख) अध्ययन क्षेत्रको छनोट

यस अनुसन्धानको क्षेत्र राजधानीमा अवस्थित प्रेस काउन्सिल नेपाल र राजधानीमै कार्यरत पत्रकार एवं सञ्चार गृहहरूलाई उद्देश्यमूलक अध्ययन क्षेत्रको रूपमा छनोट गरिएको छ । प्रभावकारी रुपमा पत्रकार आचारसंहिताको निर्क्यौल निकाल्न समेत यी क्षेत्रलाई अनुसन्धानको अध्ययन क्षेत्र तोकिएको हो । राजधानीलाई छनोट क्षेत्रमा निर्धारण गर्नुमा अध्ययनका आफ्नै वाध्यता र महत्व छन् । राजधानीमा सबै किसिमका पत्रपत्रिकाहरू प्रकाशित हुन्छन् जसलाई मोफसलबाट प्रकाशित हुने पत्रपत्रिकाको स्तरियतासँग दाँजेर पनि हेर्न सकिने अवस्था रहेको छ । अर्कोतर्फ मोफसलमा प्रकाशित हुने पत्रपत्रिकाहरूको अध्ययन गर्दा शोधकर्ताको साधन र स्रोतको कमीले गर्दा पनि मोफसलको पत्रकार आचारसंहिता र प्रेस काउन्सिलको भूमिका वा प्रभावकारीताका बारेमा अध्ययन गर्न नसकिएको हो ।

प्रेस काउन्सिल नेपालको पत्रकार आचारसंहिताको अनुगमन र सुपरीवेक्षण कार्य राजधानी बाहिर त्यति प्रभावकारी नदेखिएकोले सही र वास्तविक तथ्याङ्क प्रस्तुत गर्न राजधानीलाई केन्द्रविन्दु बनाइएको हो

। प्रेस काउन्सिल नेपालका शाखा कार्यालयहरू र पत्रकार आचारसंहिता अनुगमन गर्ने प्रभावकारी संयन्त्र मोफसलमा नभएर पनि राजधानीलाई केन्द्रबिन्दु बनाइएको हो । साथै काउन्सिलको पत्रकार आचारसंहिताको अनुगमन प्रकृया मुलुकभर प्रायः एकै किसिमको सिद्धान्तबाट परिचालित हुने भएकोले मोफसललाई पनि यसै क्षेत्रको अध्ययनबाट समेट्ने आशा र विश्वास गरिएको छ ।

## (ग) तथ्यांक संकलन विधि

शोधपत्र अध्ययनमा तथ्याङ्क संकलन विधिको महत्वपूर्ण भूमिका हुन्छ । अध्ययनको आशातीत परिणाम पनि तथ्याङ्क संकलन प्रविधि मै निर्भर रहन्छ । गुणात्मक एवं संख्यात्मक तथ्याङ्कहरूको माध्यमबाट नै अनुसन्धान उपलब्धिमूलक हुने हुँदा प्रेस काउन्सिल नेपाल, सञ्चारविद् र जनसर्वसाधारणहरूसँग सामिप्यता एवं विश्वास बढाई अध्ययनको निष्कर्ष निकाल्ने प्रयास गरिएको छ ।

यो शोधमा तथ्याङ्कहरूलाई दुई किसिमबाट सम्प्रेषित गरिएको छ :

(१) प्राथमिक श्रोतबाट लिइएका तथ्याङ्कहरू र
(२) द्वितीय श्रोतबाट लिइएका तथ्याङ्कहरू

## (१) प्राथमिक श्रोतबाट लिइएका तथ्याङ्कहरू

प्राथमिक श्रोतबाट लिइने तथ्याङ्कहरू बढी वैज्ञानिक एवं विश्वसनीय हुने हुँदा अनुसन्धान कार्यमा यसको महन्वपूर्ण स्थान हुन्छ । यसैले प्रस्तुत शोधपत्रमा प्राथमिक श्रोतलाई विशेष जोड दिइएको छ । अवलोकन, अर्न्तवार्ता, प्रश्नावली जस्ता माध्यमहरुद्वारा प्राथमिक श्रोतका तथ्याङ्कहरू संकलन गरिएका छन् । ती तथ्याङ्कहरू स्थलगत सर्वेक्षणमा आधारित भएकाले आमसञ्चारका माध्यम, व्यक्ति र संस्थाहरूको काउन्सिलप्रतिको धारणा बुझ्न मद्दत पुगेको छ । प्राथमिक श्रोत अर्न्तगत तथ्याङ्क संकलन गर्दा निम्नानुसार अनुसन्धान विधिलाई अवलम्वन गरिएको छ :

## क. नमूना छनोट

राजधानीमा केन्द्रित अध्ययन भएकोले वरिष्ठ पत्रकार, आमसंचार संस्थाका सम्पादक एवं प्रकाशक र पाठकहरूलाई मूख्य सूचनादाताको रुपमा लिई आवश्यकतानुसार तयार पारिएको प्रश्नावली र

चेकलिष्टको आधारमा प्रश्नहरू सोधी परिमाणात्मक एवं गुणात्मक तथ्याङ्कहरू संकलन गरिएको छ । यी सूचनादाताहरूलाई पनि उद्देश्यमूलक नमूना छनोटको रुपमा लिइएको छ । प्रश्न सोध्ने क्रममा अनिर्मित प्रश्नहरूसमेत उत्तरदाताहरूलाई सोधी तथ्याङ्कमा समेटिएको छ ।

### ख. अवलोकन

यो विधि सञ्चार क्षेत्रको विकास, अवस्था र काउन्सिलको उत्तरदायित्वलाई बुझ्नका लागि अपनाइएको हो । यस शोधमा सहभागी/असहभागीको अवलोकन पद्धतिलाई अपनाई तथ्याङ्कको संकलन गरिएकोले काउन्सिलको महत्व र भूमिकालाई सुक्ष्मतम् रूपमा बुझ्न लामो समयसम्म अध्ययन क्षेत्रमा बिताउनु परेको थियो ।

### ग. प्रश्नावली

तथ्याङ्क संकलनमा प्रश्नावली प्रणालीको माध्यमबाट सरल किसिमले संकलन गरिएको छ । यस माध्यमबाट निर्मित/अनिर्मित प्रश्नावलीहरू प्रयोग गरी शोधकर्तालाई आवश्यक पर्ने तथ्याङ्कहरू संकलन गरियो । शोधकर्ताद्वारा आफैले प्रश्नावली उत्तरदातासमक्ष पुऱ्याइयो । प्रश्नावलीको माध्यमद्वारा प्रेस काउन्सिल नेपालको वर्तमान संगठनात्मक स्वरूप, भूमिका, पत्रकार आचारसंहिता तथा पत्रकारिताको विकासमा काउन्सिलले खेलेको भूमिकाका बारेमा समेत तथ्याङ्क संकलन गरिएको छ । साथै अनिर्मित प्रश्नावलीद्वारा पनि काउन्सिलको वस्तुस्थिति एवं कार्यपद्धति, सञ्चार माध्यम एवं पाठकहरूले काउन्सिलप्रति राख्ने धारणा र सञ्चार माध्यमहरूप्रति सरकारको धारणा जस्ता विषयवस्तुहरूप्रति तथ्य बुझिएको छ ।

### घ. अर्न्तवार्ता

अर्न्तवार्ता माध्यमद्वारा प्रभावकारी रूपमा सूचनाकर्ताबाट तथ्याङ्क संकलन गरिएको छ । यसमा पनि निर्मित एवं अनिर्मित दुबै खाले प्रश्नहरूको प्रयोग गरिएको छ । अर्न्तवार्ताको क्रममा पहिले तयार गरिएको चेकलिष्टको आधारमा प्रश्न सोधी समष्टिगत स्वरूपमा तथ्याङ्क संकलन गरिएको छ । अर्न्तवार्ता दिने मुख्य सूचनाकर्ता व्यक्तिहरूसँग पूर्व सूचना र समय प्राप्त गरेर समग्र काउन्सिलको बारेमा प्रश्नहरू सोधी तथ्याङ्क संकलन गरिएको थियो ।

### (२) द्वितीय श्रोतबाट तथ्यांक संकलन

तथ्याङ्क संकलनमा द्वितीय श्रोतको पनि कम महत्वपूर्ण भूमिका हुँदैन । यस विधिमा संचारविद् एवं प्रेस काउन्सिल नेपालद्वारा प्रकाशित पुस्तक, विभिन्न सञ्चार माध्यमहरूमा प्रकाशित प्रेस काउन्सिल र पत्रकार आचारसंहितासँग सम्बन्धित लेख, रचना एवं कार्यपत्रहरूको सहायता लिइएको छ । यी तथ्याङ्कहरू काउन्सिलको सचिवालयमा अवस्थित पुस्तकालय, रत्नराज्य लक्ष्मी क्याम्पसको पुस्तकालय, त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय, मदन पुस्तकालय, केशर पुस्तकालय र आमसञ्चार माध्यमका विभिन्न कार्यालयहरूमा संकलित पत्रपत्रिकाहरूको सहायताबाट संकलित गरिएको छ । शोधपत्रका लागि उपयोगमा ल्याइएका सन्दर्भ सामग्रीहरूको नाम यो शोधपत्रको अन्त्यमा सन्दर्भ सामग्रीमा अंकित गरिएको छ ।

## ७. तथ्यांकको विश्लेषण एवं प्रस्तुतिकरण

अध्ययन एवं अनुसन्धानको सफलता संकलन गरिएका तथ्याङ्कहरूको प्रभावकारी विश्लेषण तथा प्रस्तुतिकरणमा निर्भर हुन्छ । तथ्याङ्क संकलनको क्रममा गरिएका प्राथमिक तथा द्वितीयक स्रोतहरूको आधारमा संकलन गरिएका तथ्याङ्कहरूको प्रकृति अनुसार वर्गीकरण गरिएको छ । यसरी वर्गीकृत तथ्याङ्कहरूलाई बढी मात्रमा व्याख्यात्मक रुपमा विश्लेषण गरिएको छ । गुणात्मक प्रकृतिका सूचनाहरूलाई आवश्यकतानुसार व्याख्या एवं विश्लेषण गरी तथ्यपरक बनाइएको छ । परिणात्मक प्रकृतिका तथ्याङ्कहरूलाई आवश्यकतानुसार टेबुल चार्ट र ग्राफ बनाई सूचनालाई तुलनात्मक बनाउन सांख्यिकीय विधिको प्रयोग गरिएको छ ।

संकलित तथ्याङ्कहरू परिमाणात्मक र गुणात्मकतामा आधारित भएकाले अध्ययनको प्रमाणिकता र औचित्य प्रष्टिन्छ । परिमाणात्मक प्रकृतिका तथ्याङ्कहरू स्थलगत सर्वेक्षणबाट संकलित गरिएका हुन् । अन्य गुणात्मक प्रकृतिका तथ्याङ्कहरू सूचनादाताहरूको सामूहिक छलफलबाट पनि लिइएको हो ।

## ८. अध्ययनको सीमा

प्रत्येक अध्ययन अनुसन्धानको आफ्नै सीमा र परिधि हुने भएकाले यही सीमाको आधारमा अध्ययनलाई सीमावद्ध गर्नुपर्ने आवश्यकता हुन्छ । अध्ययन एवं अनुसन्धानको कार्य त्यति सरल, सहज र सुलभ हुँदैन । अनुसन्धानमूलक कार्य भने कै निश्चित अवधि, स्थान, उद्देश्य र विषयमा गरिने कार्य भएकोले यसबाट प्राप्त परिणाम र व्याख्या पनि त्यही अवस्थामा मात्रै सामान्यीकरण हुन्छ । यस्तो कार्य सम्पादनबाट प्राप्त हुने परिणाम पनि सोही अनुरूप हुन्छ । प्रस्तुत शोधका पनि आफ्नै सीमाहरू छन् :

(१) अध्ययन क्षेत्र राजधानीमा सीमित रहेर प्रेस काउन्सिल नेपालको अध्ययन गरिएकोले यसबाट प्राप्त निष्कर्षहरू अन्य क्षेत्र र परिवेशहरूमा मेल नखान सक्दछन् । केही समय पश्चात् त्यसमा परिवर्तन हुन सक्ने हुँदा यो अध्ययन अनुरूप लागू नहुन सक्दछन् ।

(२) यो अध्ययन छोटो अवधिमा गरिएको हुनाले प्राप्त गर्नुपर्ने सबै तथ्याङ्कहरू प्राप्त गर्न पर्याप्त समय प्राप्त नभएको हुँदा प्रत्यक्ष अवलोकन गरी सबै विषयवस्तुहरुको तथ्याङ्क संकलन गर्न असम्भव भएकाले तथ्यहरू पर्याप्त नहुन सक्दछन् ।

(३) यो अध्ययन सिमीत खर्च, श्रोत तथा साधनभित्र रहेर तयार गर्नुपर्ने भएकोले अध्ययनका निमित्त चाहिने तथ्याङ्क सकेसम्म विस्तृत र विश्लेषणात्मक रूपले बनाउने कोशिश गरिएको छ ।

(४) पत्रकार आचारसंहिताको अनुगमनका लागि प्रस्तुत अध्ययनमा काठमाडौंबाट प्रकाशित हुने सात वटा साप्ताहिक पत्रिकाहरू *"विमर्श, जनआस्था, साँघु, देशान्तर, नेपाल, नेपालीपत्र, दृष्टि"* लाई छनोट गरिएको छ । यी साप्ताहिक पत्रिकाहरूमा संप्रेषित सामग्रीहरूको अध्ययन एवं अनुसन्धान गरी पत्रकार आचारसंहिता सम्बन्धी कार्यहरूलाई विश्लेषणात्मक बनाइएको छ । वि.सं. २०६२ साल कार्तिक, मंसिर, पुस र माघ महिनामा प्रकाशित भएका यी पत्रिकाका सामग्रीहरूलाई लिएर आचारसंहिता सम्बन्धी अर्न्तवस्तुको विश्लेषणात्मक तरिका अपनाइएको छ । यसैका आधारमा नेपालमा पत्रकार आचारसंहिताको अवस्थालाई चित्रण गरी कार्यान्वयन पक्षलाई दाँज्ने कोशिश गरिएको छ ।

(५) सञ्चार क्षेत्रमा संलग्न पत्रकार, सम्पादक, प्रकाशक, पाठक, नेपाल पत्रकार महासंघ र काउन्सिलका प्रतिनिधि गरी कुल ७५ जना महानुभावहरूलाई लिखित रूपमा काउन्सिल सम्बन्धी विभिन्न प्रश्नावली सोधिएको थियो । यसैगरी भाषाविद्, प्राध्यापकहरूसँग पनि अर्न्तवार्ता लिइएको थियो । यो अध्ययनले प्रेस काउन्सिल नेपालले नेपाली पत्रकारिताको विकासमा निर्वाह गरेको भूमिका र पत्रकार आचारसंहिताको वर्तमान स्थिति बुझ्न सकिने अपेक्षा गरिएको छ ।

# परिच्छेद–२

## १. सान्दर्भिक साहित्यको सिंहावलोकन

शोधपत्र तयार गर्दा विषयगत सन्दर्भ सामग्रीहरूको अध्ययन एवं अनुसन्धान गरी विस्तृत जानकारी हासिल गर्न जरुरी हुन्छ । सञ्चार क्षेत्र अत्यन्तै विशाल एवं संवेदनशील भएता पनि प्रेस काउन्सिल नेपालको बारेमा विस्तृत खोजको कमी भएकोले यस सम्बन्धी लेखिएका पुस्तक एवं गहन अध्ययन खासै पाइदैंनन् । तर पनि यस शोधपत्रमा केही विद्धानवर्ग, सञ्चारविद्हरूद्वारा लेखिएका काउन्सिलसँग सम्बन्धित पुस्तक, कार्यपत्र र पत्रपत्रिकाहरूमा प्रकाशित लेखहरूको आधारलाई उल्लेख गरिएको छ । साथै पत्रकार आचारसंहिता सम्बन्धी कार्यलाई यथाशक्य तुलनात्मक रूपमा अन्य देशसँगको प्रयोगलाई समेत दाँजेर निरूपण गर्ने कोशिश गरिएको छ ।

## २. पूर्व कार्यको समीक्षा

प्रेस काउन्सिलको मूल कार्य पत्रकार आचारसंहिताको निर्धारण र मूल्यांकन एवं अनुगमन गर्नु हो । पत्रकारहरूले नैतिक चरित्र कायम गर्दा नै समाजमा सुसम्बन्ध कायम गर्न सकिन्छ । नेपालमा पत्रकार आचारसंहिताहरूको पटकपटक संशोधन तथा पुर्नलेखन भएता पनि प्रभावकारी रुपमा लागू हुन नसकेको यथार्थता छ । नेपालका सञ्चार माध्यमहरूद्वारा सम्प्रेषित सामग्रीहरूको मूल्यांकन गर्दा पत्रकार आचारसंहिताको उल्लंघन भएको दैनिक रूपमा देख्न सकिन्छ ।

पत्रकारले प्रेसलाई मर्यादित बनाउने र प्रेस स्वतन्त्रतालाई सर्वोच्च स्थानमा समाहित गरी समाजप्रति बहन गर्नुपर्ने नैतिक दायित्वलाई एकत्रित गर्नेतर्फ विशेष पहल, सजगता र सावधानी अपनाउन जोड गर्नुपर्दछ । आफ्नो अधिकारको प्रयोग गर्दा संयम र आत्मानुशासन पालना गर्ने नैतिक आचरणको व्यवस्था गरेको देखिन्छ । वास्तवमा प्रेस काउन्सिल नेपालको कार्य अदालतको जस्तो भएकाले यस कार्यलाई सम्मानीत अदालतको स्वरूपको रूपमा हेर्ने गरेको पाइन्छ ।

पत्रकार आचारसंहिताले प्रेस स्वतन्त्रताको रक्षाका लागि जवाफदेहिता तथा सुसूचित हुने अधिकार महत्वपूर्ण रूपमा लिएको देखिन्छ । तर सम्पूर्ण पत्रकारहरूले पत्रकारिताको मूल्य एवं मान्यतालाई बुझेर उत्तरदायित्व बहन गर्नुपर्दछ । पत्रकारहरूले सतही रूपमा नबगी गहिराईसम्म पुगेर जवाफदेहीपूर्ण तवरबाट पत्रकारिता गर्न सक्नुपर्दछ । तर नेपालमा पत्रकारिताको धार व्यक्तिवादी एवं पार्टीवादी चरित्रबाट

प्रभावित रहेको छ । यसर्थ पत्रकारिताको समुचित उत्थान एवं विकास र सही निर्देशनका लागि प्रेस काउन्सिल नेपालले सेतुको रूपमा काम गर्न सक्नुपर्छ । काउन्सिल अत्यन्तै संवेदनशील निकाय भएकाले पत्रकारहरूलाई सही मार्गदर्शनका लागि अभिभावकको भूमिका निर्वाह गर्नुपर्दछ ।

"नेपालमा प्रजातन्त्रको पुनर्स्थापन भएपश्चात् नेपालको संविधानले वाक् तथा प्रकाशन स्वतन्त्रताको प्रत्याभूति प्रदान गरेको छ । साथै तदनुरूपका ऐनहरू निर्माण भएकाले देशमा संचारका माध्यममा अभूतपूर्व विकास भएको पाइन्छ । आचारसंहिताको प्रभावकारी संयन्त्रको कार्यान्वयनका अभावसँगै निजी क्षेत्रमा पत्रपत्रिका, एफएम, रेडियो तथा टेलिभिजन स्टेशनसँगै खुल्दै गएका र तिनका प्रभाव समाजमा बढ्दै गएको पाइन्छ । तथापि प्रेस स्वच्छन्दता र लोकतन्त्र अराजकतामा परिणत हुन थालेका गुनासाहरू बढ्न थालेको वास्तविकताप्रति कसैको ध्यान छिपेको छैन । पत्रकार आचारसंहिताको पालनामा देखिएको शिथिलता र त्यसको अनुगमन भई सुधारका प्रयासहरूले त्यो अवस्था सृजना भएको हो । त्यसैले त्यो अपवादबाट नेपाली संचारका माध्यमहरूलाई जोगाउन र मर्यादित पत्रकारितामा विकास गर्न संचार माध्यम र प्रेस काउन्सिल नेपालको पारस्परिक सहयोग बढाउन आवश्यक मात्र होइन, अपरिहार्य भएको छ ।"[2]

"समाजले आचारसंहिता उल्लंघनको नाममा निर्वाध वेग रोक्नु हुँदैन । यसका निम्ति सूचनाको सन्तुलित, समन्वय र अभिव्यक्ति स्वतन्त्रताको जगेर्ना गर्नु जरूरी छ । आवश्यक आरोप प्रत्यारोपभन्दा प्रतिस्पर्धात्मक सञ्चारतर्फ जोड दिनुपर्दछ । सूचनामा अस्वस्थकर प्रतिस्पर्धाले वैमनस्य र मनोमालिन्य मात्र बढाउँछ । स्वतन्त्रता स्वच्छन्दताको परिपूरक हुन सक्दैन । यस्तो कार्यबाट लोककल्याणकारी राज्यको परिकल्पना साकार हुन सक्दैन । आचारसंहिताको सफल कार्यान्वयन गर्नका निम्ति स्वार्थजनित राजनीतिक समूहभन्दा पनि व्यावसायिक रूपले वस्तुनिष्ठभई कर्तव्यप्रति अग्रसर हुनुपर्दछ । पत्रकारले सामग्री संप्रेषण चरित्रहत्या, गालीगलौज र लापरवाहीबाट
अलग्गिनु पर्दछ । श्रमजीवी पत्रकारको ऐन कार्यान्वयन हुने अवधारणाले जीविकोपार्जनको माध्यम तथा पेसामा तल्लीन हुने अवस्थामा नै व्यावसायिक दक्षता अभिवृद्धि गर्न मद्दत पुऱ्याउँछ । अन्ततः जति बढी मात्रामा पत्रकारिता पेसाप्रति शिक्षित तथा दक्ष पत्रकारको संलग्नता कायम हुन्छ, उति नै मर्यादित बहुपक्षीय र वस्तुनिष्ठ दृष्टिकोण अपनाउन मद्दत पुग्दछ ।"[3]

"समाचारलाई विज्ञापनको रूपमा प्रस्तुत गर्नु हुँदैन भन्ने पत्रकार आचारसंहितामा उल्लेख भएता पनि प्रलोभनमा बजारमा आउने उत्पादनलाई समाचारको रुपमा प्रकाशित र प्रसारित गर्ने कार्य गरेको

[२] *राजेन्द्र दाहाल, अध्यक्ष, प्रेस काउन्सिल नेपाल, ३१ औं वार्षिक प्रतिवेदनबाट*
[३] प्रबलराज पोखरेल, राजधानी दैनिक, जेठ २०६३

भेटिन्छ । पत्रकारले व्यक्तिको चरित्रहत्या गर्ने, अश्लिल उत्तेजक फोटो छाप्नु हुँदैन भनेता पनि चरित्रहत्याका उदाहरणहरू नेपाली सञ्चार जगतमा धेरै मात्रामा सुन्न र पढ्न पाइन्छ । अर्कोतर्फ हामी कहाँ महिलाको फोटो नछापी पत्रपत्रिका बिक्री हुँदैन भन्ने एक किसिमको मानसिकता बनेको छ ।"[4]

"लेखन सार्वजनिक अपराध गर्नु, सर्वसाधारण व्यक्तिको बेइज्जति गर्नु वा राष्ट्र सेवकको इज्जतमा धक्का पुऱ्याउनु निजी समाचारपत्र पत्रिकाका लागि सामान्य कुरा भइसकेको पाइन्छ । अश्लील भाषा, भाव आउने शब्दहरूको तथा चित्र प्रयोगबाट सार्वजनिक स्थानमा प्रदर्शन, बिक्रीवितरण हुने समाचार पत्रपत्रिका वा अन्य प्रकाशनद्वारा सर्वसाधारण जनताको सदाचार, नैतिकता र समाजिक मर्यादामा आघात पार्ने समाचारले छुट पाइरहेको देखिन्छ । मासिक, अर्धमासिक, पत्रिकाहरूको त कुरै नगरौं, साप्ताहिक र दैनिक समेतले आफ्नै समाचार स्रोत, संवाददाताबाट लेख्ने गराइ वा विदेशी स्रोतबाट समाचार समितिका सामग्रीहरू प्रकाशन गरी नेपाली समाजले पचाउन सक्ने अभिव्यक्ति गर्ने शब्द र चित्रहरू पत्रपत्रिकाहरूमा छ्यास-छ्यास्ति देख्न पाइन्छ ।"[5]

नेपाली संचार जगतले पत्रकार आचारसंहिताको पालना नै नगरेको आशय होइन । विगत २-३ वर्षको तुलनामा आचारसंहिता पालनामा केही सुधार भएको छ । तर जति हुनुपर्ने हो पत्रकार आचारसंहिताको पालनाको स्वस्थ्य परम्परा बन्न सकेको छैन ।

"आचारसंहिताहरू पालना गर्नु, नगर्नु पत्रकारहरूको स्वेच्छामा भर पर्दछ । यो कानून नहुनाले यसको पालना ऐच्छिक हुन्छ । तर धेरै जसो आचारसंहिता बीच पत्रकारिताका सर्वसम्मत सिद्धान्त र मूल्यबारे धेरै अन्तर पाइन्छ । यी मान्यता र सिद्धान्तहरूलाई केही वाक्यहरूमा छोटकरीमा पनि व्यक्त गर्न सकिन्छ । जस्तो अमेरिकी समाचारपत्र र सम्पादक समाजले गरेको छ ।"[6]

---

[४] *श्रीराम खनाल : प्रयोगात्मक पत्रकारिता*

[५] *बहुलवादी नेपाली समाजमा आमसंचार : त्रिविवि पत्रकारिता विभाग, फेड्रिक इवर्ट स्टिफटुंग*

[६] *गोकुल पोखरेल, पत्रकारिता हाते किताब*

# परिच्छेद–३

## १. विश्वमा प्रेस काउन्सिल

प्रेस काउन्सिलको जन्म समाचारको स्तरवृद्धि गर्ने, स्वच्छ पत्रकारिताको विकास गर्ने र प्रेस स्वतन्त्रताको जगेर्ना गर्ने अभिप्रायले सर्वप्रथम सन् १९१६ मा स्वीडेनमा भएको थियो । तर स्थापना भएको सात वर्षपछि मात्रै प्रेस काउन्सिलले पत्रकारितालाई जिम्मेवार एवं उत्तरदायी बनाउने कार्य प्रारम्भ गरेको देखिन्छ । सन् १९२३ मा पत्रपत्रिकाका सम्पादकहरूको अमेरिकी समाज (American Society of Newspaper Editors) ले जारी गरेको ७ बुँदे पत्रकार आचारसंहिताबाट यसको शुरूआत भएको थियो । यस आचारसंहिता अनुसार जिम्मेवारी प्रेस स्वतन्त्रता, निष्पक्षता, सत्य, तथ्य र शिष्टता प्रकट हुन्थ्यो । धेरै वर्ष पश्चात् प्रेसलाई बढी सम्मानित र व्यवस्थित गराउने प्रयास स्वरूप विश्वका अन्य देशहरूमा समेत प्रेस काउन्सिलको गठन भएको देखिन्छ । सन् १९३६ मा नर्वेमा प्रेस काउन्सिलको गठन भयो भने तत्पश्चात अष्ट्रेलिया र छिमेकी मुलुक भारतमा सन् १९६५ मा प्रेस काउन्सिलको गठन भएको देखिन्छ । यसरी स्वीडेनबाट आरम्भ भएको प्रेस अम्बुड्स्म्यानको अवधारणा पश्चिमी देशहरूमा क्रमशः सविस्तार फैलन पुग्यो ।

सार्क मुलुकहरू जस्तै, नेपाल, भारत, बंगलादेश, पाकिस्तानमा सरकारले नै प्रेस काउन्सिलको गठन गरेको पाइन्छ । तर अधिकांश पश्चिमी मुलुकहरूमा भने पत्रकार, सम्पादक र प्रकाशक आफैंले प्रेस काउन्सिलको गठन गरेका छन् । स्वीडेनमा प्रकाशक र पत्रकारहरूको संयुक्त प्रयासबाट प्रेस काउन्सिल सञ्चालन भइरहेको छ । प्रेस काउन्सिलको गठन प्रकृया देशै पिच्छे फरकफरक रहेको देखिन्छ । कुनै देशमा सरकारको निगरानी वा पहलमा काउन्सिलको गठन हुन्छ भने कुनै देशमा सम्पादक, प्रकाशक एवम् पत्रकार एवं यिनीहरूसँग सम्बन्धित संस्थाहरू सम्मिलित प्रेस काउन्सिलको गठन गर्दछन् ।

भारतमा अध्यक्ष लगायत २९ जना सम्मिलित सदस्य भएको प्रेस काउन्सिलको गठन गर्ने व्यवस्था कायम रहेको छ । लोकसभाका सभामुख, राज्यसभाको अध्यक्ष काउन्सिल र काउन्सिलमा सदस्यहरूबाट निर्वाचित हुने एकजना व्यक्ति रहेको समितिद्वारा प्रेस काउन्सिलको अध्यक्ष मनोनित हुने व्यवस्था गरिएको छ । अध्यक्ष एवं सदस्यहरूको कार्यकाल तीन वर्षको हुने गर्दछ ।

अमेरिकामा प्रेस काउन्सिलको गठन गरिएको छैन । तर संघीय रूपमा राज्यहरुले आ-आफ्नै किसिमबाट प्रेस काउन्सिलको स्थापना गरेका हुन्छन् । सन् १९४७ मा “हचिन्सन कमिसन” ले अमेरिकामा

प्रेस काउन्सिलको गठन गर्नुपर्ने सिफारिस गरेता पनि तत्कालिन पत्रकार एवं प्रकाशकहरूबाट आवश्यक रूचि र पहल नदेखाइएको हुनाले प्रेस काउन्सिलको गठन हुन सकेन । तर, सन् १९७३ मा प्रेस काउन्सिल जस्तै प्रकृतिको "राष्ट्रिय समाचार परिषद" स्थापना गरिएको थियो । हाल अमेरिकामा "नेशनल न्यूज काउन्सिल" (National News Council) ले प्रेसमा उत्पन्न भएका विकृति, विसंगति साथै जनताका गुनासा एवं उजुरीहरू सुन्ने गर्दछ । उता फ्रान्समा पनि प्रेस काउन्सिल नेपाल जस्तो कुनै निकाय नभएकाले स्वेच्छिक नियन्त्रणको कुनै व्यवस्था भएको देखिदैन ।

बेलायतमा सन् १९५३ "जनरल काउन्सिल अफ प्रेस" (General Council of Press) को नामबाट स्थापित संस्था सन् १९६३ मा प्रेस काउन्सिलको रूपमा परिणत भयो । बेलायतमा स्वच्छ पत्रकारिताको निम्ति प्रेसको स्वरूपलाई उच्चतम् पेशागत र व्यापारिक मापदण्ड कायम गर्ने उद्देश्यले प्रेस काउन्सिलको स्थापना हुने सिद्धान्तलाई स्वीकार गरिएको छ । बेलायतमा 'प्रेस काउन्सिल ऐन, १९६३' ले पेशासँग सम्बन्ध नभएका स्वतन्त्र व्यक्तिलाई पनि काउन्सिलको अध्यक्ष हुने व्यवस्था गरेको देखिन्छ । प्रकाशक संघ, पत्रिका समाज, पत्रकार संघ जस्ता सञ्चारसँग सम्वन्धित क्षेत्रहरूबाट प्रतिनिधित्व हुने गरी १८ जना सदस्य मनोनित गरिने तथा सार्वजनिक व्यक्तिहरूबाट मतको आधारमा चुनिएर आउने १८ जनासमेतको संयुक्त प्रेस काउन्सिलको संगठनात्मक स्वरूप कायम गरिएको छ ।

जापान, बेल्जियम जस्ता देशहरुमा प्रेस काउन्सिल जस्तो संस्था स्थापना नभएता पनि सम्पादक, संवाददाता र प्रकाशकका संयुक्त संस्थाहरूले प्रेस काउन्सिलको कार्य गर्दछन् । ती संस्थाहरूले पत्रकार आचारसंहिता परिचालन गराउँदै आइरहेका छन् ।

'अष्ट्रेलियामा, अष्ट्रेलियन पत्रकारको विविध संस्था क्रमशः अष्ट्रेलियन पत्रकारिताको संस्था, अष्ट्रेलियन तथा एशोसिएसन राष्ट्र प्रेस, अष्ट्रेलियन प्रमुख प्रकाशक (Australian Journalist Associaton, Australian Association Country Press, Australian Major Publisher) जस्ता स्वतस्फूर्त निकायहरूले प्रेस काउन्सिलको कार्य गरिरहेका छन् । अष्ट्रेलियाको प्रेस काउन्सिलमा एकजना अध्यक्ष, दश जना समाचार संस्थाका प्रतिनिधि, दुईजना पत्रकार, सदस्यहरूको समूहबाट एकजना र सात जना सार्वजनिक सदस्यहरू रहेका हुन्छन् भने बीस जना वैकल्पिक सदस्यहरू रहने व्यवस्था छ ।'[7]

## २. पत्रकार आचारसंहिता

[7] *sfzL/fh bfxfn M cfd;~rf/ / sfg"g*

पत्रकारिता तथा आमसञ्चारको क्षेत्रमा सदैव नैतिकताको प्रश्न उब्जिरहन्छ । पत्रकारितामा कुन कुरा छाप्ने र कुन कुरा नछाप्ने, कुन चिज प्रसारण गर्ने र कुन नगर्ने निर्धारण गर्न जरूरी हुन्छ । कहिले काँही कानूनले स्पष्ट धारणा प्रकट नगरेको अवस्थामा आमसञ्चार माध्यमका जिम्मेवार व्यक्तिले निर्णय गर्दछ । यस्तो निर्णय नीतिपरक वा नैतिकतामा आधारित हुने गर्दछ । यसैगरी सम्पादकलाई प्रेससँग सम्बन्धित विभिन्न निकायहरूद्वारा घोषित पत्रकार आचारसंहिताले पनि निर्देशन गर्दछ ।

## ३. विश्वमा पत्रकार आचारसंहिता

विश्वका केही मुलुकहरूमा पत्रकार आचारसंहिता लागू भएको पाइन्छ । भारतमा प्रेस काउन्सिलले पत्रकार आचारसंहिताको निर्माण आफै नगरी केवल निर्माण गर्दा ध्यानमा राख्नु पर्ने सैद्धान्तिक बुँदाहरु मात्र तयार गरेको छ । तदनुरूप छापा माध्यमका पत्रकारहरूका लागि सम्पादक समाजले आचारसंहिता बनाएको छ । विद्युतीय माध्यमका लागि रेडियो तथा टेलिभिजन प्रसारण संस्थाहरूले आ-आफ्नै किसिमले गरिएका प्रयोगका विज्ञापन केन्द्रित आचारसंहिताहरू निर्माण गरेका छन् ।

‘सन् १९२० को दशकमा ‘पाश्चात्य मुलुकको पत्रकारिता अभ्यासलाई नैतिक मार्गदर्शन प्रदान गर्न प्रारम्भिक रुपमा आचारसंहिताहरू घोषित हुन थालेको थियो । सन् १९२३ मा अमेरिकन अखबारी सम्पादक समाजले पत्रकारिताको धर्म (Canon of Journalism) अंगीकृत गरेपछि लिखित आचारसंहिता घोषित रुपमा देखापर्न थालेको हो ।’[8]

पाश्चात्य मुलुकहरूमा आमसंचारको विकासका लागि तिनलाई व्यवस्थित गर्न धेरै पहिलादेखि नै आचारसंहिताको निर्माण भयो । तर विकासोन्मुख मुलुकहरूमा यसको थालनी धेरै पछि मात्र भयो । पाश्चात्य मुलुकहरूमा पत्रकारहरुले आफूखुशी आचारसंहिता तयार गरी आत्मनिर्देशनका प्रयास गरिरहेका छन् भने दक्षिण एशियाली मुलुकहरूमा प्रेस काउन्सिल र यसबाट घोषणा हुने आचारसंहितामा सरकारी दवाब र प्रभाव अपेक्षाकृत केही रूपमा विस्तार गरेको   देखिन्छ ।

भारतमा सन् १९४४ मा प्रेस काउन्सिलद्वारा केही निर्देशक बुँदाहरू जारी गरिएको थियो । यसलाई आधार मान्दै यहाँका संचारमाध्यमहरू निर्देशित छन् । यसैगरी सन् १९५३ मा अखिल भारतीय समाचारपत्र सम्पादक सम्मेलनको स्थायी समितिले १५ सूत्रीय आचारसंहिता घोषणा गरेको थियो । यस्तै, सन् १९७५

---

8 *nfn b]p;f /fO{, cfd;~rf/df g}ltstfsf] k|Zg, sfo{kq*

मा आपतकालिन स्थितिको घोषणा हुँदा कैयन समाचारपत्रमाथि प्रतिबन्ध लगाइयो । यसबखत समाचारपत्र सम्पादक सम्मेलनको आयोजना भयो । यसले १४ सूत्रीय आचारसंहिताको घोषणा गऱ्यो । उक्त घोषणापत्रमा भनिएको छ :

१. आफ्नो कर्तव्य निर्वाह गर्दा पत्रकारले मूलभूत रुपमा मानवीय एवं सामाजिक अधिकारबारे ध्यान राख्दछन् तथा समाचारको प्रस्तुतिकरण एवं विचारको अभिव्यक्ति दिँदा सद्भावना तथा न्यायपरायणतालाई आफ्नो व्यावहारिक उत्तरदायित्व सम्झन्छन् ।

२. पत्रकार र समाचारपत्रले राज्य एवं जनताको त्यस्तो गतिविधि माथि प्रोत्साहित गर्दछ, जसबाट राष्ट्रिय एकताको सुदृढीकरण, अखण्डता साथै आर्थिक र सामाजिक प्रगतिलाई बल पुऱ्याउँदछ ।

३. जुन कुराबाट नागरिकमा उथलपुथल, विद्रोह र हिंसाको संभावना हुन्छ, त्यस्तो कुरालाई पत्रिकामा स्थान दिनुहुँदैन ।

४. पत्रिकामा प्रकाशित हुने हरेक सामग्री तथ्यमा आधारित हुनुपर्दछ र कुनै पनि तथ्यलाई तोडमोड गर्नुहुँदैन ।

५. समाचारपत्रमा उत्तेजना पैदा गर्ने र अर्थको अनर्थ लाग्ने काल्पनिक समाचारलाई स्थान दिनुहुँदैन ।

६. व्यावसायिक गोपनियताको रक्षा गर्नुपर्दछ ।

७. पत्रकारको आफ्नो पद र प्रतिष्ठाको उपयोग गैरपत्रकार प्रयोजनका लागि वा गैरपत्रकार उद्देश्यको लागि गर्नुहुँदैन ।

८. पत्रकारले आर्थिक प्रलोभनमा परेर कुनै पनि समाचार वा टिप्पणी प्रकाशन गर्नुहुँदैन ।

९. पत्रकार र समाचारपत्रले कुनै वादविवाद नगरी लोकहितको काम गर्नुपर्दछ ।

१०. पत्रकार र समाचारपत्रले अफवाह वा व्यक्तिको जीवनसँग सम्बन्धित संदिग्ध समाचार प्रकाशन गर्नुहुँदैन ।

११. समाचारपत्रमा विज्ञापनको रूपमा पनि अश्लील सामग्री (जसबाट दुष्कर्म, अपराध या गैरकानूनी गतिविधिमा वृद्धि हुन्छ) लाई प्रकाशन गर्नुहुँदैन ।

१२. पत्रकार एवं समाचारपत्रबाट लोकतन्त्र, धर्म निरपेक्षता र समाजवादको राष्ट्रिय उद्देश्यलाई बढावा दिनुपर्दछ ।

१३. पत्रिकामा कुनै जाति, सम्प्रदाय, धर्म, क्षेत्रीय वा भाषिक गुटबाट सम्बन्धित दंगाका समाचार प्रकाशित गर्नुहुँदैन ।

१४. देशको प्रभुसत्ता तथा अखण्डता, सुरक्षा अथवा वैदेशिक सम्बन्धमा आघात पुग्ने गरी कुनै पनि सूचना वा टिप्पणी प्रकाशित गर्नुहुँदैन ।

श्रीलंकामा प्रेस काउन्सिलले ११ बुँदे आचारसंहिता तयार गरी संसदबाट सन् १९८१ मा अनुमोदन गरिएको छ । यसका केही बुँदाहरूलाई तल चित्रण गरिएको छ :

Every journalist shall

- ascertain prior to publication the veracity of the contents of any article written by him.
- refrain from reporting any matter which you know to be false or inaccurate.
- refrain from distorting the truth by any act or communication or wilful omission.
- observe secrecy regarding any source of information.
- shall respect the reputation of an individual and refrain from reporting any information or comment regarding an individual's private life.
- shall not name victims of sex crimes, or name any young person accused of a criminal offence who is below the age of 18, or name any person as being relative of a person accused or convicted of a crime.
- shall not report any matter that is obscene, that is designed to promote sadism, violence.
- shall not report any matter for the purpose of promoting commercial or religious discord or violance.
- shall safeguard the dignity of his profession, shall not accept any bribe in money, kind or service.

पाकिस्तानमा सन् १९६५ मा पाकिस्तानी पत्रपत्रिका सम्पादकीय परिषद (Council of Pakistan Newspapers Editors) ले सरकारबाट अनुमोदन गराई १४ बुँदे प्रेसको आचारसंहिता (Press Code Ethics) जारी गराएको थियो । यसले पहिचान गरेका नैतिक मूल्य, मान्यता र मापदण्डलाई अरू दक्षिण एसियाली मुलुकका आचारसंहितासँग तुलना गर्न सकिन्छ । तर 'राज्यको सुरक्षा र ऐक्यवद्धतामा खलल पार्ने किसिमका समाचारहरू वा टिप्पणी, फोटोहरू र विज्ञापनहरू प्रकाशित गर्न पाइदैन' (The press shall not publish news or comment, photographs or advertisements which may undermine the security of the state or solidarity of the nation and its ideology) भन्ने जस्ता बुँदाहरू पनि संहितामा प्रष्ट अंकित गरिएकाले अन्य मुलुकका पत्रकार आचारसंहिता भन्दा यो पृथक रहेको देखिन्छ ।

बंगलादेशमा २१ बुँदे आचारसंहिता जारी गरिएको छ । यो आचारसंहिता अन्य दक्षिण एसियाली मुलुकहरूका पत्रकार आचारसंहितासँग मिल्दोजुल्दो नै छ । तर यो संहिताबाट मार्गनिर्देशित भएर नै

बंगलादेशी पत्रकारहरूले विरलै पत्रकारिताको अभ्यास गर्न पट्टी अभ्यस्त छन् । उनीहरू कानूनी पत्रकारिताको अभ्यास गरिरहेका छन् । उनीहरू कानूनी राज्य व्यवस्था अन्तर्गत रहेर पत्रकारिताका समस्याहरू छिनोफानो गर्ने पक्षमा छन् ।

अन्य एसियाली मुलुकहरूका सांस्कृतिक परम्परा, सामाजिक मूल्य र मान्यताहरू पनि दक्षिण एशियाली मुलुकहरू भन्दा त्यति फरक छैनन् । यी मुलुकहरुका आचारसंहिताहरूको मुलभूत सिद्धान्त धर्म वा धम्ब र अहिंसाका अवधारणाहरूबाट प्रभावित भएका छन् । राजनीतिक व्यवस्थाको विशेषताका कारण पनि एशियाली मुलुकहरूका पत्रकार आचारसंहिताहरू केही फरक पाइन्छन् । जस्तै, चीनको समाजवादी पत्रकारिता आचारसंहिताका केही बुँदा यस प्रकारका छन् : 'Being loyal to the country and communism and faithfully propagating and carrying out the party's principles of policies'. 'Truthfully and comprehensively reporting news events, using the philosophy of dialectical materialism when analyzing and reporting the objective facts.' (A Handbook of Journalists)

चीनियाँ पत्रकार आचारसंहिताको अर्को पाटो ताइवानमा समेत पाइन्छ । ताइवानको आधुनिक संस्कृतिलाई पाश्चात्य मुलुकको प्रजातन्त्रको अवधारणाले प्रभावित गरेको छ ।

इस्लामिक धर्मावलम्बी मुलुकहरूमा नैतिकता सम्बन्धी सोच विचार र अभ्यास सामान्यतया दुई भिन्न तर प्रमुख पक्षमा आधारित छन् । हमिद मौलाना (Hamid Moulana) का शब्दमा ती पक्षहरू हुन् :

- Normative religious ethics as explained in the primary source of Islam, the Quran and tradition of the Prophet and the Imams.
- Normative secular ethics, ranging from the Greek tradition of popular Platonism, to the Persian tradition of giving advice to Sultans and Wajirs about government and politics, to the more contemporary ethical framework introduced by the West.

त्यस्तै, सन् १९६२ मा चौंथो एशियाली प्रसारकहरूले पारित गरेको आचारसंहितामा निम्न बुँदा सम्मिलित थिए :

१. समाचारलाई सन्तुलित र निष्पक्ष टिप्पणीसहित प्रसारण गर्ने कुरा सुनिश्चित गर्ने ।
२. शिक्षा र संस्कृतिको प्रवर्द्धन गर्ने ।
३. सबै कार्यक्रमको उच्चस्तर कायम गर्ने ।

४.	युवा पुस्तामा असल नागरिकको सिद्धान्तमा उत्प्रेरित गर्ने कार्यक्रम प्रसारित गर्ने ।

५.	सामुदायिक सद्भाव, धार्मिक, सहिष्णुता र अन्तर्राष्ट्रिय समझदारी प्रवर्द्धन गर्ने ।

६.	मानवअधिकार र प्रतिष्ठाको सामना गर्ने ।[9]

पाश्चात्य मुलुकहरूमा आचारसंहिताको रचना गर्ने परम्परा स्वीडेनबाट १९ औं शताब्दीको अन्त्यतिर प्रकाशकहरूको क्लब (Publicists' Club) ले असल पत्रकारिताबारे सार्वजनिक बहसको सिलसिला शुरू गरेपश्चात् भएको हो । यसले विसौं शताब्दीको प्रारम्भमा अपराधका शंकास्पद वस्तुका बारे समाचार नबनाउने निर्णय गरी सबै पत्रकार सदस्यहरूलाई जानकारी गरायो । त्यहाँ आधुनिक पत्रकार आचारसंहिताको अवधारणाको विजारोपण यसरी भएको थियो । सन् १९१६ मा प्रेस काउन्सिलको गठन स्वीडेनमै भए पश्चात पाश्चात्य मुलुकहरूमा प्रेस काउन्सिलको अवधारणासँगै जोडिएको पत्रकार आचारसंहिताको अवधारणा एवम् संस्थागत निर्माण पद्धतिको विकास भएको हो । सन् १९२३ मा प्रकाशकहरूको क्लब (Publicists' Club) ले लिखित पत्रकार आचारसंहिता निर्माण गरेको समयमा नै अमेरिकामा पनि अमेरिकी समाजको छापा सम्पादक (American Society of Newspaper Editors) ले पत्रकारिताको धर्म (Canons of Journalism) स्वीकार गरी लागू गऱ्यो । यो पत्रकारिताको धर्म (Canons of Journalism) लाई खारेज गरी सन् १९७५ मा अमेरिकी अखबार सम्पादक समाजको संचालक समितिले खारेज गरी नयाँ आचारसंहिता लागू गरेको थियो । पहिलो अमेरिकी संहिताले पाएका मूलभूत मूल्यहरू यस प्रकार रहेका थिए :

- Responsibility of a newspaper as a public trust.
- Freedom of the right to discuss whatever is not explicity forbidden by law.
- Independence from all obligations except that of fidelity to the public interest.
- Sincerity, truthfulness, accuracy in good faith with the reader.
- Impartiality in news reports.
- Fair play by giving opportunity to the accused to be heard before publishing unofficial charges affecting his/her reputation or moral characters, fair play by avoiding invasion/illusion of private rights or feeling, fair play by making prompt & complete correction of one newspaper's own mistakes of fact or opinion.
- Decency for the cause of the general good.

9 */]l8of]sdL{, cjwf/0ff / cEof;, kL= v/]n / w|'j s'df/ b]phf*

अमेरिकाको पत्रकारितालाई नैतिक मापदण्डद्वारा मार्गनिर्देशन गर्ने यो मौलिक आचारसंहिता जारी भए पश्चात आजसम्म त्यहाँ विभिन्न पेशागत पत्रकारहरूको संघसंस्थाहरुले आ-आफ्नै प्रयोगजनका लागि छुट्टाछुट्टै आचारसंहिताहरू जारी गरेका छन् ।

दोस्रो विश्व युद्धको लगत्तै बेलायत र अमेरिकामा प्रेस कमिसनको नियुक्तिसाथै आचारसंहिताको घोषणा हुन थाल्यो । यसबाट पत्रकारिता स्वच्छन्द र निरंकुश स्वतन्त्रता उपभोग गर्न सक्ने संस्था नभई समाजप्रति बहन गर्ने संस्था हो भन्ने अवधारणा प्रबल रुपमा विकसित भयो । यसैगरी संयुक्त राष्ट्रसंघको विशिष्टीकृत संस्था युनेस्कोले पनि १९५० मे महिनामा भाण्टेवोडीमा सम्पन्न भएको बैठकबाट लिखित आचारसंहिता तयारपारी विश्वभर प्रचार गर्न थाल्यो । यस आचारसंहिता अनुसार प्रेसले स्वतन्त्रता, मानवीय मौलिक अधिकारको प्रत्याभूति तथा विश्वशान्तिको तथ्य उजागर गर्‍यो । यसले पत्रकारले नैतिक नियमको पालना गर्नुपर्ने कुरामा जोड दिँदै समाचार सत्य हुनुपर्ने, कसैले बद्नामी सामग्री छाप्न नहुने, व्यक्तिगत जीवनमा घृणा लगायत अशोभनीय सामग्री छाप्न नहुने, छापिएको सामग्री असत्य हुनासाथ तुरून्त भूलसुधार गर्ने तथा व्यक्तिको प्रतिष्ठाको सम्मान गर्नुपर्ने कुराप्रति जोड दिएको थियो । यसैगरी १९५४ मा अन्तर्राष्ट्रिय पत्रकार महासंघले पत्रकारका कामकारवाहीलाई निर्देशन गर्ने मान्यताको आवश्यकता महसुस गरी ९ बुँदे आचारसंहिता जारी गर्‍यो । यो आचारसंहिता जारी गर्दा पत्रकारहरूको पेशालाई व्यवहारको मानकका रूपमा लिइएको थियो ।

अन्तर्राष्ट्रिय आचारसंहिताको रुपमा सन् १९९१ को "प्रेस काउन्सिल र प्रेस मर्यादा नैतिकता" विषयक स्टकहोम सम्मेलन, १९९१ ले 'सत्य तथ्य समाचार सम्प्रेषण हुनुपर्ने, समाचारको स्रोत खुलाउनुपर्ने, गोपनियता भंग गर्न नहुने, लैंगिक र जातीय विभेद गर्न नहुने, उच्च मर्यादा कायम गर्न राख्नुपर्ने लगायतका २२ बुँदाहरुमा जोड दिएको थियो ।' *(दाहाल काशिराज, आमसंचार र कानून)*

एशियाली मुलुकहरूमा आचारसंहितालाई अमेरिकाको आचारसंहितासँग दाँजेर हेर्दा के भिन्नता पाइन्छ भन्ने प्रश्नबारे भिक्टर गुनेवर्द्धको धारणा मननयोग्य पाइन्छ :

'Both in the US and in South Asia the electronic media come under close State supervision and regulation in respect of advertisements and some aspects of entertainment. But the major difference between the American Journalists experience and the South Asian one is a higher degree of professional organization and independence from government. In

South Asia the Code of Ethic is required to be monitored by the Press Councils, which appear to have some nexus with the government of the day.' [१०]

सञ्चार आचारसंहिता सदाकाल र सर्वस्थानका लागि समाधान गर्ने साधन होइन । सञ्चारकर्मीहरूलाई स्वतन्त्रताको उपभोग गर्न नैतिक दिशानिर्देशन गर्ने मूल्य र मान्यताको मापदण्डको आवश्यकता पर्दछ । यसर्थ राज्यले आचारसंहिता कार्यान्वयन गराउन सकारात्मक भूमिका खेल्नु पर्दछ । तर राज्यको भूमिकालाई राजनीतिक संस्कृतिको सन्दर्भलाई पन्छाएर बुझ्नु हुँदैन । दक्षिण एशियाली मुलुकहरूमा संस्कृति, धर्मले समाजमा असर परिरहेको हुन्छ । सञ्चारविद् Gunewardea भन्नुहुन्छ : 'It is a fact that the Press in each of the Asian countries reflect the deep divisiveness within each of out multi-ethnic, multi-lingual and multi-religious societies. The factor of discord is compounded by other constraints that impinge on the communication industry. The onus, therefore, of ensuring the observance of communication ethics is ultimately the shared responsibility of the professional communicator, the State and civil society.' [11]

यसै प्रसंगमा सञ्चार सम्बन्धी समस्याको अध्ययन गर्ने अन्तर्राष्ट्रिय कमिशन (International Commission for the Study of Communication Problems) बाट प्रस्तुत गरिएको सुझावलाई मनन गर्न सकिन्छ । यसमा भनिएको छ : 'The adoption of code of ethics at national and, in some cases, at the regional level is desirable, provided that such codes are prepared and adopted by the profession itself-without government interference.' [12]

एकातिर मुलुकभित्र पनि विभिन्न आचारसंहिताको आवश्यकता पर्नसक्दछ भने अर्कातिर सांस्कृतिक परम्परा एवम् मूल्य र मान्यतामा बढी भिन्नता नभएका वा बढी समानता कायम भएका मुलुकहरूमा जारी हुनसक्ने साझा नैतिक मापदण्डको आधारमा आचारसंहिता निर्धारण हुनसक्ने सम्भावनालाई पनि नकार्न सकिँदैन ।

---

*10 मानव अधिकारको विश्वव्यापी घोषणापत्रको पचासौं वार्षिकोत्सव तथा विश्व स्वतन्त्रता दिवसको उपलक्ष्यमा प्रकाशित संगालो, नेपाल प्रेस इन्स्टिच्यूट-२०५५*

*11 मानव अधिकारको विश्वव्यापी घोषणापत्रको पचासौं वार्षिकोत्सव तथा विश्व स्वतन्त्रता दिवसको उपलक्ष्यमा प्रकाशित संगालो, नेपाल प्रेस इन्स्टिच्यूट-२०५५*

*12 मानव अधिकारको विश्वव्यापी घोषणापत्रको पचासौं वार्षिकोत्सव तथा विश्व स्वतन्त्रता दिवसको उपलक्ष्यमा प्रकाशित संगालो, नेपाल प्रेस इन्स्टिच्यूट-२०५५*

अभिव्यक्ति स्वतन्त्रता तथा प्रेस स्वतन्त्रतामा आइपर्ने कुनै पनि व्यवधान पत्रकारिताका लागि मान्य हुँदैनन् । पूर्णानुभूति सुसूचित जनताले मात्रै आफ्नो भाग्य आफै निर्माण गर्न सक्छन् । प्रजातन्त्र र दिगो शान्ति एवं विकासका लागि प्रेस स्वतन्त्रता अत्यन्तै आवश्यक छ । शब्द र तस्वीरबाट स्वतन्त्र विचार फैलाएर सर्वत्र ज्ञान, स्वतन्त्रता र न्यायमा आधारित समाजको निर्माणका लागि पनि प्रेस स्वतन्त्रता अत्यावश्यक हुन्छ ।

प्रेस स्वतन्त्रताको सिद्धान्तलाई स्थापना गर्ने आधारभूत दस्तावेजहरूमा प्रेस स्वतन्त्रता र गोपनीयतालाई प्रत्याभूति गरिएको देखिन्छ । "मानव अधिकारको विश्वव्यापी घोषणापत्र" (१० डिसेम्बर, सन् १९४८ मा जारी) को धारा १९ मा "प्रत्येक व्यक्तिलाई विचार स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ । विना कुनै हस्तक्षेप मत, विचार ग्रहण गर्ने र सीमाको बन्देज विना कुनै माध्यमद्वारा जानकारी एवं मत प्राप्त गर्ने, खोज्ने र प्रसार गर्ने अधिकार प्रत्येक व्यक्तिलाई हुनेछ" भन्ने उल्लेख गरिएको छ । यसैगरी धारा १२ मा "कुनै पनि व्यक्तिको योग्यता, परिवार, घर वा पत्र व्यवहारमाथि मानमानी हस्तक्षेप गरिने छैन । कसैको सम्मान तथा ख्यातिमाथि चोट पुऱ्याइने छैन । त्यस्तो हस्तक्षेप वा चोटको विरुद्ध प्रत्येक व्यक्तिलाई कानूनी संरक्षणको अधिकार हुनेछ" भन्ने उल्लेख गरिएको छ ।

यसैगरी १६ डिसेम्बर, १९६६ मा पारित, २३ मार्च, १९६६ देखि लागू गरिएको "नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्धन" को धारा १७, १९ र २० मा पनि नागरिकको हक अधिकार र कानूनी संरक्षणलाई प्रत्याभूति गरिएको देखिन्छ । धारा १९ को १ मा "विना कुनै हस्तक्षेप राय राख्ने प्रत्येक व्यक्तिको अधिकार हुनेछ" र २ मा "प्रत्येक व्यक्तिको अभिव्यक्तिको स्वतन्त्रता हुनेछ । सीमा बन्देज विना मौखिक, लिखित अथवा मुद्रित, कलात्मक रुपमा अथवा आफ्ना छनोटका अन्य कुनै माध्यममार्फत सबै प्रकारका सूचना तथा विचार खोज्ने, प्राप्त गर्ने तथा दिने स्वतन्त्रता यसमा समावेश हुनेछन्" भन्ने तथ्यलाई प्रस्तुत गरिएको छ ।

आफ्नो गोप्यतामा गैरकानूनी हस्तक्षेप, प्रतिष्ठा र इज्जतमा गैर-कानूनी आक्रमणको स्थिति भोग्न नलगाइने हस्तक्षेपको अवस्थामा कानूनबाट रक्षा पाउने व्यक्तिको अधिकारलाई संरक्षण गरिएको देखिन्छ । तर युद्धको लागि कुनै प्रकारको प्रचार र राष्ट्रिय भेद, शत्रुता, हत्या हिंसालाई उत्तेजित गर्ने जातीय अथवा धार्मिक घृणाको वकालतलाई कानूनबाट निषेधित गरिएको छ । यसैगरी सन् १९८९ मा युनेस्कोको महासम्मेलनको ५५ औं अधिवेशनले पारित गरेको प्रस्ताव १०४, जसमा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय तहमा विचारको शब्द तथा आकृतिद्वारा स्वतन्त्र प्रवाहलाई प्रवर्द्धन गर्न जोड दिइएको छ । युनेस्को कै सन् १९९१ मा जारी भएको २६ औं अधिवेशनले पारित गरेको प्रस्ताव ४३, स्वतन्त्र बहुलवादी र स्वाधिन प्रेस कुनै पनि प्रजातान्त्रिक समाजको आवश्यकीय उपकरण हो भनी मान्यता दिइएको छ ।

मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरुको संरक्षणको लागि युरोपियन अनुबन्ध (४ डिसेम्बर सन् १९५० मा पारित, ३ सेप्टेम्बर सन् १९५३ मा लागू) मानव अधिकार अर्न्तगत अमेरिकी अनुबन्ध (२२ नोभेम्बर सन् १९६९ मा पारित, १८ जुलाई सन् १९७८ मा लागू) मा पनि जनअधिकार र प्रेस स्वतन्त्रतालाई स्पष्ट रूपमा उल्लेख गरिएको छ । यसैगरी मानव एवं जनअधिकारको अफ्रिकी घोषणा ( African Charter of Human and People's Rights) १२ जुलाई सन् १९९१ मा पारित तथा २१ अक्टोबर सन् १९८६ मा लागू धारा १२ मा प्रत्येक व्यक्तिलाई सूचना प्राप्त गर्ने अधिकार र प्रत्येक व्यक्तिलाई कानून अनुसार आफ्नो विचार अभिव्यक्त गर्ने फैलाउने अधिकार हुनेछ" भन्ने प्रावधान स्पष्ट रुपमा राखिएको छ ।

पत्रकारहरूको अधिकार र कर्तव्यबारे सन् १९७१ नोभेम्बर २४ र २५ मा म्यूनिकमा तयार पारी अनुमोदन गरिएको "म्यूनिक घोषणापत्र" लाई पत्रकारहरूको अर्न्तराष्ट्रिय महासंघ (International Federation of Journalism) लगायत युरोपका विभिन्न देशका पत्रकारहरूको प्रतिनिधित्व गर्ने संस्थाहरूले स्वीकार गरे । घोषणापत्रको प्रस्तावनामा सूचना पाउने हक, अभिव्यक्ति र आलोचना गर्ने स्वतन्त्रता मानवका मौलिक अधिकारमध्ये एक भएकोले घटना तथा विचारबारे सुसूचित हुने जनताका अधिकारहरूबाट नै पत्रकारका सबै अधिकार तथा कर्तव्यहरूको सृजना हुने उल्लेख गरिएको छ । पत्रकारहरूको जनताप्रतिको दायित्व महत्वपूर्ण हुने तथा सूचनाको लक्ष्य वा उद्देश्यभित्र नै त्यस्ता मर्यादा वा बन्देजहरू परेका हुन्छन् । यो घोषणापत्र अनुसार पत्रकारहरूको कर्तव्य १० बुँदामा तथा अधिकार ५ बुँदामा वर्णन गरिएको छ ।

सत्यको सम्मान गर्नुपर्ने, तथ्यको आधारमा रिपोर्ट गर्नुपर्ने, गोपनीयताको सम्मान, व्यावसायिक योग्यताको पालना, सूचनाको श्रोत खोल्न नहुने, समाचार, फोटो र मिसिलहरू प्राप्त गर्न गैरकानूनी तरीका वा जालझेल गर्न नहुने तथा पत्रकारिताको पेशालाई विज्ञापन व्यवसायी वा प्रचारकको पेशासँग मिलाउन नहुने कर्तव्य तोकिएका छन् । त्यस्तै, उक्त घोषणापत्रले निम्न कुराहरूलाई गम्भीर अपराध ठानेको छ :

(१) अरूको विचार वा कृतिलाई आफ्नै जस्तो गरी प्रस्तुत गर्नु, भाव चोर्नु ।

(२) झुठा अभियोग, आरोप, अपगाल ।

(३) निन्दा, कलंक, दुर्नाम, बदख्वाई ।

(४) मानहानी, अपमानजनक वक्तव्य तथा प्रमाणहीन आरोप ।

(५) कुनै समाचार प्रकाशित गर्न वा लुकाउन घुस लिनु ।

आचारसंहिता बारे सीन म्याक ब्राइड कमिशनले (Sean Mc. Bride Commission) निम्न विषयहरूतर्फ ध्यान दिएको छ :

१. पूर्ण तथा समानुपातिक सञ्चारको विकास गर्न जरूरी ।
२. समाचार तथ्यमुलक, सही र पुर्पक्ष बेगरको हुनुपर्दछ ।
३. विज्ञापनको प्रस्तुतिकरण तथा स्थानान्तरण मिल्दोजुल्दो हुनुपर्दछ ।
४. श्रव्य तथा दृश्यात्मक आकृति पारस्परिक रुपमा मिल्दोजुल्दो हुनुपर्दछ ।
५. समाचारको छनोट तथा संचालनमा स्वादिलो धारणा अपनाउनु पर्दछ ।
६. विश्लेषणात्मक शैली अपनाउनुपर्छ ।
७. प्रचलित स्तर कायम गरिनुपर्दछ ।
८. विषय, फर्मेट र प्रस्तुतिकरणको सुपरीवेक्षण गरिनुपर्दछ ।
९. विवादास्पद विषयमा व्यक्तिगत घटना, व्यावसायिक तथा मौलिक विचार अख्तियार गरिन्छ ।[13]

स्वतन्त्र र बहुलवादी एशियाली सञ्चार माध्यमको विकास गर्न संयुक्त राष्ट्रसंघ, संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनद्वारा अल्मा आता, कजाखस्तानमा सन् १९९२ को अक्टोबर ५ देखि ९ तारिखसम्म आयोजना गरिएको गोष्ठीले अलमा आता घोषणपत्र जारी गरेको थियो । यस घोषणापत्रले संयुक्त राष्ट्रसंघको महाधिवेशन र अन्य अर्न्तराष्ट्रिय सम्मेलनहरूमा पारित सञ्चारसम्बन्धी आधारभूत सिद्धान्त र नियमप्रति वचनवद्धता प्रकट गरेको देखिन्छ ।

अमेरिकी समाचारपत्र सम्पादक समाज (ASNE) द्वारा सन् १९२५ मा पहिलो पटक जारी गरिएको आचारसंहितालाई सन् १९९५ मा संशोधन गरिएको थियो । यो संशोधनले अभिव्यक्ति स्वतन्त्रतालाई कुनै पनि कानूनद्वारा नघटाइने संरक्षण प्रदान गर्दै, उनीहरूका प्रेसमार्फत संवैधानिक हक प्रदान गरी व्यवसायी समाचारपत्रहरूमाथि विशेष जिम्मेवारी सुम्पेको देखिन्छ ।

अमेरिकी परिपाटीको यो व्यवस्थाले जिम्मेवारी, प्रेस स्वतन्त्रता, सत्यतथ्य, निष्पक्षता र उचित व्यवहार जस्ता सञ्चारका आधारभूत तत्वहरूका धाराहरूमा सविस्तार स्पष्ट गरेको छ । समाचार तथा विचारहरूको उद्देश्य जनतालाई सुसूचित गराएर, निर्णय गर्न सक्षम बनाई सर्वसाधारणको कल्याण गर्नु हो भन्ने अवधारणा राखिन्छ । अमेरिकी प्रेस केवल सुसूचित गराउन मात्र स्वतन्त्र बनाइएको होइन ।

13 *k|an/fh kf]v/]n, kqsfl/tfsf] ;fdfGo kl/ro*

पत्रकारले पत्रकार आचारसंहितालाई इमान्दारीपूर्वक पालना गर्नु आफ्नो कर्तव्य ठान्नु पर्दछ । यसैगरी सम्बन्धित देशको प्रचलित कानून अर्न्तगत, पत्रकारले व्यावसायिक विषयहरूमा आफ्ना सहधर्मीहरूको मात्र न्यायिक क्षेत्रलाई स्वीकार गर्छ । उसले सूचना पाउने, टिप्पणी गर्ने र आलोचना गर्ने स्वतन्त्रताको रक्षा गर्नु पर्दछ ।

## ४. आचारसंहिताका चुनौतिहरू

सञ्चार क्रान्तिले नयाँ युगको बोध गराइरहेको छ । क्रमशः भावी युगमा विश्व एउटै सञ्चार महामार्गमा संचालित हुनसक्ने सम्भावना विकसित भइरहेको सूचना प्रविधिले संकेत गरिरहेको छ । यसर्थ परिवर्तित समयमा यदि यस्तो विश्व साँच्चै यथार्थमा परिणत भएमा सञ्चारकर्मीहरू कस्ता नैतिक मापदण्डबाट मार्गनिर्देशित हुन्छन् भन्ने प्रश्न तेर्सिंदै गइरहेको छ । त्यस युगमा नैतिकताको आधारमा पत्रकार आचारसंहिता कस्तो स्वरूपमा हुने हो ? मानव सामाजिक प्राणी हो र समाजको कल्याणमा नै व्यक्ति तथा समाजको कल्याणको कल्पना गर्न सकिन्छ । असल मानिसबाट असल समाज जन्मन्छ । सञ्चार नै समाजको दर्पण हो र सञ्चारले सदासर्वदा सामाजिक न्यायलाई मानेको हुन्छ । सञ्चारको अवधारणामा व्यक्तिको नैसर्गिक अधिकार भनेको पारस्परिक स्वतन्त्रता वा कर्तव्य (धर्म र हिंसा) को भाव समेट्ने अधिकार बुझिन्छ । अधिकारको अवधारणामा कर्तव्यको अवधारणा गाँसिएको हुन्छ । विश्वका विभिन्न संस्कृतिबीच सञ्चार सम्बन्धी आचारसंहिता व्याख्या गर्ने आफ्नै प्रकारका मापदण्डहरू व्याप्त हुन्छन् । तर यी मापदण्डहरू मानवतासँग कसरी र किन सम्बन्धित हुनपुग्दछ भन्ने प्रश्नहरू पनि खडा हुनसक्दछ । त्यस युगमा जब मानवको मूल्यभन्दा प्रविधि र प्रक्रियाको अभ्यासले मूख्यरूपमा महत्वपूर्ण भूमिका खेलिरहेको हुनसक्दछ भने तब सञ्चार नै प्रविधि हो वा प्रविधि नै सञ्चार हो भन्ने सत्यता स्वीकार्नु पर्ने हुन्छ ।

मानवीय मूल्य र मान्यतामा आधारित सञ्चारबाट नै नैतिकता के हो भन्ने प्रश्नबाट समाधान हुनुपर्दछ । अन्यथा, विश्वस्तरमा लागू हुनसक्ने पत्रकार आचारसंहिताहरू कोरा कल्पनाको रुपमा मात्र अवस्थित हुन्छन् । सञ्चार नैतिकता तथा सार्वजनिक मूल्य र मान्यताका क्षेत्रमा अध्ययनरत विद्धानहरूको आधारमा माइकल टारवरद्वारा प्रस्तुत गर्नुभएको सत्यापन खोज्ने मानवीय मूल्यको आवश्यकताको निष्कर्षलाई यहाँ प्रस्तुत गर्न सकिन्छः 'Certain ethical protonorms-above all truth-telling, commitment to justice, freedom in solidarity and respect for human dignity-are validated as core values in communications in different cultures. These values are called universal not just because they hold true cross-culturally....... the universality of these values is beyond culture.

It is rooted in the nature of human beings. It is by virtue, all of what it means to be human that these values are universal. The implication is that regardless of culture, all human beings share the same nature. Personhood transcends all cultures. This is, infact, the ground of ethics.'

मानव स्वभाव वा चरित्रमा अन्तर्निहित अर्को गुण समुदायमा आधारित सामाजिक प्राणी हुनु हो । पत्रकार आचारसंहिताको अवधारणालाई सामूहिकता र सामाजिकताको भाव एवं व्यक्तिवादमा कम जोड दिने सिद्धान्तले सामाजिक न्यायको क्षेत्रमा अवलम्बन गराउन सकिन्छ । परिवर्तनशील चिनियाँ समाजमा सुख प्राप्तिका निम्ति सञ्चार नैतिकताबारे लेख्दै गियोरगेत वाङ (Georgette Wang) भन्नुहुन्छ : 'Whether modern or traditonal, Chinese or Western, the values and ethical norms that best promote and uphold life's contendness or even happiness are likely to be the most universal human values of all.' सञ्चार पनि एउटा मानवीय क्रिया नै हो । तर यथार्थमा सार्वजनिक नैतिकताको मूल्य र मान्यताको आधारमा भावी मानव जीवनका विशेषता तथा क्रियालाई मूलभूत रुपमा व्याख्या गर्ने मापदण्डहरू के कस्ता होलान् आजको नयाँ युगले तेर्स्याएको प्रश्न यही नै हो ।

यस्तो प्रश्नको गहन चिन्तन मनन गर्ने अर्का विद्वान थोमस डब्लु कुपर (Thomas W. Cooper) को भनाईमा, 'नैतिकता विनाको आचारसंहिता, मानवता विनाको प्रविधि, सत्यता विनाको सिद्धान्त, व्यक्तिगत परिवर्तन विनाको संसार, विश्व जनचेतना विनाको व्यक्तिगत आचारसंहिता त्यस्ता हुन् जस्तो हावापनी विनाको ग्रह । प्रभावकारी परिवर्तनका लागि सघन सोच र तुलनात्मक अनुसन्धानले नै संसारभरी व्यक्तिगत उत्तरदायित्वको प्रत्याभूति हुन्छ' (Codes without conduct, techonology without humanity, theory without reality, global change without personal change and personal ethics without world awareness are like a planet without atmosphere. For effective change substantial rethinking. comprehensive research, and globally applied individual responsibilites (cf, ethics) are warranted, indeed essential) ।

## ५. नेपालमा पत्रकार आचारसंहिता

नेपालमा वि.सं.२०६० बाट प्रेस काउन्सिल नेपालको मौजुदा पत्रकार आचारसंहिता काउन्सिल तथा नेपाल पत्रकार महासंघको आचारसंहितालाई परिष्कृत गरी तयार पारिएको २४ बुँदे आचारसंहितामा लागू रहेको छ । यो आचारसंहितामा असल पत्रकारिताको मापदण्डका लागि कतिपय हदसम्म प्रयोग गरिएको छ । सो मूल्यांकनको विषयवस्तु अवश्य हो । नेपालको संविधान वा प्रेस कानूनले पत्रकारिताको

मापदण्डलाई सहज, सर्वसुलभ तथा प्रभावकारी रूपमा सम्बोधन गरेको देखिंदैन । त्यसैगरी कानूनी विश्लेषण र व्याख्या पनि त्यति प्रष्ट छैन । परिमाणात्मक निष्कर्ष निकालिएता पनि प्रष्ट कानूनी व्याख्या नभएकाले कतिपय अवस्थामा नेपाली पत्रकारिताको मूल्यांकन गर्दा कानूनसम्मत निष्कर्ष निकाल्न सकिदैन । कानूनी परिभाषाको आधारमा पत्रकार आचारसंहिता उल्लंघन गर्ने पत्रपत्रिकाहरूलाई अदालती कारवाही गर्ने व्यवस्था छैन । यसर्थ आचारसंहिता उल्लंघन गरेका पत्रपत्रिकाहरूका विरूद्ध अदालती कारवाही हुन सक्दैन । पत्रकार आचारसंहिताको पालना गराउने जिम्मेवारी लिएका निकायले मात्रै तोकिएको आधारमा कारवाही गर्दछ ।

आखिर के प्रेस काउन्सिल नेपालले जारी गरेको पत्रकार आचारसंहिताले असल पत्रकारिताको अवधारणालाई समेट्न सकेको छ त ? आचारसंहिता लागू गर्न घोषित आचारसंहिताले धरातल तयार पारिदिएको हुन्छ भने समाजको सामाजिक, सांस्कृतिक, धार्मिक परिवेश मूल्य एवं मान्यताले पनि उत्तिकै असर गर्दछ । प्रेस काउन्सिल नेपालले जारी गरेको आचारसंहिताले पत्रकारिताको नैतिक मार्गदर्शन प्रशस्त गरेको छ ।

नेपाली पत्रकारिता सम्बन्धी आचारसंहिताको निर्माणको इतिहास *"गोर्खापत्र"* को शुभारम्भको इतिहाससँगै शुरु हुन्छ किनकि त्यो अखवारले "के छाप्ने" र "के नछाप्ने" भन्ने बारे जानकारी गराएको थियो । तर पत्रकारहरू स्वयम्ले आचरणमा बाँधिएर पत्रकारिता गर्नुपर्दछ भन्ने विश्वास प्रेस कमिशनको रिपोर्ट वि.सं. २०१५ मा देखा परेपश्चात् प्रकट भयो । यसबाट न नेपाली पत्रकारिता आधुनिक मूल्य र मान्यतातर्फ लम्केको महसुस गरायो । त्यसपछि वि.सं. २०३३ (प्रेस ऐन बमोजिम), २०४० (जनमत संग्रहपछि), २०४७ संविधान अनुसार र २०४९ (प्रेस काउन्सिल ऐन, २०४८ अनुसार) चारवटा आचारसंहिता जारी गरिएको थियो भने नेपालका पत्रकारहरूको भेलाले २०४२ र नेपाल पत्रकार संघले अनुमोदन गरेको २०५० को पत्रकार आचारसंहितामा "समाचारलाई जानाजान बङ्ग्याउनु हुँदैन र विज्ञापनलाई समाचारको रुपमा प्रस्तुत गरेर पाठकमा भ्रम फैलाउन हुँदैन" भन्ने बुँदा समावेश गरेर व्यावसायिक इमान्दारीपनाको परिचय दिएको देखिन्छ ।

प्रेस काउन्सिलले बनाएको "पत्रकार आचारसंहिता, २०४७" र "पत्रकार आचारसंहित, २०४९" बीच खासै भिन्नता देखिदैन । १० बुँदाहरुमा केन्द्रित यी आचारसंहिताहरूले पत्रकारिता पेशा मानवताप्रति जिम्मेवार हुनुपर्ने भएकाले सम्पूर्ण पत्रकारहरूले मानवीय मूल्य, प्रजातान्त्रिक संस्कार, देशहित र सार्वजनिक कल्याणका निम्ति सदा समर्पित रही सत्यता, विश्वास र इमान्दारीपनालाई आफ्नो व्यावसायको पहिचान बनाउनु पर्ने कुरा उल्लेख गरिएको छ । समाचारको श्रोत खोल्न नहुने, चरित्रहत्या र गोपनीयताको हकको हनन हुने खालका समाचारहरू सम्प्रेषण गर्न नहुने, अश्लिल एवं अमर्यादित भाषाको

प्रयोग गर्न नहुने साथै जातजाति एवं धर्म, सम्प्रदाय बीच वैमनस्य र हिंसा बढाउने खालका समाचारलाई बढावा दिन नहुने चिज पनि उक्त आचारसंहिताहरूमा उल्लेख गरिएको छ।

"पत्रकार आचारसंहिता, २०५५" सात बुँदामा रहेर पत्रकारहरूले गर्न हुने र गर्न नहुने कार्यहरू बारे उल्लेख गरिएको छ । यस आचारसंहितामा विज्ञापनलाई समाचारको रूपमा प्रस्तुत गर्न नहुने नयाँ चिज पनि थप गरिएको छ । वि.सं.२०६० बैशाख २० गते नेपाल पत्रकार महासंघको सहमतिमा प्रेस काउन्सिल नेपालले 'प्रेस काउन्सिल ऐन' को दफा-७ को उपदफा 'ख' बमोजिम "पत्रकार आचारसंहिता, २०६०" जारी गरेको थियो । काउन्सिलको काम, कर्तव्य र अधिकारमध्ये स्वस्थ पत्रकारिताको विकास गर्न पत्रकारिता सम्बन्धी आचारसंहिता तयार गर्ने उल्लेख गरिएको छ । यस आचारसंहितामा पत्रकार वर्गलाई झनै जिम्मेवार निकायको  रुपमा प्रस्तुत गरी पत्रकारको परिभाषालाई व्यापक र विस्तृत पारिदिएको छ । यसमा छापा माध्यम, विद्युतीय सञ्चार माध्यम र अनलाईन पत्रकारितासँग सम्बन्धित सञ्चारकर्मीलाई पत्रकारको रूपमा चित्रण गरिएको छ । पत्रकारिता पेशासँग सम्बन्धित सञ्चारकर्मीहरू अर्थात् प्रेस क्यामराम्यान, व्यङ्ग्य चित्रकार, कार्यक्रम निर्माता तथा सञ्चालक, साजसज्जामा संलग्न सञ्चारकर्मीहरू समेत पत्रकार हुन् भनिएको छ । यो आचारसंहिताले छापा, विद्युतीय तथा अनलाइन जस्ता कुनै पनि प्रकृतिका सञ्चार माध्यममा आवद्ध सञ्चारकर्मी जनाउँदछ भनेको छ । यसरी यसले "पत्रकार आचारसंहिता, २०५५" ले कार्यक्रम निर्माता तथा संचालक, साजसज्जा, दृश्य तथा भाषा सम्पादक, प्रेस क्यामराम्यान लगायतका सञ्चारकर्मीहरूलाई समेटेको थिएन । वि.सं.२०६० को पत्रकार आचारसंहितामा सञ्चार माध्यम भन्नाले नेपालमा सञ्चालित पत्रपत्रिका, रेडियो एवं टेलिभिजन प्रसारणहरू, इन्टरनेटका समाचार तथा विचारमूलक अनलाइन सेवाहरूसमेतलाई जनाउने उल्लेख गरिएको छ । वि.सं. २०५५ सालमा लागू गरिएको पत्रकार आचारसंहिताले छापा माध्यमहरूलाई मात्र सञ्चार माध्यमका रूपमा चित्रण गरेको थियो । यसैले विद्युतीय वा अनलाईन पत्रकारिता गर्ने सञ्चार माध्यमका पत्रकारहरूलाई पनि "पत्रकार आचारसंहिता" ले समेट्न सकेको छ । यसरी "पत्रकार आचारसंहिता, २०६०" ले नयाँ अवधारणालाई समेट्ने प्रयास गरेको छ।

पहिलेका पत्रकार आचारसंहिताहरूमा "के गर्नु पर्दछ" र "के गर्नु हुँदैन" भन्ने संहिताहरू वर्गीकृत नगरी केवल विषयगत आधारमा प्राथमिकता दिएर गरिन्थ्यो भने "पत्रकार आचारसंहिता, २०५५" को आचारसंहितामा त केवल सात बुँदामा "के गर्नु हुँदैन" भन्ने आचारसंहिता मात्र प्रस्तुत गरिएको थियो । "पत्रकार आचारसंहिता, २०६०" को दफा ३ मा "के गर्नु पर्दछ" भन्ने चिज ११ बुँदामा उल्लेख गरिएको छ भने दफा ४ मा "के गर्नु हुँदैन" भनेर १३ बुँदाहरु उल्लेख गरिएको छ।

पत्रकार आचारसंहिताको निर्माणलाई मूल्यांकन गर्दा विषयवस्तु क्रमशः परिष्कृत हुँदै गइरहेको पाइन्छ । विगतका पत्रकार आचारसंहिता र वर्तमानको पत्रकार आचारसंहितालाई विश्लेषण गर्दा मूलभूत रुपमा सैद्धान्तिक भिन्नता तथा विषयहरूको छनोटमा तात्विक फरक नपाइएता पनि हालको पत्रकार आचारसंहिताको प्रस्तुति बढी जिम्मेवार एवं ठोस बनाइएको छ ।

"समाचारको स्रोत खोल्नु हुँदैन" भन्ने अस्पष्ट वाक्यांशलाई संशोधन गरी 'पत्रकार आचारसंहिता, २०६०' मा पत्रकारले "समाचारको स्रोत खोल्नुपर्दछ" भन्ने प्रावधान राखिएको छ । तर गोप्य श्रोतको संरक्षण गर्नुपर्ने अवस्थामा स्रोतलाई गोप्य राख्न सकिने छुट पनि दिइएको छ । सञ्चार माध्यमहरूले अन्य सञ्चार माध्यमहरूको समाचार नक्कल गर्ने तर समाचार स्रोत उल्लेख नगर्ने एक किसिमको परम्परा नै बसिसकेको अवस्थामा अहिले जारी गरिएको आचारसंहिताले स्रोत उल्लेख नगरी समाचारको प्रयोगलाई उपभोग गर्न नपाइने स्पष्ट मार्गनिर्देशन गरेको छ । घटनासँग सम्बन्ध नभएका व्यक्तिहरूको नाम उल्लेख गरी उसको गोपनियता र चरित्रहत्या गर्न नहुने नयाँ व्यवस्था गरिनु पत्रकार आचारसंहितामा नयाँ मौलिकता आएको देखिन्छ । यस अघिका पत्रकार आचारसंहिताहरूमा पत्रकारहरुले "के गर्नु हुँदैन" भन्ने मात्रै उल्लेख गरिन्थ्यो । तर पत्रकार आचारसंहिता, २०६० ले पत्रकार तथा सञ्चार माध्यमहरूद्वारा निर्वाह गर्नुपर्ने कर्तव्यलाई स्पष्ट रुपमा निर्धारण गरिएकाले प्रस्तुत आचारसंहितालाई वैज्ञानिक बनाउन खोजिएको छ । यस पूर्वका आचारसंहिताहरूमा यौनजन्य अपराध, सामाजिक अवहेलना एवं घृणाजन्य घटना वा सन्दर्भमा पीडित व्यक्तिको नाममा झन् पीडा पुग्ने गरी समाचार, दृश्य तस्वीर प्रकाशन गर्न नहुने समेत निर्धारण गरिएको थिएन । वर्तमान अवस्थाको पत्रकार आचारसंहितामा ती चिजहरू पनि उल्लेख गरिएको छ ।

मानवअधिकार अर्न्तराष्ट्रिय सम्बन्धको स्थापना, बालक, महिला, अल्पसंख्यक भाषाभाषीहरूको उत्थान, विकासमा सूचना र विचारद्वारा सहयोग पुऱ्याउनु पर्ने एवं प्रकाशन तथा प्रसारण समेतमा व्याप्त कमीकमजोरीहरूलाई सच्याउन तत्परता देखाउने जस्ता नयाँ महत्वपूर्ण विधाहरू पनि 'पत्रकार आचारसंहिता, २०६०' मा उल्लेख गरिनाले सञ्चार क्षेत्रमा यसले नौलो आयाम थप्ने आशा गरिएको छ । यसैले प्रेस काउन्सिल नेपालको कार्यक्षेत्र व्यापक तथा बृहत भएको प्रमाण देखिन्छ ।

## ६. विश्वमा प्रेस कानून

वेलायतको पत्रकारिता विश्वको सबैभन्दा पुरानो संस्थागत स्वरूपको पत्रकारिता मानिन्छ । १६ औं शताब्दीमा नै यहाँ प्रेस स्वतन्त्रताको विकासको सूची प्रकाशनमा प्रतिवन्ध लगाई प्रकाशनार्थ इजाजत

लिनुपर्ने व्यवस्था गरिएको थियो । तर प्रेस स्वतन्त्रताका लागि १६ औं शताब्दीदेखि नै संघर्षशील विविध स्वरूपका आवाज उठाइयो । सन् १६६२ मा इजाजत ऐन बनाइयो । यो ऐनद्वारा नै प्रेसमाथि दमन गरियो । इजाजत विना नै मुद्रण गर्न पाइने भएता पनि यस ऐनमा "प्रकाशक स्वयम् सजाँयको भागिदार हुनेछ" भन्ने उल्लेख गरिएको छ । ब्रिटिश राजाहरूले दमनकारी नीतिहरू अपनाए । यहाँ राजतन्त्र विरूद्धका कुनै पनि सामग्रीहरू लेख्न बन्देज लगाइएको थियो ।

संयुक्त अधिराज्यमा प्रेस स्वतन्त्रता सम्बन्धी अधिकार अन्य मौलिक अधिकार सरह कानूनी राज्यमा आधारित रहेको छ । प्रेसलाई सरकारी नियन्त्रणमा पारिएको छैन । युद्धकालीन अवस्थामा बाहेक अन्य अवस्थामा प्रेस सेन्सरसीपको व्यवस्था गरिएको छैन । तर प्रेस स्वतन्त्रतालाई प्रत्यक्ष रूपले बन्देजमा पार्ने तथा सार्वजनिक हितका लागि वाधाको रूपमा कतिपय ऐन कानूनहरू निर्माण भएका छन् । १९२० र १९३५ मा परिष्कृत भएको सरकारी गोपनियता ऐन (Offical Secrets Acts) ले राज्यको सुरक्षाको लागि गोप्य राखिएका वस्तुहरूको ऐनले विना अधिकार कुनै पनि सामग्रीहरू सञ्चार गर्न मनाही गरेको छ । कुनै पनि समाचारपत्रको मालिक, प्रकाशक वा सम्पादकको विरूद्धमा उच्च न्यायालयको न्यायाधिशको आदेश विना राजद्रोह सम्बन्धी सामग्री छपाएको आरोपमा कानूनी कारवाही गर्न मिल्दैन । सन् १९६० को सार्वजनिक संकायको ऐनले (Public Bodies Act 1960) ले प्रेसलाई अधिकारी वर्गहरूको प्रवेश पाउने अधिकार सुरक्षित गरेको छ । Obscene Publication Act 1959 ले विवाह, सम्बन्ध विच्छेद, बलात्कार घरेलु विषय, नावालक, औषधी वा चिट्ठाहरूका सम्बन्धमा प्रकाशित हुने झुठो वा भ्रामक समाचार र विज्ञापनहरूलाई प्रकाशनमा प्रतिवन्ध लगाएको छ ।

वेलायतमा अवस्थित गैरसरकारी नागरिकहरूको वैयक्तिक गोपनियताको सुरक्षा गर्ने कुनै विस्तृत किसिमको ऐन बनेको छैन । वैयक्तिक गोपनियताको सम्बन्धमा केही कानूनी अड्चन देखा परेमा प्रेस काउन्सिलको सुनवाई समिति (Complaint Committee) ले हेर्दछ । वेलायतमा प्रेसलाई राष्ट्रिय संकटको वेलामा वाहेक अन्य अवस्थामा धेरै शताब्दीदेखि कुनै किसिमको बन्देज तथा कानूनी व्यवस्थाको दवावमा ल्याइएको देखिंदैन । यसवेला सरकारले सम्पादकलाई D-Notice पठाई राष्ट्रिय सुरक्षा र प्रतिरक्षा सम्बन्धी चिजहरू प्रकाशित नगरिदिन अनुरोध गर्दछ । यो एक किसिमको अनुरोध मात्र हो, यसमा कुनै कानूनी दम रहेको हुँदैन । यस्तै किसिमको व्यवस्था अष्ट्रेलियामा पनि लागू गरिएको छ । प्रतिलिपि ऐन, १९५६ ले अखवारहरूका मालिक, पत्रकार, स्तम्भकार, प्रकाशकबाट प्रकाशित कृतिहरूको उपयोगकर्तालाई संरक्षण प्रदान गरेको छ । यही ऐनले साहित्यिक तथा कलात्मक कृतिहरूको संरक्षण सम्बन्धी ब्रसेल्स र विश्वव्यापी प्रतिलिपि बैठक (Universal Copyright Conventions) जस्ता सम्झौताहरूलाई अनुमोदन एवं कार्यान्वयन गर्दछ ।

वर्तमान समयमा वेलायतमा अभिव्यक्ति स्वतन्त्रतालाई व्यक्तिको स्वतन्त्रता सरह कानूनी शासनको सिद्धान्त अनुरुप संरक्षित गरिएको छ । वेलायती अलिखित संविधानमा प्रेस स्वतन्त्रतालाई पूर्णतया संरक्षण प्रदान गर्दै सार्वजनिक चासोका विषयहरूमा टिका टिप्पणी गर्ने स्वतन्त्रता प्रेसलाई छ । बेलायतका प्रेस ऐनहरूमा प्रशारण ऐन १९८१, यूरोपियन कन्भेन्सन ऐन वा अदालतका नजीरहरू समेत स्थापित छन् । बेलायतमा प्रेसलाई विशेषरूपले नियन्त्रण नगरी केही संस्था र नागरिकहरूलाईं नियन्त्रण गर्ने ऐनहरू बनाइएका छन् । Judicial Procedure Regulation Reports Act 1926, Contempt of Court Act 1981, Defamation Act 1952, European Convention Act 1972, Local Government (Access to Information) Act 1985, Offical Secrets Act 1987, Criminal Justice Act आदि रहेका छन् ।

अमेरिका आर्थिक तथा औद्योगिक दृष्टिले पूर्णरूपमा विकसित विश्वको प्रथम पूर्ण प्रजातान्त्रिक राज्य शक्ति हो । अमेरिकी प्रेसको आधारभूत विशेषता भनेको सकेसम्म समाचारहरूका बारेमा व्यक्त अभिमतबाट समाचारहरूलाई बेग्लै किसिमले राखिनु पर्दछ । अमेरिकामा सन् १९९१ मा प्रेस स्वतन्त्रताको संरक्षण गर्न संविधानको प्रथम संशोधन लागू गरिएको थियो । यस अर्न्तगत अभिव्यक्ति तथा प्रेस स्वतन्त्रतालाई लत्याउने किसिमको कुनै पनि कानून निर्माण गर्न नपाइने व्यवस्था गरिएको छ । भर्जिनिया अधिकार पत्रको कानून, १९७६ (Virginia Bill of Rights 1976) प्रेस स्वतन्त्रताको एउटा बलियो आधार स्तम्भ हो । प्रेसलाई कुनै पनि निरंकुश सरकारले कहिल्यै पनि रोक लगाउन सक्दैन भनी उद्घोष गरिएको छ । अमेरिकी सर्वोच्च अदालतले सन् १९७१ मा गरेको एउटा फैसला अनुसार पत्रपत्रिकालाई सेन्सर गर्ने सरकारलाई अधिकार नभएको निर्णय सुनाएको थियो । अमेरिकामा प्रेस स्वतन्त्रतालाई अमेरिकी कानून Common Law पद्धतिबाट सञ्चालन गरी पूर्व रोकतोक विनाको प्रकाशनलाई नै प्रेस स्वतन्त्रता भएको स्वीकार गरेको छ । अमेरिकी संविधानद्वारा प्रत्याभूत प्रेस स्वतन्त्रता अन्तर्गत निम्न चिजहरू पर्दछन् :

(१) कुनै पनि प्रकाशनमा पूर्व रोकतोक विरूद्धको स्वतन्त्रता ।

(२) अभिव्यक्तिको माध्यमका रूपमा प्रेसमाथि लगाउन सकिने विशेष बन्देजबाट स्वतन्त्रता ।

(३) प्रेस प्रकाशन गर्न सकिने चिजहरू तथा सोको नियन्त्रण माथि स्वतन्त्रता र

(४) प्रेस स्वतन्त्रताको उद्देश्य र उपलव्धि हासिल गर्नको लागि आवश्यक साधन तथा उपकरण उपभोग गर्न पाउने स्वतन्त्रता ।

सन् १६९८ मा जारी गरिएको राजद्रोह ऐनमा अमेरिकी सरकार, कांग्रेस र राष्ट्रपति विरूद्धमा बेइज्जती हुनेगरी दुराशययुक्त र झुठा समाचारको लेखन, मुद्रण र प्रकाशन गर्नमा प्रतिवन्ध लगाइएको थियो । यस्ता समाचार सामग्रीहरू प्रकाशन गरेमा त्यस्ता व्यक्ति वा संस्थाहरूलाई ५००० डलरसम्म जरिवाना र ५ वर्षसम्म कैद गरिने प्रावधान तोकिएको थियो । तत्पश्चात् यो ऐन खारेज भयो ।

अमेरिकामा जासुसी नियम १९१७ (Espionage Act 1917), Sedition Act 1918, Sehenk Vs USA 1919 जस्ता ऐनहरू बने । अमेरिकामा प्रेस स्वतन्त्रताको पूर्ण प्रत्याभूति रहेको छ । अमेरिकी संविधानमा प्रेस स्वतन्त्रताको विषयमा निम्न कुराहरू उल्लेख गरिएको छ : Congress shall make no law abridging the freedom of speech or of the press. यहाँको कानूनले प्रसारण माध्यमलाई भन्दा छापा माध्यमलाई बढी प्राथमिकताका साथ सुरक्षा प्रदान गरेको छ । तदनुरूप पत्रपत्रिका दर्ता गर्नुपर्ने वाध्यता छैन । अमेरिकाको विद्यायिकाले प्रेस स्वतन्त्रतालाई कुण्ठित पार्ने कुनै पनि किसिमको कानून पारित गर्न सक्दैन । यहाँको प्रचलित प्रेस कानूनहरूमा : The Privacy Protection Act 1980, Journalist Shield Laws, Freedom of Information Act 1966 र Sunshine Law 1976 आदि रहेका छन् ।

'अमेरिकाको संविधानको प्रथम संसोधन साथै राष्ट्रिय सुरक्षाका विषयवस्तुप्रति लक्षित सनसाइन ऐनबाट स्वतन्त्रताको विगुल सुरक्षित गरेको छ । अमेरिकी राज्य व्यवस्थाले अविच्छिन्न पारदर्शी सूचना प्रणालीमार्फत स्वतन्त्र र वहुलवादी दृष्टिकोणबाट जनसरोकारका मुद्दालाई पूर्णतया उजागर गर्ने सूचना संवाहन नीति प्रज्वलित गर्दछ । यद्यपि कतिपय अवस्थामा सूचनाको स्रोतमाथि संकुचनको ऐन, राष्ट्रिय सुरक्षा, परराष्ट्र, आन्तरिक रूपमा वैदेशिक व्यापारिक संवेदनशीलता तथा कसैको व्यक्तिगत मामिला र स्वास्थ्य सम्बन्धमा लागू भएको पाइन्छ ।'[14]

जर्मनीमा १५ औं शताब्दीमा प्रेस कानून सम्बन्धी व्यवस्था जारी गरिएको थियो । तर सन् १९४८ अर्थात् दोस्रो विश्वयुद्ध पश्चात् मात्रै वास्तविक रुपमा प्रेस स्वतन्त्रताको हकलाई संविधानद्वारा संरक्षण गर्ने कार्यको प्रारम्भ भएको थियो । हिटलरको शासन काल (१९३३-१९४५) मा नाजिर शासनसँग प्रभावित पत्रपत्रिकाहरूलाई मात्र प्रकाशित गर्ने अनुमति प्राप्त थियो । जर्मनी एकिकृत भएपश्चात् अन्य युरोपेली राष्ट्रहरूको प्रेस स्वतन्त्रताको तुलनामा जर्मनीको प्रेस स्वतन्त्रता एक उदाहरणीय नमूनाको रुपमा उजागर हुन थाल्यो ।

सन् १७८८ को फ्रान्सिसी राज्य क्रान्तिबाट फ्रान्सको इतिहासको प्रारम्भ हुन्छ । फ्रान्सको प्रेस स्वतन्त्रता पनि निकै उच्च स्थानमा दर्जित छ । सर्वप्रथम यहाँ सन् १८८० मा प्रेस कानूनको निर्माण गरियो । सन् १९८५ मा संशोधन भएको फ्रान्सको संविधानले सबैलाई स्वतन्त्र रूपले बोल्ने, लेख्ने र मुद्रण गर्ने अधिकार प्रदान गरेको छ । सन् १९७८ पछि पूर्व अनुमति विना समाचारपत्रहरू प्रकाशित गर्न पाउने अवस्थाको सृजना भयो । तर अपराधलाई प्रश्रय दिने, शान्ति, सुरक्षामा खलल पुऱ्याउने, मानहानी, गाली

14 *k|an/fh kf]v/]n, /fhwfgL b}lgs, a}zfv @)^#*

बेइज्जती, कपोलकल्पित समाचारहरूमा रोक लगाएको छ । सन् १७८९ मा प्रेस स्वतन्त्रतालाई फ्रान्सको राष्ट्रिय सभाले लिखित रूपमा मान्यता प्रदान गरेर विश्वमै यस किसिमको स्वतन्त्रता प्रदान गर्ने फ्रान्स पहिलो राष्ट्र बन्यो । फ्रान्सको संविधान, १९५८ को प्रस्तावनामा नै प्रेस स्वतन्त्रता प्रत्याभूति गर्ने सम्बन्धी विधाको प्रावधान उल्लेख गरिएको छ । फ्रान्समा प्रेस स्वतन्त्रता सम्बन्धी ऐनहरू पारित भए । अदालती नजिरहरू पनि थुप्रै छन् । Penal Code 1810, Code of Penal Procedure 1807, Civil Code 1806, Code of Military Justice तथा The Law of 29th July जस्ता प्रेस स्वतन्त्रतालाई सीमा अंकित गर्ने ऐनहरू पनि जारी छन् । मुद्रण माध्यमलाई पूर्ण स्वतन्त्रता प्रदान गरिएता पनि प्रेस र सरकारबीच सहयोग र सहभागिताको व्यवस्था हुनुपर्ने भएकोले यस माध्यमको स्थिति प्रष्ट नभएको वा अन्योलपूर्ण रहेको देखिन्छ ।

सोभियत संघ विघठन पूर्व सम्पूर्ण आमसञ्चारका माध्यमहरू सरकारी नियन्त्रण र स्वामित्वमा थिए । समाजवादी देशहरूमा प्रेस स्वतन्त्रता सरकारको नियन्त्रणमा हुन्छ । सन् १९९० अगस्त १ मा सोभियत संघ विखण्डित भए पश्चात प्रेस स्वतन्त्रता माथिको प्रतिवन्ध फुकुवा गरिएको हो । अहिले सोभियत संघमा उत्पन्न भएको राजनीतिक परिवर्तनले सञ्चार माध्यममा नयाँ आयाम थपिएको छ ।

जनवादी गणतन्त्र चीनको प्रेस स्वतन्त्रता पनि पूर्ण रूपमा सरकारको स्वामित्वमा थियो । तर सन् १९८२ पश्चात केही प्रेस स्वतन्त्रता प्रदान गरिएको छ । चीनको संविधानले अपमान, बेइज्जती र झुठो आरोपबाट सुरक्षित गर्ने जस्ता विषयमा कानूनी स्वरुप प्रत्याभूति प्रदान गरेको छ । यसैगरी प्रेसले नागरिकको सार्वजनिक सम्पत्तिको सुरक्षा, श्रम अनुशासन, सार्वजनिक आदेशको पालना, सामाजिक मूल्य, मर्यादा तथा नैतिक मान्यताको सम्मान गर्नुपर्ने तथा राज्यको गोप्यता कायम राख्ने जस्ता वस्तु प्रेस स्वतन्त्रतामा उल्लेख गरिएको पाइएको छ । समाजवादी व्यवस्थामा पूर्णतया अभिव्यक्ति स्वतन्त्रता विद्यमान भई पूर्णानुभूति रुपमा उपभोग हुन्छ भन्न सकिन्न । समाजवादी प्रजातन्त्रमा प्रेसलाई सरकारले पूर्ण सरकारी मातहतद्वारा सञ्चालन गर्ने हुनाले कानूनतः स्वतन्त्रता भनिएता पनि जनता माझ पुग्न सकिरहेको हुँदैन । चीनको संविधानमा नागरिकले स्वतन्त्रता र अधिकार उपभोग गर्दा समाज, राज्य, कानून र अरू नागरिकहरूको अधिकारको ख्याल गर्नुपर्ने उल्लेख गरिएको छ । धारा ३८ मा Insult, Libel, False, Charge or Frameout up directed against citizens by any means of prohibited जस्ता अभिव्यक्तिको व्यवस्था गरिएको छ ।

जापानको दोस्रो विश्वयुद्धमा पराजय पश्चात् कानून तथा प्रेसमाथिको नियन्त्रण हटाइयो । जापानी संविधानले गोपनीयता भंग गर्न नहुने र अश्लील प्रकाशनमा बन्देज लगाइएको उल्लेख गरिएको छ । प्रतिलिपि अधिकारले लेखकको कृतिमाथिको अधिकारलाई सुनिश्चित गरेको छ । सन् १९७९ को सर्वोच्च

अदालतको निर्णयले सुसूचित हुन पाउने अधिकारलाई वाक् स्वतन्त्रताको अभिन्न अंग ठानेको थियो । यहाँ अपेक्षाकृत रूपमा पश्चिमी मुलुकहरूको जस्तो प्रेस स्वतन्त्रताको प्रत्याभूति त्यति राम्रो पाइंदैन । सन् १९४६ मा सामाजिक हितलाई ध्यानमा राखी प्रेस स्वतन्त्रताको सिद्धान्तलाई मान्यता दिइयो । हालसम्म जापानमा प्रेस सम्बन्धी छुट्टै कानून बनेको छैन । सन् १९४७ मा निर्माण भएको संविधानले सबै नागरिकको अभिव्यक्ति स्वतन्त्रतालाई प्रत्याभूति दिएको देखिन्छ । जापानका समाचार माध्यमहरूले स्रोत खुलाउनै पर्दछ भन्ने मान्यता छैन । प्रेस नियन्त्रण गर्ने विशेष कानून नभएता पनि प्रेस स्वयम् नै आत्मनियन्त्रित छन् ।

भारतको प्रेसको लागि कुनै पनि किसिमको विशेष कानूनको निर्माण नभएता पनि प्रेसलाई नियन्त्रण गर्न ऐन कानून भने नभएका होइनन् । भारतमा श्रमजीवी पत्रकार कानून (Working Journalist Act), पुस्तकको रजिष्टेशन कानून १९६७ (Registration of Book Act 1967) र फौजदारी कानूनहरू प्रचलित रहेका छन् । भारतको संविधानको धारा १९ (१) मा (सबै नागरिकलाई वाक र अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ अर्थात् (All citizens shall have the rights to freedom of speech and expression) को प्रत्याभूति दिई प्रेस स्वतन्त्रताको अर्थलाई समेटेको छ । धारा १९ (२) ले सम्वैधानिक धाराहरू लगायतको बन्देज अर्न्तगत रहेर प्रेस स्वतन्त्रतालाई उपयोग गर्न सकिन्न । सञ्चारकर्मीहरूले भारतको सार्वभौमसत्ता अखण्डता, गोप्यता, वैदेशिक सम्बन्ध, नैतिकता सदाचार, अदातलको मानहानी जस्ता कार्यहरु गर्न नपाउने व्यवस्था गरिएको छ । यहाँ The Offical Secret Act 1925, Press Register Book Act 1961, Copyright Act 1957 जस्ता ऐनहरू रहेका छन् ।

प्रेस काउन्सिल ऐन १९७८ अर्न्तगत भारतमा प्रेस काउन्सिलको स्थापना गरिएको हो । यसले अखवार वा समाचार समितिहरूलाई आफ्नो अस्तित्व कायम गर्न मद्दत पुऱ्याउँछ । यो ऐन अर्न्तगत प्रेस काउन्सिलले आचारसंहिता निर्माण गरी कार्यान्वयन गर्दछ । उता सम्पादकहरूले अभिव्यक्त गरेको छुट्टै पत्रकार आचारसंहिताले प्रेस काउन्सिलको आचारसंहितालाई नियन्त्रण गर्दछ । छापाखाना तथा अखवार ऐन पनि निश्चित मापदण्ड अर्न्तगत तय गरेको छ । सन् १९५३ मा अखिल भारतीय समाचारपत्र सम्पादक सम्मेलनको स्थायी समितिले १५ सूत्रीय आचारसंहिता घोषणा जारी गरेको थियो । यसैगरी सम्पादक मण्डलले तयार पारेको आचारसंहिताको घोषणापत्रमा १४ बुँदाहरु समावेश गरिएका छन् । यसमा समाचारको प्रस्तुतिमा सद्भावना र न्यायपरायणतालाई आफ्नो व्यवहार र उत्तरदायित्व सम्झनु पर्ने, विद्रोह, हिंसा, उथलपुथलको सम्भावनालाई स्थान नदिने, प्रकाशित सामग्री सत्यतथ्यमा आधारित हुनुपर्ने, व्यावसायिक गोपनीयताको रक्षा, प्रलोभनमा फस्न नहुने, देशको प्रभुसत्ता, अखण्डता, सुरक्षा तथा वैदेशिक सम्बन्धमा आघात पुग्ने गरी कुनै पनि सामग्री प्रकाशित गर्न नहुने जस्ता बुँदाहरू उल्लेख गरिएका छन् ।

भारतको संविधानमै प्रेस स्वतन्त्रताको प्रत्याभूति गरिएको छ । प्रेस स्वतन्त्रतालाई संविधानले मौलिक हकको रूपमा संरक्षण गरेको छ ।

पाकिस्तानको सन् १९७३ को संविधानको धारा १९ ले पाकिस्तानी नागरिकहरूलाई प्रेस स्वतन्त्रताको प्रत्याभूति गरेको छ । यहाँ इस्लामिक धर्म र कानून विरूद्ध कुनै पनि कार्य गर्न प्रतिबन्ध लगाइएको छ । यहाँको प्रेस कानूनमा Registration of Printing Press and Publication (RPPPO), Panel Code 1960, Foreign Relations Act 1960, Prevention of Anti National Activites Act 1974, Offcial Secrets Act 1923, Security of Pakistan Act 1952 प्रचलित छन् । ऐनहरूले राज्यको आदर्श, गोपनीयता, सार्वभौमसत्ता आदिमा आँच आउने कार्य गर्न पाइँदैन । यदि सो गरेमा देशद्रोहको अपराध मानिन्छ ।

श्रीलंकाको संविधान १९७८ को धारा १४(१) मा प्रत्येक नागरिकलाई वाक तथा अभिव्यक्तिको स्वतन्त्रता प्रकाशन समेत (The freedom of speech and expression including publication) को मौलिक अधिकारको प्रत्याभूति प्रदान गरेको छ । Penal Code, Offical Secrect Act प्रेस सम्बन्धी ऐन नियमहरू विद्यमान छन् । तर संविधानमा जनयुद्ध र आतंकवादको नियन्त्रणका लागि आतंकवाद विरूद्धको कानून (Anti Terrorism Law) प्रयोग गरी आमसञ्चारका माध्यमहरूलाई सरकारले नियन्त्रण गरी नयाँ अध्यादेशहरू पारित गर्नसक्ने प्रावधान उल्लेख गरिएको छ ।

बंगलादेशको संविधानको धारा ३९ (१) मा The Right to Freedom of Speech and Expression विद्यमान छ । यहाँको संविधानले प्रत्येक नागरिकले विना निरंकुश रूपले विचार तथा सचेतताको अधिकारको प्रत्याभूति प्रदान गर्ने अभूतपूर्व आदर्श र प्रजातान्त्रिक हकको उदाहरण प्रस्तुत गरेको छ । यहाँका प्रेस कानूनहरूमा Printing Press and Publication Act 1973, Penal Code 1960, Special Power Act 1974, Offical Secrets Act 1983, Incident Advertisement Prohibition Act 1963 प्रचलित छन् ।

मालदिभ्सको संविधानको धारा १३ ले मुद्रण स्वतन्त्रता र विचारको स्वतन्त्रतालाई प्रत्याभूत गरेको छ । तर इस्लामिक सारियात कानूनमा ठेस नपुऱ्याउँने हदसम्म यो प्रत्याभूति मान्य हुनेछ । यहाँको प्रेस कानूनमा पत्रिका प्रकाशन पूर्व दर्ता गर्नुपर्ने, इस्लामिक धर्मको सिद्धान्तमा चोट पुऱ्याउँन नपाउने, सामाजिक स्थायित्व एवम् एकतामा ठेस पुऱ्याउँन नपाउने, व्यक्तिको प्रतिष्ठामा आँच आउने चिज प्रकाशन एवं प्रसारण गर्न नपाउने जस्ता प्रावधानहरू तोकिएका छन् । यसबाट यहाँ पत्रपत्रिकाहरूको सेन्सर गर्ने प्रबल सम्भावना देखिन्छ ।

## ७. नेपालमा प्रेस कानून

नेपालमा प्रेस स्वतन्त्रता कायम हुनुपर्छ । नेपाल अधिराज्यको संविधानमा वाक् तथा प्रकाशन स्वतन्त्रताको व्यवस्था गरिएको छ । वाक् तथा प्रकाशन स्वतन्त्रता सम्बन्धी ऐन, गोरखापत्र प्रकाशनलाई नियन्त्रण गर्न जारी गरिएको सनद र 'नेपालको अन्तरिम विधान, २००४' यता विभिन्न समयमा बनेका ऐन तथा निर्माण भएका संविधान तथा प्रकाशन सम्बन्धी ऐन नियमहरूमा उल्लेख गरिएको छ । २००७ सालदेखि २०४६ सालसम्मको समयमा विभिन्न उथलपुथलहरूका क्रमसँगै समय सापेक्ष ढंगबाट विभिन्न छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन नियमावलीहरू बने । २०४६ साल पछि बनेको 'वाक् तथा प्रकाशन स्वतन्त्रता ऐन, २०४९' जनभावना अनुरूप बन्यो । यस ऐनमा निम्न बुँदाहरू उल्लेख गरिएको छ :

(१) गाली बेइज्जती हुनेगरी बोल्न, लेख्न र प्रकाशन गर्न पाइंदैन ।

(२) अदालतको अवहेलना हुनेगरी बोल्न, लेख्न र प्रकाशन गर्न पांइदैन ।

(३) संसदको विशेषाधिकार हनन हुनेगरी बोल्न, लेख्न र प्रकाशन गर्न पाइंदैन ।

(४) कानूनद्वारा निषेधित अपराध गर्न, प्रोत्साहित पार्ने किसिमले या राजद्रोह वा राजकाज अपराध हुने गरी बोल्न, लेख्न र प्रकाशन गर्न पाइंदैन ।

(५) सरकारी कर्मचारी, प्रहरी र सेनालाई भड्काउने किसिमले लेख्न र प्रकाशन गर्न पाइदैन ।

(६) प्रसङ्ग हेरी अश्लिल भाषा वा शैलीमा प्रकाशित गर्न बन्देज छ ।

(७) जाति, वर्ग वा समुदायबीच घृणा वा द्वैष फैलाउने किसिमका कुराहरू बोल्न, लेख्न र प्रकाशन गर्न पाइंदैन ।

## ८. सूचनाको हक

नेपालको पत्रकारिताको इतिहासमा व्यवस्थापिका-संसदद्वारा २०६४ साउन ५ गते 'सूचनाको हक सम्बन्धी विधेयक, २०६४' पारित गरिएको छ । नेपालमा यो सूचना क्रान्तिको लागि अर्को फड्को हो । ऐन प्रचलनमा ल्याउन नियमावलीको आवश्यकता हुन्छ । यसैगरी ऐनलाई पूर्णता दिन गोपनीयताको हक सम्बन्धी पूरक कानून तथा यसको भोगचलनको वातावरण निर्माण गर्न श्रमजीवी पत्रकार सम्बन्धी ऐन पारित हुन जरूरी थियो । यो ऐन पनि व्यवस्थापिका-संसदको बैठकले पारित गरिसकेको छ । अब सरकारी सूचनामा मात्रै नागरिकको पहुँच सीमित हुनेछैन । सूचनाको हक सम्बन्धी विधेयकले सार्वजनिक निकाय भनेर 'संविधान अन्तर्गतका निकाय, ऐनद्वारा स्थापित निकाय, नेपाल सरकारद्वारा गठित निकाय, कानूनद्वारा गठित निकाय, कानूनद्वारा स्थापित सार्वजनिक सेवा प्रदायक संगठित संस्था वा प्रतिष्ठानलाई व्याख्या

गरेको छ । यी निकायहरूबाट सूचनादाताको हक प्राप्त हुने अपेक्षा गरिएको छ । यसैगरी राजनीतिक दल तथा संगठन पनि सार्वजनिक निकायमा परेका छन् । त्यस्तै सरकारको पूर्ण र आंशिक स्वामित्व प्राप्त भएका वा अनुदान प्राप्त संगठित संस्था, परियोजना, समिति, गैरसरकारी संस्थालाई पनि सार्वजनिक निकायका रूपमा समेटिएको छ । यसर्थ विधेयकले यिनीहरूमा नागरिकको सूचनाको हकको पहुँचलाई प्रत्याभूति गरेको देखिन्छ ।

ऐनले राष्ट्रिय सूचना आयोगको व्यवस्था गरेको छ । यस अनुसार सूचनादाताको संरक्षण तथा सूचनाको दुरूपयोग रोक्ने विषय पनि उत्तिकै महत्वपूर्ण छ । यसर्थ यस ऐनमा राज्य संरचनासम्म सूचनाको हक प्राप्त हुनसक्ने अपेक्षा रहेको छ । कार्यान्वयन पक्ष सघन हुँदा मात्रै विधेयक तथा ऐनले सफलता प्राप्त गर्न सक्दछन् ।

# परिच्छेद – ४

## नेपालमा प्रेस काउन्सिल

### १. २०१७ साल पूर्वको अवस्था

नेपाली पत्रपत्रिका र त्यससँग सम्बन्धित कानूनी व्यवस्थाको ऐतिहासिक पृष्ठभूमिलाई निरुपण गर्दा वि.सं. १९५८ मा *गोरखापत्र*को प्रकाशनले विजारोपण गरेको देखिन्छ । छापाखाना तथा प्रकाशनको कार्यशैलीलाई व्यवस्थित गर्ने अभिप्रायबाट वि.सं. १९७० मा “गोरखा भाषा प्रकाशिनी समिति” को स्थापना गरी छाप्न पाउने र नपाउने कानूनी व्यवस्था जारी गरियो । साथै वि.सं. २००५ बैशाख २ गतेदेखि नेपाल अधिराज्यभर लागू हुनेगरी “छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०५५” जारी गरियो । त्यस ऐनले छाप्ने एवं छपाउने सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था गर्नुको साथै प्रतिलिपि अधिकारको संरक्षण सम्बन्धमा समेत विशेष व्यवस्थापन गर्न पुग्यो । नेपाली जनतालाई मौलिक हकको उपयोग गर्न दिन समयानुकूल रूपमा आवश्यक भएको सम्भी राणा शासनको अन्त्यतिर “मौलिक हक सम्बन्धी ऐन, २००५” जारी गरी यस ऐनले प्रेस स्वतन्त्रताको क्षेत्रमा अनियन्त्रित र पूर्ण स्वतन्त्रता प्राप्त नहुने गरी केही सीमाहरू निर्धारित गरी दिएको थियो । यस ऐनमा जात जाति, धर्म सम्प्रदायमा, नागरिक नागरिकबीच घृणा, द्धेष, दुर्भावना र वैरभावना उत्पन्न गराउन, शान्ति भंग हुने वा डर त्रास उत्पन्न गर्ने गराउने गरी कुनै लेख, चिन्ह, तस्वीर, चित्र प्रकाशन गर्न रोक लगाइएको थियो ।

नेपालभित्र किताब र अखवारहरु छाप्न, छापाखाना राख्न इजाजत लिनुपर्ने सम्बन्धमा यथोचित व्यवस्था गर्ने अभिप्रायले वि.सं. २००५ सालको “छापाखाना प्रकाशन र प्रकाशन सम्बन्धी ऐन, २००५” लाई खारेज गरी “नेपाल छापाखाना र प्रकाशन रजिष्ट्रेशन सम्बन्धी ऐन, २००८” जारी गरियो । वि.सं. २००७ सालमा प्रजातन्त्रको अभ्युदय पश्चात् प्रेस जगतको क्षेत्रलाई फराकिलो तथा मर्यादित बनाउने उद्देश्य अनुरुप वि.सं. २००८ सालमा “छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २००९” जारी गरी यो ऐनले खासखास विषयहरूमा घुमाई वा सोभ्कै अपराधको वृद्धि हुने आशंकाको कुनै शब्द अथवा प्रत्यक्ष कुनै समाचारपत्र, पत्रिका, पुस्तक अथवा अरू लिखतपत्रमा छापी प्रकाशन गर्न नहुने व्यवस्था गऱ्यो । कसैले यो नियमलाई मिचेमा सो उपर ६ महिनासम्म कैद हुन सक्ने प्रावधान राखिएको थियो ।

वि.सं. २००७ साल पश्चात पत्रकारिताको क्षेत्रमा विशेष कानूनको तर्जुमा गरी पत्रकारिताको संरक्षण गर्न खोजिएता पनि स्वस्थ पत्रकारिताको विकासमा अनेकौं समस्याहरू देखा परे । यसमा

देखापरेका समस्याहरू अध्ययन गरी देशमा स्वच्छ तथा स्वस्थ पत्रकारिताको विकास गराउन उपयुक्त सुझावहरू पेश गर्न सरकारबाट वि.सं. २०१४ सालमा विशेष न्यायधीश कृष्णप्रसाद चापागाईको अध्यक्षतामा ७ सदस्यीय "प्रेस कमिशन"को गठन गरिएको थियो । उक्त कमिशनले नेपाली पत्रपत्रिकाहरू फस्टाउन प्रेस क्षेत्रमा विभिन्न सुविधाहरु दिइनु पर्ने, आफ्नो स्वतन्त्र अस्तित्वको लागि राष्ट्रिय संवाद समिति चलाउनु पर्नेजस्ता विभिन्न सुझावहरू दिएको भएता पनि सो को कार्यान्वयन हुन सकेन । त्यतिबेला प्रेस कमिशनको रिपोर्टमा जम्मा ३१ वटा पत्रपत्रिकाहरू प्रकाशित भएको उल्लेख गरिएको छ ।

## २. पञ्चायती कालमा प्रेस काउन्सिल

वि.सं. २०१७ साल पौष २२ गते राजनीतिक पार्टीहरू प्रतिवन्धित भए पश्चात नेपाली सञ्चार माध्यमले अर्को नयाँ रुप लिन पुग्यो । राजनीतिक पार्टी र तिनीहरूबाट प्रेरित संगठनहरुका मुखपत्रका रूपमा प्रकाशित भइरहेका पत्रपत्रिकाहरूको प्रकाशन बन्द गरिए । यद्यपि वि.सं. २०१७ साल फागुन ८ गतेदेखि वि.सं. २०१७ मंसिर ३० गतेसम्ममा नेपाली पत्रकारिताको क्षेत्रमा दैनिक ३६, साप्ताहिक ४७, अर्धसाप्ताहिक ५ र विभिन्न संगठन तथा पार्टीका मुखपत्रको रुपमा रहेका साप्ताहिक २५, त्रैमासिक १, अर्धसाप्ताहिक १, पाक्षिक २८, मासिक २ र सरकारको विभिन्न निकायहरूद्वारा त्रैमासिक ३, मासिक २१ र पाक्षिक ५ पत्रपत्रिकाहरू प्रकाशित रहेका देखिन्छन् ।

वि.सं. २०१८ साल फागुन ७ गते "राष्ट्रिय समाचार समिति" को समाचार संकलन तथा वितरण गर्ने उद्देश्यले स्थापना गरिएको थियो । निष्पक्ष तथा आधिकारिक रूपमा शुद्ध, पक्षपातरहित विश्वसनीय एवं वास्तविक समाचारको संकलन तथा वितरण गर्ने कर्तव्य तोकी "राष्ट्रिय समाचार समिति ऐन, २०१९" जारी गरिएको देखिन्छ । यसैगरेर वि.सं. २०१९ सालमा "छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०१९" जारी गरियो ।

वि.सं. २०२४ सालमा प्रेस सल्लाहकार समितिको गठन भएकोमा वि.सं. २०२७ सालमा त्यसको नाम परिवर्तन गरी "प्रेस सल्लाहकार परिषद" भनियो तथा "छापाखाना सम्बन्धी ऐन, २०१९" बमोजिम वि.सं. २०२७ साल आश्विन ६ गते प्रेस काउन्सिल नेपालको गठन गरी काम, कर्तव्य निर्धारण गरिएको थियो । पत्रकारितामा नयाँ आयाम थप्ने अभिप्रायले प्रेस काउन्सिल नेपालको स्थापना गरियो ।

### (क) गठन

"छापाखाना तथा प्रकाशन ऐन, २०१९" ले देहाएका अध्यक्ष तथा सदस्य भएको प्रेस काउन्सिलको गठन हुने व्यवस्था गऱ्यो :

(१) सर्वोच्च अदालतको वहालवाला वा अवकाश प्राप्त न्यायाधीशहरू मध्येबाट श्री ५ को सरकारद्वारा मनोनीत एकजना — अध्यक्ष

(२) नेपाल पत्रकार संघका सभापति — सदस्य

(३) सूचना विभागका निर्देशक — सदस्य सचिव

(४) गोरखापत्र र द राइजिङ नेपालका सम्पादकहरूमध्येबाट श्री ५ को सरकारद्वारा मनोनीत एक जना सम्पादक — सदस्य

(५) राष्ट्रिय समाचार समितिका महाप्रबन्धक — सदस्य

(६) तोकिए बमोजिम पत्रकार संघबाट निर्वाचित चारजना — सदस्य

(७) राष्ट्रिय पञ्चायतका सदस्य, प्राध्यापक, समाजसेवी, लेखकमध्ये प्रत्येकबाट एकएक गरी श्री ५ को सरकारद्वारा मनोनित जम्मा चारजना — सदस्य

(८) उपरोक्त व्यक्तिहरूमध्ये कम्तीमा आठजना उपस्थित भएको बैठकको बहुमतद्वारा सहवृत्त दुइजना — सदस्य

## (ख) काम, कर्तव्य र अधिकार

(१) राष्ट्रिय दृष्टिकोण एवं राष्ट्रिय हितलाई ध्यानमा राखी देश, नरेश र पञ्चायत व्यवस्थाप्रति पूर्ण आस्थावान हुने पत्रकारिताको विकासको लागि वातावरणको सिर्जना गर्ने ।

(२) पत्रपत्रिका र श्री ५ को सरकारकोबीचको सम्बन्ध सौहार्दपूर्ण र सहयोगात्मक बनाउने ।

(३) स्वस्थ एवं स्वच्छ पत्रपत्रिकाको विकासको लागि सुझाव तयार गरी श्री ५ को सरकारमा सुझाव प्रस्तुत गर्ने ।

(४) पत्रपत्रिकाको विषयमा कुनै नियम वा नीतिमा परिवर्तन गर्नु परेमा श्री ५ को सरकारलाई सुझाव एवं सल्लाह प्रस्तुत गर्ने ।

(५) पत्रकारिता एवं पत्रकारवर्गको हितमा सञ्चालन गरिने कुनै पनि कार्यक्रममा मागेको राय सल्लाह एवं सुझावको रूपमा मसौदा तयार पारी श्री ५ को सरकारलाई सुझाव प्रस्तुत गर्ने ।

(६) श्री ५ को सरकारलाई प्राप्त हुने पत्रकारिताको छात्रवृत्तिमा अध्ययन गर्न पठाइने उम्मेदवारहरूको योग्यता तोक्ने विषयमा श्री ५ को सरकारलाई सुझाव दिने र

(७) प्रचलित पत्रपत्रिकाहरूको गतिविधि एवं वस्तुस्थितिबारे अध्ययन गरी समयसमयमा श्री ५ को सरकालाई राय पेश गर्ने ।

वि.सं. २०३२ सालमा सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न तथा छापाखाना र प्रकाशन सम्बन्धमा समयानुकूल बढी स्पष्ट र प्रभावकारी रूपमा व्यवस्था र नियन्त्रण गर्ने उद्देश्यले "छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०१९" लाई खारेज गर्दै नयाँ तर कठोर व्यवस्थाहरू जारी गरियो । यस ऐनले जारी गरेका मुख्य व्यवस्थाहरूमा इजाजत प्राप्त नगरी छापाखाना राख्न वा प्रकाशन गर्न नपाइने, अनधिकृत रुपमा छापाखाना राखेमा वा अनधिकृत प्रकाशन प्रकाशित गरेमा सजायँ हुने, त्यस्तो छापाखाना जफत हुने र प्रकाशनलाई जफत गरी नष्ट गरिने, राष्ट्रिय हित र सुरक्षा वा सार्वजनिक हित वा शान्ति र व्यवस्था वा सार्वभौमसत्ता वा दलविहीन प्रजातान्त्रिक पञ्चायती व्यवस्थामा आँच आउने, नेपाल अधिराज्यको असंलग्न परराष्ट्र नीतिमा खलल पार्ने, दलगत राजनीतिको भावना फैलाउने जस्ता सामग्रीहरू प्रकाशन गरेको वा त्यस्तो क्रियाकलाप एवं उद्योगमा लागेको आशंका गरिएमा सरकारले त्यस्ता छापाखाना तथा प्रकाशनलाई रोक लगाउन सक्ने व्यवस्था रहेको थियो । यसै ऐनमा पत्रकारहरूको लागि प्रमाणपत्र लिनुपर्ने अनिवार्य व्यवस्थासमेत जारी गरिएको देखिन्छ ।

यो ऐनले प्रेस काउन्सिलको गठनको प्रक्रियामा पनि केही संशोधन, थपघट र छापाखाना तथा प्रकाशन ऐन, २०१९ ले निर्धारण गरेको प्रेस काउन्सिलको काम, कर्तव्य र अधिकारमा समेत केही थपघट गरियो । अरू व्यवस्थालाई यथावत जारी गरी प्रेस प्रतिनिधि प्रमाणपत्र दिने वा नदिने विषयको सिफारिस गर्ने र छापाखाना र प्रकाशन आचारसंहिता जारी गर्न पाउने व्यवस्था यो ऐनमा गरिएको थियो । यसै अख्तियारलाई मध्यनजर राखी प्रेस काउन्सिल नेपालले सरकारसँग स्वीकृति लिई दलविहिन राजनीतिको लागि उचित वातावरणको सृजना हुनेगरी २२ सूत्रिय छापाखाना तथा प्रकाशन आचारसंहिता जारी गर्न पुग्यो । त्यस्तै, आ.वं. ०३१/०३२ देखि प्रेस काउन्सिल नेपालले सुझावसहितको प्रतिवेदन सरकारसमक्ष चढाउँदै आइरहेको थाहा भएको छ । हालसम्म प्रेस काउन्सिल नेपालले ३१ वटा वार्षिक प्रतिवेदन नेपाल सरकारसमक्ष बुझाएको छ ।

यसैगरी वि.सं. २०३७ साल श्रावण २९ गते "वाक तथा प्रकाशन स्वतन्त्रता ऐन, २०३७" जारी गरियो । यो ऐनले नेपालको संविधानको अधिनमा रही नेपाली नागरिकले आफ्नो विचार अभिव्यक्त गर्न पाउने व्यवस्था गरेता पनि ऐन जारी गरिएको लगत्तै वि.सं. २०३७ साल फाल्गुण ११ गते न्यायधिश त्रिलोक प्रताप राणाको अध्यक्षतामा ६ सदस्यीय "शाही प्रेस आयोग" गठन भयो । यो शाही आयोगले वि.सं. २०३८ श्रावण १२ गते सरकारसमक्ष बुझाएको प्रतिवेदनमा प्रेस काउन्सिल नेपाललाई अझ सशक्त बनाउन सुझाव पेश गरेको देखिन्छ । उक्त सुझावमा :

(१) श्रमजीवी पत्रकार साथै पत्रकारहरूको समुचित प्रतिनिधित्व हुने गरी प्रेस काउन्सिलको गठन विधिमा समसामयिक परिवर्तन गरिनुपर्ने ।

(२) प्रेस काउन्सिलको गठन छुट्टै ऐनद्वारा गठन गरी एक अविछिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्थाको रूपमा हुनुपर्ने ।

(३) आचारसंहिता विपरीत हुने कुनै कुरा भए गरेकोमा आवश्यक कार्य विधि सम्बन्धी नियम बनाई आवश्यक कारवाही गर्ने अधिकार प्रेस काउन्सिललाई हुनुपर्ने ।

(४) समाचार पत्रपत्रिकाको वितरण संख्या जाँच गर्ने र वितरण संख्याको आधारमा पत्रपत्रिकालाई अखवारी कागज उपलब्ध गराउन सिफारिश गर्ने कार्य पनि प्रेस काउन्सिलबाट नै हुनुपर्ने ।

(५) पत्रकारहरूको तालिम, गोष्ठी सञ्चालन र पत्रकारिता सम्बन्धी विभिन्न क्षेत्रमा आवश्यक अनुसन्धानका कामसमेत प्रेस काउन्सिलबाट नै गराउनुपर्ने ।

(६) समाचार पत्रपत्रिकाहरू नियम बमोजिमको आकार, पृष्ठ संख्या, न्यूनतम् प्रति र अंक प्रकाशित भए नभएको जाँच तथा मूल्यांकन गर्ने र सोको आधारमा सरकारी विज्ञापनका लागि सिफारिश गर्ने अधिकार पनि प्रेस काउन्सिललाई नै हुनुपर्ने ।

शाही प्रेस आयोगले दिएको सुझावको पृष्ठभूमिलाई लिएर वि.सं.२०३९ सालमा छापाखाना र प्रकाशन सम्बन्धमा समयानुकूल बढी स्पष्ट र प्रभावकारी रुपमा व्यवस्थित गर्नको लागि 'छापाखान र प्रकाशन सम्बन्धी ऐन, २०३९' जारी गरियो । यो ऐनले पनि प्रेस काउन्सिलका सम्बन्धमा भइरहेको गठन प्रक्रियामा केही परिवर्तन गरी काउन्सिलको काम, कर्तव्य तथा अधिकारमा समेत थप व्यवस्था गऱ्यो । व्यावसायिक पत्रकारिताको उच्चतम् आचरण कायम राखी स्वच्छ, स्वतन्त्र र उत्तरदायिपूर्ण पत्रकारिताको विकास एवं सम्वर्द्धन गर्न प्रेस काउन्सिलको प्रमुख दायित्व रहेकोले उक्त थप गरिएका व्यवस्थाहरू निम्नानुसार रहेका थिए :

(१) आचारसंहिता उल्लंघन गरेमा प्रेस प्रतिनिधि प्रमाणपत्र निलम्बन गर्न वा खारेज गर्न श्री ५ को सरकारलाई सिफारिश गर्ने ।

(२) नेपालबाट प्रकाशित हुने पत्रपत्रिकाहरूको वितरण संख्या निश्चित गरी श्री ५ को सरकारलाई त्यसको जानकारी दिने र

(३) सार्वजनिक सञ्चार एवं पत्रकारिता विषयक गोष्ठी आयोजना गर्ने ।

सञ्चार क्षेत्रको योजनावद्ध विकास गर्ने सिद्धान्त अनुरुप वि.सं. २०२८ साल श्रावण १ गते "राष्ट्रिय सञ्चार योजना" लागू गरियो । उक्त योजनालाई समयानुकूल एवं अद्यावधिक बनाउने उद्देश्यले

"राष्ट्रिय सञ्चार नीति तथा कार्यक्रम, २०४५" निर्धारण गरेको प्रेस काउन्सिलको उद्देश्य, कार्यनीति र योजना निम्नानुसार रहेको देखिन्छ :

(१) पत्रकारिता क्षेत्रलाई राष्ट्रिय दृष्टिकोण अनुकूल बनाई विकासको मार्गतर्फ अग्रसर गराउन श्री ५ को सरकार, पत्रपत्रिका क्षेत्र तथा जनसाधारणकाबीच आवश्यक सम्पर्क र समन्वय कायम गर्ने ।

(२) पत्रपत्रिकामा प्रकाशित तथ्यहीन एवं गैरजिम्मेवारी रिर्पोटिंगको कारणबाट कुनै व्यक्ति वा संस्थामाथि पर्न गएको पीरमर्काको सुनवाई गरी पत्रकारहरूलाई दायित्व बोध गराउने ।

(३) राष्ट्रिय दृष्टिकोण एवं पञ्चायती व्यवस्थाप्रति आस्थावान रहने पत्रकारिताको विकासका लागि आवश्यक वातावरण सृजना गर्ने ।

(४) पत्रकारिता जगत, जनसाधारण र श्री ५ को सरकारबीच घनिष्ट सम्बन्ध सृजना गर्ने ।

(५) स्वस्थ एवं स्वच्छ पत्रकारिताको विकासका लागि पत्रपत्रिकाहरूलाई हुर्काउन अनुकूल वातावरणको सृजना गर्ने र पत्रकारवर्गहरूमा आत्मानुशासनको भावना जागृत गरी अनुत्तरदायी पत्रकारितालाई निरूत्साहित गर्ने ।

(६) पत्रकारहरूको हितका लागि कुनै पनि कार्यक्रम सञ्चालनको लागि श्री ५ को सरकारले माग गरेमा राय सुझाव तयार पारी प्रस्तुत गर्ने ।

(७) पत्रकारिता सम्बन्धी तथ्यांक संकलन गरी वार्षिक प्रतिवेदन हरेक वर्ष श्री ५ को सरकारसमक्ष बुझाउने ।

(८) पत्रिकाहरूको लागि सैद्धान्तिक एवं व्यवहारिक आचारसंहिता प्रकाशमा ल्याई लागू गर्ने र वैज्ञानिक एवं व्यावहारिक पत्रपत्रिकाहरूको मूल्यांकन गर्ने ।

(९) पत्रकारहरूको लागि दिइने सहयोगका आधारहरू तयार गर्ने ।

(१०) छापाखाना र विभिन्न किसिमका पत्रपत्रिकाहरूको पूँजीकरण एवं अद्यावधिक विवरण अभिलेख प्रमाणित गर्ने र वितरण संपरीक्षण गर्ने ।

पञ्चायती व्यवस्थामा स्थापना गरिएको प्रेस काउन्सिल नेपालले उक्त अवधिमा खासै उल्लेखनीय कार्यहरू गर्न सकेन । सधैं शासन प्रणालीको निर्देशन एवं व्यवस्थाको अभिवृद्धिका लागि सञ्चार क्षेत्रको वातावरण अनुकूल बनाउनेतर्फ केन्द्रित भयो । पत्रकार आचारसंहिता प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेन । पञ्चायती शासन कालमा प्रेस काउन्सिलले पूर्णतया सरकारी नियन्त्रण र निर्देशनमा कार्य सम्पादन गर्नु परेको देखिन्छ ।

## ३. २०४६ साल पछिको प्रेस काउन्सिल

पत्रकारिताको पेसागत उच्चतम् आचरण कायम राखी स्वस्थ, स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकास तथा सम्वर्द्धनका लागि प्रेस काउन्सिल नेपालको स्थापना र व्यवस्था गर्न वाञ्छनीय भएकोले 'प्रेस काउन्सिल ऐन, २०४८' अनुसार प्रेस काउन्सिल नेपालको स्थापना गरिएको हो । काउन्सिल अविच्छिन्न उत्तराधिकारवाला एवं स्वशासित र संगठीत संस्था हुने कुरा काउन्सिलको ऐनमा उल्लेख गरिएको छ ।

## (क) उद्देश्य

(१) स्वस्थ्य पत्रकारिताको लागि उपयुक्त वातावरण सिर्जना गर्ने ।

(२) प्रेस स्वतन्त्रताको दुरूपयोग हुन नदिन पत्रकारिता सम्बन्धी आचारसंहिता तोक्ने ।

(३) प्रेस र सरकारबीच सौहाद्रपूर्ण मर्यादा कायम राख्न लगाउने ।

(४) सार्वजनिक नैतिकता र नागरिकहरूको मर्यादा कायम राख्न लगाउने ।

(५) प्रेस स्वतन्त्रता र पत्रकारिताको मर्यादामाथि हस्तक्षेप हुन नदिन प्रयत्नशील रहने ।

## (ख) गठन

नेपाल सरकारले देहायका व्यक्तिहरू रहने गरी काउन्सिलको गठन गर्दछः

(१) पत्रकारितामा वा कानूनी क्षेत्रका विशेष योगदान पुऱ्याएका व्यक्तिहरूमध्येबाट नेपाल सरकारले तोकेको व्यक्ति-अध्यक्ष

(२) प्रतिनिधि सभाका सदस्यमध्यबाट सभामुखले मनोनीत गरेको एकजना सदस्य-सदस्य

(३) राष्ट्रिय सभाका सदस्यमध्यबाट अध्यक्षले मनोनीत गरेको एकजना सदस्य-सदस्य

(४) पत्रकारहरू, सम्पादकहरू र प्रकाशकहरूमध्यबाट पत्रकार संघहरूको परामर्श लिई प्रत्येक क्षेत्रबाट दुईजनाको हिसाबले नेपाल सरकारले मनोनीत गरेको ६ जना व्यक्ति-सदस्य

(५) श्रमजीवी पत्रकारमध्येबाट नेपाल सरकारले मनोनीत गरेको एकजना व्यक्ति-सदस्य

(६) पत्रकारिता लगायत विभिन्न क्षेत्रमा विशिष्ट योगदान गरेका व्यक्तिमध्यबाट नेपाल सरकारले मनोनीत गरेको दुईजना व्यक्ति-सदस्य

(७) साहित्यिक पत्रकारितासँग सम्बन्धित संस्थाहरूले सिफारिश गरेको पत्रकारहरूमध्यबाट नेपाल सरकारले मनोनीत गरेको एकजना व्यक्ति-सदस्य

(८) महानिर्देशक प्रेस सूचना विभाग-सदस्य सचिव

काउन्सिलका अध्यक्ष तथा सदस्यहरूको पदावधि ४ वर्षको हुने व्यवस्था गरिएको छ । अध्यक्ष वा कुनै सदस्यले पदावधि समाप्त नहुँदै पद त्याग गर्न चाहेमा अध्यक्षले नेपाल सरकारसमक्ष र सदस्यले अध्यक्षसमक्ष लिखित राजीनामा पेश गर्न सक्ने छन् ।

## (ग) काम, कर्तव्य र अधिकार

(१) पत्रकारिता सम्बन्धी नीतिलाई समयसमयमा अवलोकन गरी सम्बन्धित क्षेत्रको रायसल्लाह लिई सरकारलाई सुझाव दिने ।

(२) स्वस्थ्य पत्रकारिताको विकास गर्न पत्रकारिता सम्बन्धी आचारसंहिता तयार गरी लागू गर्ने ।

(३) पत्रकारिताको विकासका लागि सरकारलाई सुझाव दिने ।

(४) पत्रकारिताको वितरण स्थितिको अद्यावधिक अभिलेख राख्ने ।


(५) पत्रपत्रिकामा प्रकाशित समाचारसँग सम्बन्धित विषयलाई लिएर कसैले काउन्सिलमा उजुरी दिएमा सो सम्बन्धमा आवश्यक कारवाही गर्ने ।

(६) पत्रपत्रिकाको गतिविधि एवं वस्तुस्थितिबारे अध्ययन र मूल्यांकन सहितको वार्षिक प्रतिवेदन सरकासमक्ष पेश गर्ने र

(७) पत्रपत्रिकामा प्रकाशित असामाजिक र आपत्तिजनक कुराहरूको सम्बन्धमा छानविन गर्ने ।

काउन्सिलले आफ्नो कार्य सुचारू रूपले सञ्चालन गर्नका लागि विभिन्न समिति एवं उपसमितिहरू गठन गर्न सक्छ । काउन्सिलमा गठन भएका ३ वटा समिति र १० वटा उपसमितिहरूको नामावली परिशिष्ठमा उल्लेख गरिएको छ । प्रेस काउन्सिल नेपालमा मौजुदा कुल स्थायी दरबन्दी २८ रहेको जानकारी प्राप्त भएको छ ।

## ४. संगठनात्मक स्वरूप



## ५. नीतिहरू

(१) स्वस्थ एवं मर्यादित पत्रकारिताको विकासका लागि आचारसंहिता तर्जुमा गर्ने ।

(२) पत्रकार आचारसंहिताको अनुगमन गर्ने ।

(३) पत्रकारिता क्षेत्रको अध्ययन अनुसन्धानका लागि व्यवस्थित एंव आधुनिक पुस्तकालयको स्थापना गर्ने एंव पत्रकारिता सम्बन्धी पुस्तक प्रकाशन गर्ने ।

(४) पत्रपत्रिकाहरुको दीर्घकालिन संरक्षणको लागि विद्युतीय सुरक्षा विधि सिडि रोम प्रविधिमा संरक्षण गरी अनुसन्धानकर्ताहरूलाई उपलव्ध गराउने ।

(५) पत्रकारहरूले प्रेस तथा संचार उपकरणहरू खरिद गर्दा लिएको ऋणको व्याजमा मिडिया विकास कोषको माध्यमबाट अनुदान दिने ।

(६) पत्रकारिता क्षेत्रको विकासका लागि पत्रकारहरूलाई प्रोत्साहन गर्ने ।

(७) साहित्यिक पत्रकारिता क्षेत्रको विकासका लागि साहित्यकारहरूलाई प्रोत्साहन गर्ने ।

(८) पत्रकार कल्याण कोषबाट पत्रकारहरू विरामी भएको अवस्थामा सामान्य स्वास्थ्य उपचारका लागि आर्थिक सहयोग उपलव्ध गराउने ।

(९) पत्रपत्रिकालाई तोकिएको निश्चित मापदण्ड र प्रक्रिया अनुसार वर्गीकरण गर्ने ।

## ६.    प्रदत्त सेवाहरू

१.    स्वस्थ एंव मर्यादित पत्रकारिताको विकासका लागि आचारसंहिता तर्जुमा गरी सो को प्रचार प्रसार गरी वितरण गर्दै आइरहेको छ ।

२.    पत्रकार आचारसंहिता उल्लंघनका विषयमा काउन्सिलमा परेका उजुरीहरूका सम्बन्धमा आवश्यक छानविन गरी कारवाही गरेको देखिन्छ । यसैगरी पत्रकार आचारसंहिताको उल्लंघन भए नभएको विषयमा पत्रपत्रिकाहरूको नियमित अनुगमन गर्ने गरिएको देखिन्छ ।

३.    पत्रकारितासँग सम्बन्धित अनुसन्धानमूलक पुस्तक प्रकाशन गरी बिक्री वितरण गर्दै आइरहेको छ ।

४.    पत्रकारितासम्बन्धी गतिविधि एवं काउन्सिलले सम्पादन गरेका मुख्य मुख्य कार्यहरू समावेश गरी त्रैमासिक रुपमा बुलेटिन प्रकाशन गरी पत्रकारितासँग सम्बन्धित संस्था एंव पत्रकारहरूलाई निःशुल्क उपलव्ध गराउँदै आएको (तर हाल बन्द रहेको) । पत्रपत्रिकाहरूको दीर्घकालिन संरक्षणको लागि विद्युतीय सुरक्षा विधि सीडी रोम प्रविधिबाट संरक्षण गरी अनुसन्धानकर्ताहरू एवं सम्बन्धित सबैलाई उपलव्ध गराउँदै आइरहेको देखिन्छ ।

५.    प्रेस काउन्सिल अर्न्तगत रहेको मिडिया विकास कोषले मोफसलका पत्रपत्रिकाहरूलाई अफसेट प्रेस तथा डेस्कटपका उपकरणहरू खरिद गर्न र विद्युतीय सञ्चार माध्यमका (एफएम) उपकरण खरिद गर्न कुनै पनि बैङ्क तथा वित्तिय संस्थाबाट आफ्नै प्रयासमा लिने ऋण रकममा व्याजमा अनुदान प्रदान गर्दै आइरहेको छ ।

६.    पत्रकारहरूलाई प्रोत्साहन प्रदान गर्नका लागि प्रत्येक वर्ष प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार स्थापना गरी प्रदान गर्दै आएको छ ।

७.    साहित्यिक पत्रकारिता क्षेत्रको विकासका लागि प्रत्येक वर्ष साहित्यिक स्तम्भकार र साहित्यिक पत्रिकालाई पुरस्कार प्रदान गर्दै आइरहेको छ ।

८.    पत्रकार कल्याण कोषबाट पत्रकारहरू विरामी भएको अवस्थामा स्वास्थ्य उपचारका लागि आर्थिक सहयोग उपलव्ध गराउँदै आएको छ ।

९.    पत्रपत्रिकामा प्रकाशित समाचार, लेख, टिप्पणी आदि सामग्रीहरुको क्लिपिङ्ग दैनिक रूपमा तयार पारी सम्बन्धित ग्राहकहरूलाई वितरण गर्दै आएको छ ।

## ७.    पत्रपत्रिका वितरण संपरीक्षण समिति

'शाही प्रेस आयोग, २०३९' ले निजी क्षेत्रका पत्रपत्रिकाहरूको वितरण संख्या निश्चित गर्न वाञ्छनीय भएकोले वितरण संपरीक्षण शाखाको गठनको लागि सुझाव प्रस्तुत गऱ्यो र सोही सुझाव अनुसार प्रेस काउन्सिल अर्न्तगत रहने गरी वि.सं. २०४० सालमा वितरण संपरीक्षण शाखाको गठन गरिएको थियो । पत्रपत्रिकाको विकासमा सरकारी सहयोग, विज्ञापनको वितरणमा समानुपातिक, स्वच्छ एवं स्वतन्त्र पत्रकारिताको अभिवृद्धि गर्न सरकारले वि.सं. २०४७ सालमा अस्थायी वितरण संपरीक्षण समिति गठन गरेको थियो । तर 'प्रेस काउन्सिल ऐन, २०४८' मा पहिलो पटक कानूनी मान्यता दिई एउटा पृथक एवं स्वायत्त संस्थाको रुपमा स्थापना गरिएको हो ।

सरकारले काउन्सिलको परामर्श लिई निम्नानुसारको पत्रपत्रिका वितरण संपरीक्षण समिति गठन गर्न सक्नेछ :

(१) प्रेस रजिष्टार-अध्यक्ष
(२) प्रतिनिधि, सञ्चार मन्त्रालय-सदस्य
(३) प्रतिनिधि, प्रेस काउन्सिल नेपाल-सदस्य
(४) लेखा परीक्षण संघ, विज्ञापन संघ वा एजेन्सी तथा व्यापारिक वा औद्योगिक संस्थाबाट एक/एक जनाका दरले सरकारले मनोनीत गरेको तीनजना व्यक्ति-सदस्य
(५) काउन्सिलले तोकेको अधिकृत-सचिव

पत्रपत्रिकाहरूको वितरण स्थितिको आधारमा प्रकाशन संस्था निर्धारण गर्ने, त्यसको अद्यावधिक अभिलेख राख्ने र पत्रपत्रिकाको प्रकाशन संस्थासमेतको आधारमा पत्रपत्रिकाको वर्गीकरण गर्ने जस्ता कार्यहरु यस समितिको काम, कर्तव्य र अधिकार क्षेत्रभित्र तोकिएको छ । पत्रपत्रिकाले वर्गीकरण गर्ने क्रममा विभिन्न पूर्वाधारहरूको निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ । वितरण संपरीक्षण समितिले देशभरिका पत्रपत्रिकाहरूको मूल्यांकन गरी वर्गीकरणका लागि नेपाल सरकारसमक्ष चढाउँदछ । वर्गीकरणले स्वस्थ पत्रकारिताको प्रतिस्पर्धामा बल पुग्ने र गुणात्मक विकासतर्फ अग्रसर हुन प्रेरित गर्ने देखिन्छ । यद्यपि प्रेस जगतमा देखिएका प्रवृत्ति, समस्या र आवश्यकताहरूलाई समायानुकूल परिष्कृत एवं परिमार्जित गर्नुपर्ने देखिन्छ ।

प्रेस काउन्सिल नेपालको महत्वपूर्ण कार्यमध्येको पत्रपत्रिकाको वितरण संपरीक्षण सम्बन्धी कार्य वर्गीकरण गर्नु पनि एक हो । वितरण संपरीक्षण कार्य कहिल्यै विवादरहित भएको देखिंदैन । यसर्थ यसलाई वस्तुनिष्ठ ढंगले सञ्चालन गर्न, बढी पारदर्शी, प्रभावकारी र सुगमरूपमा सम्पादन गर्न जरूरी देखिन्छ । साथै वितरण संपरीक्षणलाई बढी वैज्ञानिक, व्यावसायिक एवं पारदर्शी बनाउन जरूरी छ ।

वितरण संपरीक्षणलाई वैज्ञानिक, व्यावसायिक एवं पारदर्शी बनाउन काठमाडौं र मोफसलबाट प्रकाशित हुने पत्रपत्रिकाहरूलाई अलग अलग मापदण्ड तोक्नु पर्ने हुन्छ । साधन र स्रोत व्याप्त भएको काठमाडौं र अभावग्रस्त मोफसलका पत्रपत्रिकाहरूलाई एउटै प्रक्रिया र मापनमा राखेर वर्गीकरण गर्नु उपयुक्त देखिंदैन । मोफसललाई प्राथमिकता दिई वर्गीकरण गर्दा नेपालको पत्रकारिता क्षेत्र फस्टाउन सक्ने सम्भावनाहरू प्रशस्तै देखिएका छन् । यसैगरी बजार, पाठकको सर्वेक्षण गरी सो को आधारमा वर्गीकरण गर्दा पनि व्यावहारिक हुनेहुन्छ । प्रेस निरीक्षणलाई प्रभावकारी बनाउन पनि जरूरी छ ।

## ८. वर्गीकरणको मापदण्ड र प्रकृया

वितरण संपरीक्षण समितिले नेपाल अधिराज्यबाट नियमितरुपमा प्रकाशित भइरहेका पत्रपत्रिकालाई मूल्यांकन प्रयोजनको निम्ति वितरण संपरीक्षण फाराम भर्न दिएको सूचना अनुसार ५०२ पत्रपत्रिकाले २०६२ साल बैशाखदेखि चैत महिनासम्मको प्रकाशन र बिक्री वितरण सम्बन्धी विवरण भरी सचिवालयमा बुझाएको देखिन्छ । तीमध्ये दैनिक ७२, अर्धसाप्ताहिक ४, साप्ताहिक ३३३, पाक्षिक २० र मासिक तथा द्वैमासिक गरी ७३ वटा पत्रपत्रिकाहरू प्रकाशित रहेका छन् ।

फाराम भरेका कूल ५०२ पत्रपत्रिकाहरूमध्ये ४०९ वटा मात्र विभिन्न वर्गमा वर्गीकृत भएका छन् । यस वर्ष बाँकी ९३ वटा पत्रपत्रिकाहरू वर्गीकृत हुन सकेनन् । वर्गीकृत हुन नसकेकामध्ये २८ अनियमित र अप्रकाशित, २ वटाका तोकिएको आकार र पृष्ठसंख्या दुबै नपुग्ने, ३१ वटाका हुबहु, २३ फोटोकपी एवं समाचारमूलक नभएका र ९ वटा संस्थागत प्रकाशन अर्न्तगतका छन् ।

प्रेस काउन्सिल ऐन तथा नियमावलीको अधिनमा रही पत्रपत्रिका वितरण संपरीक्षण समितिले वितरण संपरीक्षणको मापदण्ड र प्रक्रिया तोकेको छ । पत्रपत्रिकाको प्रकाशकले महालेखा परीक्षकको विभागबाट मान्यता प्राप्त लेखा परीक्षकबाट बैशाखदेखि चैत्रमसान्तसम्मको आफ्नो प्रकाशन वितरणको संपरीक्षण अर्को वर्षको बैशाख मसान्तभित्र गराई त्यसको प्रतिवेदनसमेत काउन्सिलको सचिवालयमा पठाउनु पर्ने व्यवस्था गरिएको हुन्छ । श्रावणदेखि पौषमसान्त र माघदेखि आषाढ मसान्तभित्र गरी वर्षमा २ पटक संपरीक्षण गरिने प्रावधान रहेता पनि वितरण प्रकृयालाई सर्वसुलभ र कम खर्चिलो बनाउने समितिको उद्देश्य अनुरूप वि.सं. २०५७ सालदेखि वर्षको १ पटक (बैशाख-चैत्र) मूल्यांकन गरिन्छ । यसैगरी २०६४ श्रावणदेखि यस वर्गीकरणलाई आर्थिक वर्षमा मिलान गरिएको देखिन्छ । यसरी काउन्सिलले २०६३ सालको वर्गीकरण आर्थिक वर्ष अनुसार गरिने भएको जनाएको छ ।

पत्रपत्रिका वितरण संपरीक्षण प्रतिवेदनमा लेखा परीक्षकले प्रत्येक अंकमा प्रकाशित पत्रपत्रिकाको संख्या र त्यसको वितरण खुलाउनु पर्ने अनिवार्यता जारी गरिएको छ । विवरणमा ग्राहकलाई विक्री वितरण गरिएको संख्या, प्रकाशन सम्बन्धी वितरण भएको संख्या, पुस्तक पसल वा वाचनालय तथा अन्य एजेन्टमार्फत नियमित रुपमा विक्री वितरण हुने संख्या र फर्काइएका वा नविकेका पत्रपत्रिकाको संख्या जस्ता विषयहरूलाई स्पष्ट रुपमा उल्लेख गर्नुपर्दछ । साथै विवरणमा लेखा परीक्षकबाट कुन कुन विकास क्षेत्र र जिल्लामा के कति अंक पुग्दछ सो को विवरणसमेत परीक्षण गराउनु पर्दछ ।

यदि कसैलाई मूल्यांकनका लागि प्रस्तुत गरिएको विवरण झुटो भएको लागेमा सो प्रतिवेदन पेश गरेको मितिले एक महिनाभित्र समितिसमक्ष उजुरी दिन सकिने भएकोले सोको जाँच एवं पुनः संपरीक्षण गराउन सकिन्छ । उक्त उजुरी ठीक ठहरेमा समितिले त्यस्तो प्रकाशकलाई पत्रपत्रिका वितरण संपरीक्षणको प्रमाणपत्र नदिने र दिइसकेको भए प्रमाणपत्र निष्कृय गर्न र पत्रिकाले पाउने सुविधा निलम्बन गर्न सक्ने कानुनी प्रावधान रहेको छ ।

पत्रपत्रिकाको विभिन्न पक्षको मूल्यांकनको निम्ति १०० पूर्णाङ्क तोकिएको हुन्छ । सो अंकमध्ये वितरण परीणामको निम्ति ४० अंक, आचारसंहिता १०, नियमितता ५, इन्टरनेट ३, पृष्ठ २ गरी पहिलो समूहमा कुल ६० र विषयवस्तु १०, भाषा १०, तस्वीर ५, सज्जा ५, छपाई ५ र लेखको निम्ति ५ गरी ४० अंक दोस्रो समूहमा दिइन्छ । पहिलो समूहको अंक सचिवालयले स्वयम् प्रदान गर्दछ भने दोस्रो समूहका लागि वितरण संपरीक्षणले परीक्षकको नियुक्त गर्दछ । परीक्षकले दिएको प्रतिवेदनको आधारमा पत्रपत्रिकाले प्राप्त गरेको अंक र सचिवालयबाट गरिने मूल्यांकनमा प्राप्त गरेको अंक जोडी प्राप्तांकको आधारमा पत्रपत्रिकाको वर्ग छुट्याइन्छ ।

**(क) प्रथम समूह (सचिवालय)**

| ऋ.सं. | पत्रिकाको नाम | वितरण परिणाम | आचार संहिता | नियमितता | इन्टरनेट | पृष्ठ | जम्मा | प्राप्तांक |
|---|---|---|---|---|---|---|---|---|
| | | ४० | १० | ५ | ३ | २ | ६० | |
| | | | | | | | | |

**(ख) दोस्रो समूह (विशेषज्ञ)**

| क्र.सं | पत्रिकाको नाम | विषयवस्तु | भाषा | तस्वीर | सज्जा | छपाई | लेख | जम्मा | प्राप्तांक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १० | १० | ५ | ५ | ५ | ५ | ४० | |
| | | | | | | | | | |

अधिकांश पत्रपत्रिकाहरूले लेखा परीक्षण पेश गर्दैनन् । लेखा परीक्षणलाई पत्रिकाको वितरण संपरीक्षण मापदण्डमा एउटा अनिवार्य र महत्वपूर्ण आधारको रुपमा समावेश गर्ने प्रावधान वि.सं. २०५७ सालदेखि वितरण संपरीक्षणले गरेको हो । यदि लेखा परीक्षण प्रतिवेदनमा लेखा परीक्षणले झुटो विवरण दिएको ठहरिएमा सम्बन्धित लेखा परीक्षकको नाम लेखा परीक्षण संघ र महालेखा परीक्षणको विभागमा प्रमाण संलग्न गरी पठाउने कानूनी प्रावधान समितिले कायम गर्दछ ।

मूल्यांकन गर्दा निम्न बमोजिम अंक प्राप्त गर्ने पत्रपत्रिकालाई देहायको वर्गमा समावेश गरी वर्गीकरण गर्ने मापदण्ड समितिले निर्धारण गरेको छ :

| क्र.सं. | वर्ग | प्रतिशत |
|---|---|---|
| १ | क | ६५ प्रतिशत वा सोभन्दा बढी |
| २ | ख | ५० प्रतिशत देखि ६५ प्रतिशतभन्दा कम |
| ३ | ग | ३५ प्रतिशतदेखि ५० प्रतिशतभन्दा कम |
| ४ | घ | ३५ प्रतिशतभन्दा कम |

तर प्रत्येक अंकमा १० हजारप्रति भन्दा कम प्रकाशित हुने पत्रिकालाई “क” वर्गमा समावेश नगरिने प्रावधान समेत रहेको छ । कुनै आवेदकले वितरण फारममा यथार्थभन्दा बढीप्रति उल्लेख गरेको कुरा प्रेस निरीक्षण, कागत खपत वा प्रकाशनको कार्यालयमा भएको अन्य विवरणबाट थाहा भई प्रमाणित भएमा ढाँटेकोप्रति हजार बराबर १ अंक वितरण परिणाम वापत पाउने अंकबाट घटाइन्छ । साथै पत्रकार आचारसंहिता उल्लंघन गरेको भनी उजुरी नपरेको भएता पनि पत्रिकामा प्रकाशित सामग्रीबाट पत्रकारिताको आधारभूत मान्यता र आचारसंहिता उल्लंघन गरेको वा संविधानको मूल भावना विपरीत भएको आचारसंहिता अनुगमन समितिले ठ्याई नकारात्मक अंक दिन सिफारिश गरेमा बढीमा १०

अंकसम्म नकारात्मक अंक दिन सकिने व्यवस्था रहेको कुरा वितरण संपरीक्षण अधिकृत अंगुर जोशीले बताउनु भयो ।

मूल्यांकन गर्दा विभिन्न पक्षहरुको मूल्यांकन गरिन्छ । नियमितता प्रेस निरीक्षण परिणाम, विषयवस्तु, भाषा, लेख, साजसज्जा, छपाई, तस्वीर प्रयोग र पत्रकार आचारसंहितालाई आधार बनाई वर्गीकरण गरिने र 'छापाखाना तथा प्रकाशन नियमावली, २०४९' को नियम ७ (२) मा तोकिए बमोजिम अंक प्रकाशित नगर्ने पत्रपत्रिकालाई वर्गीकरणमा समावेश गरिंदैन । यसर्थ मूल्यांकनमा समावेश हुनका लागि मूल्यांकन अवधिको एक वर्षमा निम्नानुसार अंक प्रकाशित गरेको हुनुपर्दछ :

| ऋ.सं. | किसिम | अंक |
|---|---|---|
| | दैनिक | ३०० |
| | अर्धसाप्ताहिक | ८० |
| | साप्ताहिक | ४० |
| | पाक्षिक | २० |
| | मासिक | १० |
| | द्वैमासिक र त्रैमासिक | ४ |

'छापाखाना र प्रकाशन नियमावली, २०४९' को नियम ७ (१) मा उल्लेखित पृष्ठ संख्या र आकार दुबै नपुगेका पत्रपत्रिकाहरुलाई "घ" वर्गमा मात्रै समावेश गर्ने मापदण्ड निर्धारण गरिएको छ । न्यूनतम् पृष्ठ संख्या र न्यूनतम् आकारमध्ये एउटा पुगी अर्को नपुगेको तर अन्य शर्त पूरा भएको देखिएमा त्यस्तो पत्रिकालाई "ग" वर्गसम्म समावेश गर्न सकिने र सोभन्दा माथिको वर्गमा समावेश गर्न सकिंदैन । नियमावलीमा उल्लेख भएको न्यूनतम् पृष्ठ संख्याभन्दा बढी पृष्ठ निकाल्ने पत्रत्रिकालाई प्रत्येक एक पृष्ठको निम्ति १ अंकका दरले बढीमा ५ अंकसम्म अतिरिक्त अंक दिइने गरिन्छ । साथै मोफसल, राष्ट्रिय भाषा र अंग्रेजी भाषालाई पनि प्राथमिकता दिई अंक प्रदान गरिन्छ । वितरण परिणामको अंक दिँदा काठमाडौं उपत्यकाबाट प्रकाशित हुने पत्रपत्रिकाको प्रकाशित प्रतिलाई आधार मानेर अंक दिइन्छ भने मोफसलबाट प्रकाशित हुने पत्रपत्रिकालाई तिनको वास्तविक प्रकाशनप्रतिको संख्यालाई २ ले गुणन गरेर कायम हुन आउने प्रतिलाई आधार मानेर अंक प्रदान गरिन्छ । साथै राष्ट्रिय भाषामा प्रकाशित पत्रिकाको वितरण परिणामको अंक दिँदा तिनको वास्तविक प्रकाशन प्रतिलाई २ ले गुणन गरेर कायम हुन आउने अंकलाई आधार मानेर अंक दिइन्छ । मोफसलबाट अंग्रेजी वा राष्ट्रिय भाषामा प्रकाशित हुने पत्रिकालाई पनि प्रति

अंकको प्रकाशन प्रतिको अंकलाई २ ले गुणन गरेर आउने संख्याको आधारमा वितरण परिणामको अंक दिइन्छ ।

दुई वा सोभन्दा बढी पत्रिकाको सम्पादकीय वा समाचार सामग्री अक्षरशः एउटै प्रकाशन अर्न्तगत भएको देखिएमा कुन पत्रिकाले पहिले प्रकाशित भएको हो भन्ने एकीन गरेर अर्को पत्रपत्रिकालाई मूल्यांकनमा समावेश गरिंदैन । पत्रपत्रिकाको मर्यादा अभिवृद्धि गराउनका निम्ति अक्षरशः एउटै सामग्री प्रकाशन गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने उद्देश्यले यस प्रकारको मापदण्ड निर्धारण गरिएको प्रेस काउन्सिलले जनाएको छ । पुनः प्रकाशित गर्दा साभार वा स्रोत खुलाउनु पर्ने हुन्छ । आ.ब. २०५७/०५८ मा हुबहु देखिएका पत्रपत्रिकाहरूको संख्या १२ वटा थियो । निश्चित सीमाभन्दा बढी वा घटी अंक दिँदा प्रमाण एवं कारण उल्लेख गर्नुपर्ने समितिले आफ्नो मापदण्डमा समावेश गरेर संपरीक्षणलाई बढी भरपर्दो र वैज्ञानिक बनाउन खोजेको देखिन्छ ।

वितरण संपरीक्षण समितिको वर्गीकृत पत्रपत्रिकालाई नेपाल सरकारले सूचना विभागमार्फत आ.व. २०५६/०५७ सम्म कागजको सुविधा उपलब्ध गराएता पनि आ.ब. २०५७/०५८ सालदेखि पालैपालो गरी लोककल्याणकारी विज्ञापन प्रकाशित गर्ने र त्यसवापत नगद रकम उपलब्ध गराउने नीति अपनाएको देखिन्छ । यसका लागि सरकारले विज्ञापन सेवा उपलब्ध गराउँदछ । अहिले निजी क्षेत्रले पनि काउन्सिलको वर्गीकरणको आधारमा विज्ञापन उपलब्ध गराउने नीति अपनाई रहेका छन् । मिति २०५३ चैत्रमा सरकारले पत्रपत्रिकालाई दिइने सुविधाको निर्णयलाई २०६१ कात्तिकमा मन्त्री परिषदको निर्णयले उक्त सुविधालाई दोब्बर बनाई निम्नानुसार पत्रपत्रिकाहरुलाई सुविधा उपलब्ध गराइन्छ :

| **क्र.सं** | **पत्रपत्रिकाको किसिम** | **वर्ग** | | | |
|---|---|---|---|---|---|
| | | **क** | **ख** | **ग** | **घ** |
| १ | दैनिक | १४००० | ११००० | ९००० | ६००० |
| २ | अर्धसाप्ताहिक | ८००० | ६००० | ४००० | २००० |
| ३ | साप्ताहिक | १२००० | ९००० | ६००० | ३००० |
| ४ | पाक्षिक | ४००० | ३००० | २००० | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | ० |
| ५ | मासिक | ८००० | ६००० | ४००० | २०० ० |

*श्रोत : सूचना विभाग*

वितरण संपरीक्षण समितिले हालसम्म वर्गीकरण गरेका नेपाल अधिराज्यका पत्रपत्रिकिाहरूको विवरण निम्नानुसार रहेको छ :

| **क्र.सं.** | **आ.व.** | **दैनिक** | **अर्धसाप्ताहिक** | **साप्ताहिक** | **पाक्षिक** | **मासिक** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|
| १ | ०४७/०४८ | २४ | १ | १६६ | १० | | २०१ |
| २ | ०४८/०४९ | २७ | २ | १४८ | ७ | | १८४ |
| ३ | ०५४/०५५ | | | | | | १९१ |
| ४ | ०५५/०५६ (फारम भरेका) | ३१ | २ | ३३५ | २१ | ७ | ३९६ |
| ५ | २०५६ | २९ | १ | १३५ | ८ | ३ | १७६ |
| ६ | २०५७ | ३५ | | १४६ | ३ | १३ | १९७ |
| ७ | २०५८ | ४९ | १ | १६६ | १८ | २२ | २५६ |
| ८ | २०५९ | | | | | | |
| ९ | २०६० | ५५ | २ | २३३ | २३ | ४१ | ३५४ |
| १० | २०६१ | ६२ | ३ | २६२ | ३७ | ३० | ३९४ |
| ११ | २०६२ | ६४ | ४ | २८६ | १६ | ३९ | ४०९ |

*श्रोतः प्रेस काउन्सिल नेपालका वार्षिक प्रतिवेदनहरु*

## ९. पत्रकार आचारसंहिता अनुगमन

पत्रकार आचारसंहिता निर्धारण गरी लागू गर्ने निकाय प्रेस काउन्सिल हो । पत्रकार आचारसंहिता अनुगमनका सन्दर्भमा १० वटा राष्ट्रिय स्तरका साप्ताहिक पत्रिकाहरूको अध्ययन गरी निष्कर्ष निकालिएको छ । *ती १० वटा साप्ताहिकहरूमा छलफल, देशान्तर, साँघु, तरुण, जनआस्था, बुधवार, दृष्टि, घटना र*

*विचार, हिन्दु र नेपाल रहेका छन् । वि.सं.२०६२ मंसिर, पुस र माघ महिनामा प्रकाशित ती पत्रिकाहरूको गहिरो अध्ययन एवं अनुसन्धान गरिएको छ ।*

राजाको प्रत्यक्ष शासनकालमा नेपाली पत्रकारिता क्षेत्र अत्यन्तै प्रताडित रहेको देखिन्छ । सञ्चार माध्यमहरुले सेन्सरसीप कायम गरिएता पनि लोकतन्त्र पक्षधर पत्रपत्रिकाहरूले राजाको विरुद्धमा लेख्न छोडेनन् । हाम्रो अनुसन्धानका दायरामा परेका पत्रिकाहरूको अध्ययन गर्दा टिपोट गरिएका समाचारहरूमध्ये गाली बेइज्जती, राजा र राजसंस्थाप्रति आँच पुऱ्याउने र तथ्यहीन समाचारहरू बढी मात्रामा लेखेको पाइयो । मन्त्री परिषदको अध्यक्ष राजा रहेको तत्कालिन सरकारले नेकपा (माओवादी) सम्बन्धी समाचार, अर्न्तवार्तामा गहिरो ध्यान केन्द्रिकृत गरी सञ्चार माध्यमहरूलाई दवाबमा राखेको देखिन्छ । तथ्यहीन समाचार प्रकाशित गर्न नहुने, कसैको प्रतिष्ठामा आँच आउने समाचारलाई सम्प्रेषण गर्न नहुने र हत्या हिंसालाई प्रोत्साहन गर्ने समाचारलाई प्रकाशित गर्न नहुने भएकाले सोही अनुरूप तत्कालिन परिस्थिति अनुरुप अनुसन्धान गरिएको छ ।

प्रेस काउन्सिल नेपालले पत्रिकामा छापिएका समाचारहरूका सन्दर्भमा पत्रकार आचारसंहिता उल्लंघन भएको ठानेमा सम्बन्धित पत्रपत्रिकासँग लिखित प्रतिक्रिया माग्दछ । प्रतिक्रिया माग्दा पत्रकार आचारसंहिताको आकर्षित दफाको प्रतिकूल हुनेगरी प्रकाशित भएको देखिएकाले पत्रकार आचारसंहिता उल्लंघन भएको किन र कुन आधारमा नमान्ने ? यस विषयमा पत्रिकामा आफ्नो धारणा र दृष्टिकोणलाई लिखित रूपमा राख्न अनुरोध गरेको देखिन्छ ।

यस अवधिमा प्रेस काउन्सिल नेपालले ८ वटा पत्रपत्रिकालाई विभिन्न विषयमा पत्रकार आचारसंहिता उल्लंघन भएको भनी पत्राचार गरेको थियो । माघ १० गते प्रकाशित *तरुण* साप्ताहिकमा “राज हठले मुलुकको उपहास, राजा पतनको बाटोमा निरंकुश सत्ता, विकल्प विरुद्ध दरबार” भन्ने शीर्षकमा प्रकाशित समाचारले राजसंस्थामाथि आँच पुऱ्याएको भनी प्रेस काउन्सिल नेपालले पत्राचार गरेको थियो । यसैगरी पुस १९ मा *बुधबार* साप्ताहिकमा “असफलता ढाकछोप गर्न शाही घोषणा, राजा आत्मसमर्पण गर” भन्ने शीर्षकमा प्रकाशित समाचारले पनि राजसंस्थामा आँच पुऱ्याएको भनी प्रेस काउन्सिल नेपालले पत्राचार गरेको थियो । यसैगरी *सूर्योदय* साप्ताहिकको माघ १४ मा प्रकाशित माओवादी नेता लेखराज भट्टको अर्न्तवार्ता, *हाम्रो पहाड* साप्ताहिकको पुस २४ गते प्रकाशित कृष्ण बहादुर महराको अर्न्तवार्ता र *नेपाल* साप्ताहिकमा पुस १७ गते “ढाडमा टेकेर टाउकोमा हान्ने” शीर्षकमा प्रकाशित भित्री समाचार र बाहिरी आवरण आपत्तिजनक देखिएकाले “पत्रकार आचारसंहिता, २०६०” को दफा ४ को उपदफा ८ (हत्या हिंसालाई प्रोत्साहन गर्न नहुने) आकर्षित भई प्रस्तुत समाचार सामग्रीले हत्या हिंसालाई प्रोत्साहन गरेको देखिएकाले “पत्रकार आचारसंहिता, २०६०” को ४(८) को उल्लंघन

भएको भनी पत्राचार गरिएको थियो । यस्तै, वि.सं.२०६१ सालको पत्रपत्रिकाको वर्गीकरणलाई लिएर प्रेस काउन्सिल नेपालका तत्कालिन अध्यक्ष माथवरसिंह बस्नेतसम्बन्धी विभिन्न समाचार प्रकाशित भएका थिए । पुस ६ मा *धरहरा टाइम्स* साप्ताहिकले “माथवर कुर्सीबाट नहटेसम्म आन्दोलन नरोकिने” शीर्षकमा पत्रकार आचारसंहिताको ३(४) र ४(११) आकर्षित भएकाले प्रेस काउन्सिल नेपालले पत्राचार गरेको पाइयो । साथै फागुन ५ को *नेपाल न्यूज* साप्ताहिकमा “माथवरले पत्रकारलाई गुण्डा लगाउने ?” र *निष्पक्ष* साप्ताहिकको फागुन ४ को अंकमा “माथवरले पत्रकारलाई गुण्डा लगाउने ?” शीर्षकमै प्रकाशित समाचारहरुले पत्रकार आचारसंहिता, २०६० को ३(४), ४(१) र ४(११) आकर्षित भएकाले पत्राचार गरिएको देखिन्छ ।

१० वटा साप्ताहिकमा प्रकाशित ५५ वटा समाचारहरुले पत्रकार आचारसंहिता उल्लंघन गरेको देखिन्छ ।

## १०. पत्रकार आचारसंहिता अनुगमन (२०६२ मंसिरदेखि माघसम्म)

| क्र.सं | नाम | मिति | शीर्षक | आकर्षित बुँदा | उलंघनको कारण | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | छलफल | २०६२।८।५ | बुटवलमा पाचासौं हजारको सहभागितामा जनसभा, राजा भागेर जाने ठाउँ खोजिरहेका छन् | ४(१) र ३(८) | राजसंस्थाका सम्बन्धमा अशिष्ट व्यवहार | |
| २ | छलफल | २०६२।८।५ | १७ गते राजधानीमा मानव सागर उर्लिने | ४(१) र ३(८) | राजसंस्थाका सम्बन्धमा अशिष्ट व्यवहार | |
| ३ | छलफल | २०६२।८।१२ | विमा संस्थान डुवाउने डा. गिरीको चलखेल | ४(१) र ३(८) | गाली बेइज्जती, मन्त्री परिषदका सदस्यहरूलाई अशिष्ट व्यवहार प्रयोग | |
| ४ | छलफल | २०६२।८।२६ | राजा निरंकुशताको प्रतीक : नेपाल | ३(८) | राजसंस्थाका सम्बन्धमा अशिष्ट व्यवहार | |
| ५ | छलफल | २०६२।९।१० | माओवादीहरूद्वारा संघर्षका कार्यक्रम घोषणा | ४(८) | माओवादीको प्रेस विज्ञप्ति (हत्याहिंसालाई प्रोत्साहन गरेको) | |
| ६ | छलफल | २०६२।१०।२३ | एनटिभीमा शम्भुजीत आतंक | ४(१) | गाली बेइज्जती | |
| ७ | देशान्तर | २०६२।८।५ | राजस्वमा खेतानको दादागिरी | ३(८) र ४(१) | अशिष्ट व्यवहार, गाली बेइज्जती | |
| ८ | देशान्तर | २०६२।८।१९ | एक महिने युद्धविरामको घोषणा गर्दै माओवादी अध्यक्ष प्रचण्डद्वारा जारी वक्तब्य | ४(८) | अध्यक्ष प्रचण्डको वक्तब्य (हत्याहिंसालाई प्रोत्साहन गरेको) | |
| ९ | साँघु | ०६२।८।६ | माओवादीको | ४(८) | माओवादी समाचार | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | जनसांस्कृतिक संघ भंग | | प्रकाशित (हत्याहिंसालाई प्रोत्साहन गरेको) | |
| १० | साँघु | ०६२।८।६ | राजाका उपाध्यक्ष विष्टले तीन अर्ब डुबाए | ३(४), ४(१) ४(११) | गालीबेज्जती, तथ्यहीन | |
| ११ | साँघु | ०६२।८।६ | दरवारको धाकमा दलित टुक्रिए | ३(८) | अशिष्ट भाषा | |
| १२ | साँघु | ०६२।८।६ | ६६ बर्षको बुढालाई माओवादी सैन्य तालिम | ४(८) | माओवादी समाचार प्रकाशित (हत्याहिंसालाई प्रोत्साहन गरेको) | |
| १३ | साँघु | ०६२।८।१३ | हामी आफ्नो हात तल पार्न तयार छौं | ४(८) | प्रचण्डको अर्न्तवार्ता (हत्याहिंसालाई प्रोत्साहन गरेको) | |
| १४ | साँघु | ०६२।८।२० | राजाको सरकारमा राजश्वमाराको रजाई | ३(४), ४(१) र ४(११) | मन्त्री रुपज्योतिका सम्बन्धमा तथ्यहीन समाचार | |
| १५ | साँघु | ०६२।८।२७ | लालसेनालाई कलमवीरको सलाम | ४(८) | माओवादी समाचार प्रकाशित (हत्याहिंसालाई प्रोत्साहन गरेको) | |
| १६ | साँघु | ०६२।९।४ | शाही सत्तासँग वार्ता होइन शसक्त संघर्ष : डा. बाबुराम भट्टराई | ४(८) | डा. बाबुराम भट्टराईको अर्न्तवार्ता (हत्याहिंसालाई प्रोत्साहन गरेको) | |
| १७ | साँघु | ०६२।९।११ | माओवादीले महाधिवेशनका एजेण्डा तय गऱ्यो | ४(८) | माओवादी समाचार प्रकाशित (हत्याहिंसालाई प्रोत्साहन गरेको) | |
| १८ | साँघु | ०६२।९।११ | राजश्व मार्न मन्त्री-महानिर्देशक मिले | ३(४), ४(१) र ४(११) | मन्त्री रुपज्योतिका सम्बन्धमा तथ्यहीन समाचार | |
| १९ | साँघु | ०६२।९।११ | खतरनाक कमाण्डरसहित स्पेशल फोर्स छिर्यो | ४(८) | माओवादी समाचार प्रकाशित (हत्याहिंसालाई प्रोत्साहन गरेको) | |
| २० | तरुण | २०६२।८।१३ | पैतिस करोड चट्काउने तयारी | ३(४) र ४(११) | तथ्यहीन असन्तुलित | |
| २१ | तरुण | २०६२।९।४ | शरदचन्द्रको भोजमा सर्राफको फूर्ति | ३(४), ४(१) र ४(११) | गाली बेइज्जती | |
| २२ | तरुण | २०६२।९।४ | निरंकुश राजतन्त्रका लागि मत माग्न पनि छुट छ : डा. बाबुराम भट्टराई | ४(८) | डा. बाबुराम भट्टराईको अर्न्तवार्ता (हत्याहिंसालाई प्रोत्साहन गरेको) | |
| २३ | तरुण | २०६२।१०।१७ | राज हठले मुलुकको उपहास, राजा जनताको व्यक्तिको, पतनको बाटोमा निरंकुश सत्ता, बिकल्प विरुद्ध दरवार | ४(१) | राजसंस्थामाथि आँच पुऱ्याउने | पत्राचार |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४ | जनआस्था | २०६२।८।१ | राजाको मान्छेले गर्दा राजीनामा | ३(४) र (११) | अञ्चल प्रशासक ललित बहादुर थापामगरको सम्बन्धमा तथ्यहीन समाचार | |
| २५ | जनआस्था | २०६२।८।८ | मातालाई जीउदै मार्ने मन्त्री | ३(४) र (११) | मन्त्री टंक ढकालको सम्बन्धमा तथ्यहीन समाचार | |
| २६ | जनआस्था | ०६२।८।१५ | शाही शासनमा करोडौंको काण्ड | ३(४) र (११) | गर्भनर विजयनाथको सम्बन्धमा तथ्यहीन समाचार | |
| २७ | जनआस्था | ०६२।८।१५ | हतियार बोक्नेको पाङ्ग्रामा पाप्रा | ३(४) र (११) | सेना सम्बन्धमा तथ्यहीन समाचार | |
| २८ | जनआस्था | ०६२।८।२२ | गल्लीगल्लीमा महारानीको नाम | ३(४) र (११) | शरदचन्द्र शाहको सम्बन्धमा तथ्यहीन समाचार | |
| २९ | जनआस्था | ०६२।८।२२ | क्याविनेटभित्रै गोली हान्ने आदेश | ३(४), ४(१) र ४(११) | मन्त्रीहरु सिनेट श्रेष्ठ, निक्ष शमसेर र दानबहादुर शाहीको सम्वन्धमा तथ्यहीन समाचार | |
| ३० | जनआस्था | ०६२।८।२९ | मान्छे मार्नेलाई झण्डा र डण्डा | ३(४), ४(१) र ४(११) | मन्त्री मणि लामाको सम्वन्धमा तथ्यहीन समाचार | |
| ३१ | जनआस्था | ०६२।९।२० | प्रचण्डद्वारा मन्त्री खोज्नहरुको पहिचान | ४(८) | माओवादी समाचार प्रकाशित (हत्याहिंसालाई प्रोत्साहन गरेको) | |
| ३२ | जनआस्था | ०६२।१०।१९ | राजाको प्रत्यक्ष शासनको एक वर्ष | ४(८) | डा. बाबुराम भट्टराईको लेख (हत्याहिंसालाई प्रोत्साहन गरेको) | |
| ३३ | बुधवार | २०६२।७।२३ | राज्यकोष रित्याउन राजा विदेशतिर | ३(४)र ४(११) | तथ्यहीन समाचार | |
| ३४ | बुधवार | २०६२।८।१ | कद अनुसारको आदेश | ४(१) | प्रधानन्यायाधिशका अशिष्ठ शब्द | |
| ३५ | बुधवार | २०६२।८।१ | अदालतमा निरंकुश सत्ताको छाँया परेको आरोप | ४(१) | अदालतको अवहेलना हुने समाचार प्रकाशित | |
| ३६ | बुधवार | २०६२।८।१५ | आक्रमण होइन, राजनीतिक परिचालन उचाईमा पुऱ्याउने लक्ष्य | ४(८) | अध्यक्ष प्रचण्डको अर्न्तवार्ता (हत्याहिंसालाई प्रोत्साहन गरेको) | |
| ३७ | बुधवार | २०६२।८।२९ | संविधान सभा भनेको .....प्रतिनिधि सभा हो | ४(८) | डा. बाबुराम भट्टराईको अर्न्तवार्ता (हत्याहिंसालाई प्रोत्साहन गरेको) | |
| ३८ | बुधवार | २०६२।९।१९ | असफलता ढाकछोप गर्न शाही घोषणा, राजा आत्मसमर्पण गर | ४(१) | राजसंस्थामाथि आँच पुऱ्याउने समाचार | पत्राचार |
| ३९ | दृष्टि | २०६२।८।७ | सुरासुन्दरी मै मस्त | ३(४), ४( | कर्ण मल्लका सम्बन्धमा | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | १) र ४(११) | तथ्यहीन समाचार | |
| ४० | दृष्टि | २०६२।८।१४ | राजाको एजेण्डा तुहियो | ४(८) | प्रचण्डको दृष्टिकोण प्रकाशित (हत्याहिंसालाई प्रोत्साहन गरेको) | |
| ४१ | दृष्टि | २०६२।८।१४ | माओवादी हतियार थुपार्दै | ४(८) | माओवादी समाचार प्रकाशित (हत्याहिंसालाई प्रोत्साहन गरेको) | |
| ४२ | दृष्टि | २०६२।८।२१ | माओवादीमा पनि उपेक्षित छन् महिला | ४(८) | माओवादी समाचार प्रकाशित (हत्याहिंसालाई प्रोत्साहन गरेको) | |
| ४३ | दृष्टि | २०६२।८।२८ | युद्ध विराममा माओवादी के गर्दै छन् | ४(८) | माओवादी समाचार प्रकाशित (हत्याहिंसालाई प्रोत्साहन गरेको) | |
| ४४ | घटना र विचार | २०६२।८।१५ | एकादेशकी युवराज्ञीको कथा | ४(१) | राजसंस्थामाथि आँच पुऱ्याउने समाचार प्रकाशित | |
| ४५ | घटना र विचार | २०६२।८।२२ | पिलो निचोरिएको जस्तो भयो: प्रचण्ड | ४(८) | अध्यक्ष प्रचण्डको अर्न्तवार्ता (हत्याहिंसालाई प्रोत्साहन गरेको) | |
| ४६ | हिन्दु | २०६२।८।२ | इजराइलको मानव व्यापारमा हाई हिमालयनको लूट | ३(४) र ४(११) | प्रोपाइटर डा. शक्ति श्रेष्ठ र ओम गुरुगंका सम्बन्धमा तथ्यहीन र असन्तुलित समाचार | |
| ४७ | हिन्दु | २०६२।८।१६ | भ्रष्टमन्त्रीहरुको कमिशन मोह | ३(४), ४(१) र ४(११) | मन्त्री खड्ग जिसि, मण्डल र रामनारायण सम्वन्धमा तथ्यहीन समाचार | |
| ४८ | हिन्दु | २०६२।८।१६ | क्षयरोग केन्द्रमा डा. श्रेष्ठको रजाँई | ३(४), ४(१) र ४(११) | डा. केशवभक्त श्रेष्ठको सम्बन्धमा तथ्यहीन समाचार | |
| ४९ | हिन्दु | २०६२।८।१६ | पश्चिमका हतियार पूर्वका ओइरो | ४(८) | माओवादी समाचार प्रकाशित (हत्याहिंसालाई प्रोत्साहन गरेको) | |
| ५० | धरहरा टाइम्स | २०६२।९।६ | माथवर कुर्सीबाट नहटेसम्म आन्दोलन नरोकिने | ३(४) र ४(११) | प्रेस काउन्सिलका अध्यक्षका सम्बन्धमा तथ्यहीन समाचार | पत्राचार |
| ५१ | सूर्योदय | २०६२।१०।१४ | उम्मेदवारलाई मृत्यूदण्ड दिइनेछ | ४(८) | माओवादी नेता लेखराज भट्टको अर्न्तवार्ता प्रकाशित | पत्राचार |
| ५२ | नेपाल न्यूज | ०६२।१०।५ | माथवरले पत्रकारलाई गुण्डा लगाउने ? | ३(४), ४(१) र ४(११) | गाली बेइज्जती, प्रेस काउन्सिलका अध्यक्षका सम्वन्धमा तथ्यहीन समाचार | पत्राचार |
| ५३ | निष्पक्ष | २०६२।१०।४ | माथवरले पत्रकारलाई गुण्डा लगाउने | ४(१) | गाली बेइज्जती, प्रेस काउन्सिलका अध्यक्षको उल्टो तस्वीर प्रकाशित | पत्राचार |
| ५४ | हाम्रो पहाड | २०६२।९।२४ | हाम्रा कारवाही | ४(८) | कृष्ण बहादुर महराको | पत्राचार |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | निर्वाचन विरुद्धका छन् : महरा | | अर्न्तवार्ता (हत्याहिंसालाई प्रोत्साहन गरेको) | |
| ५५ | नेपाल | २०६२।९।१७ | ढाडमा टेकेर टाउकोमा हान्ने | ४(८) | भित्री समाचार र वाहिरी आवरण आपत्तिजनक (हत्याहिंसालाई प्रोत्साहन गरेको) | पत्राचार |

*पत्राचारको स्रोत : त्रैमासिक बुलेटिन, प्रेस काउन्सिल नेपाल, पुस/माघ-२०६२*

## ११. उजुरी दिने

पत्रकार आचारसंहितामा उल्लेखित आचरणहरूको उल्लंघन गरेको छ भनी तथ्ययुक्त प्रमाणसहित पीडित पक्षले पन्ध्र दिनभित्र वा मनासिव कारण भए जहिले पनि काउन्सिल सचिवालयमा सम्बन्धित सञ्चार माध्यमका विरुद्ध उजुरी दिन सक्दछ । काउन्सिलले पत्रकार आचारसंहिता उल्लंघन हुने किसिमको कार्य भएको देखेमा सात दिनभित्र वा सोभन्दा अगावै उजुरीको प्रतिलिपिसहित सम्बन्धित पत्रकार वा सञ्चार माध्यमलाई निर्दोषिताको प्रमाणसहित हाजिर हुन आउनु भनी म्याद पठाउँदछ । सार्वजनिक हित र सरोकारका विषयमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले नकरात्मक असर पार्ने गरी समाचार प्रकाशन तथा प्रसारण गरेमा काउन्सिलले आचारसंहिता अनुरूप कारवाही अगाडि बढाउँदछ । तर सम्बन्धित सञ्चार माध्यमलाई सो उजुरीका सन्दर्भमा क्षमायाचना माग्नुपर्ने वा खण्डन गर्नुपर्ने वा मनासिव जवाफ पठाउन निर्देशन पनि दिनसक्छ । यस्ता उजुरीहरूको निर्णय काउन्सिलले सामान्यतया ३० दिनभित्र दिन्छ र आवश्यक ठानेमा दुबै पक्षलाई झिकाई छलफल गराउन सक्ने वा दुबै पक्षबीच लिखित मिलापत्र गराई विवादलाई टुंग्याउन पनि सक्दछ ।

कुनै पक्षले पत्रकार आचारसंहिताले निषेध गरेका आचरण गरेको प्रमाणित भएमा उजुरीको निर्णयलाई सम्बन्धित सञ्चार माध्यममा काउन्सिलले तोकेको स्वरूप, स्थान वा समयमा प्रकाशन प्रसारण गर्न लगाउन सक्छ । काउन्सिलको उपरोक्त निर्णयलाई नमानेको खण्डमा आरोपित पक्षको प्रेस पास निलम्बित गर्न सिफारिश गर्न सक्ने र काउन्सिलको वितरण संपरीक्षण मूल्यांकन प्रक्रियाबाट अलग गर्न सक्ने कारवाही हुनसक्छ । साथै काउन्सिलको कल्याणकारी कोषबाट निश्चित अवधिका लागि सहयोग उपलव्ध नगराइने र राज्यको तर्फबाट उपलब्ध हुने सुविधाहरूलाई निश्चित अवधिका लागि निलम्बन गर्ने सिफारिश काउन्सिलले गर्नसक्ने देखिन्छ । साथै काउन्सिलको निर्णय पालना नगर्ने पत्रकार तथा सञ्चार माध्यम उपर त्यस्तो पत्रकार वा सञ्चार माध्यम विरुद्ध खेद प्रकट गरी सार्वजनिक रूपमा प्रकाशित/प्रसारित गर्न सकिनेसमेत निर्णय कार्यान्वयन सम्बन्धी व्यवस्थामा उल्लेख गरिएको छ ।

काउन्सिलमा उजुरी दिने र कारवाही गर्ने सिद्धान्त जे भएता पनि उजुरी उपरको कार्यान्वयन व्यवहारमा देखिंदैन । काउन्सिलले पत्रपत्रिकाहरूलाई सामान्य पत्र मात्रै पठाउने गरेको देखिन्छ भने प्रसारण भएका सामग्री उपर कुनै किसिमको कारवाही गर्दैन । अझ प्रसारण गरिएका सामग्री उपर काउन्सिलमा कुनै किसिमको उजुरी नपरेको काउन्सिलका पदाधिकारीहरूले बताएका छन् । उजुरी परेकै कारण वा काउन्सिलले कारवाही गरेकै कारणवश पत्रकारको प्रेस पास निलम्बन गरिएको र पत्रपत्रिकाहरूलाई वितरण संपरीक्षणको मूल्यांकनमा समावेश नगरिएको कुनै उदाहरण काउन्सिलमा छैन । साथै काउन्सिलको निर्णयको अपहेलना गर्ने सञ्चार माध्यमलाई लोक कल्याणकारी विज्ञापन प्रकाशित गरे वापत पाउने सुविधा रोक्का वा निलम्बत गर्न सक्ने प्रावधानलाई पनि काउन्सिलले प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिरहेको देखिदैन । यसैगरी काउन्सिलको निर्णय पालना नगर्ने पत्रकार वा सञ्चार माध्यमहरूका विरूद्धमा खेद प्रस्ताव पारित गर्नसक्ने प्रावधान भएता पनि हालसम्म काउन्सिलको इतिहासमा यस्तो कारवाही नगरिएको काउन्सिलले जनाएको छ । यसर्थ काउन्सिलले आफूसमक्ष पर्ने उजुरीहरूको प्रभावकारी रूपमा निर्णय गर्न नसकेको र उजुरीको प्रभावकारी कार्यान्वयन नभएको प्रष्ट देखिन्छ ।

## १२. विगत ११ वर्षमा परेका उजुरीहरूको विवरण

प्रेस काउन्सिल नेपालसमक्ष आ.व. २०५१।०५२ देखि २०६२।०६३ सम्म अर्थात् ११ वर्षको अवधिमा परेका कुल उजुरीहरूको संख्या १८४ रहेको देखिन्छ भने सोही अवधिमा प्राप्त बोधार्थहरूको संख्या २०३ रहेको छ । आ.व.२०६१।०६२ मा कायार्थका लागि भनी लेखी आएका पत्रहरूको संख्या २ वटा रहेका छन् ।

| क्रसं | आ.व. | उजुरीको संख्या | कार्यार्थ | बोधार्थ | उजुरी गर्ने व्यक्ति वा संस्था | विपक्षीको किसिम | उजुरीको प्रकृति |
|---|---|---|---|---|---|---|---|
| १ | ०६१।६२ | ३७ | २ | ५५ | संस्था, व्यक्ति र सरकारी निकाय | दैनिक, साप्ताहिक, पाक्षिक पत्रिका | चरित्रहत्या, मानहानी, आचारसंहिता, गालीबेइज्जती-३५ |
| २ | ०६०।६१ | १७ | ४ | २८ | संस्था ६<br>व्यक्ति ११ | दैनिक ६<br>साताहिक ९,<br>प्रसारण माध्यम २ | चरित्रहत्या १०<br>आचारसंहिता ६<br>गालीबेइज्जती एवं चरित्रहत्या १ |
| ३ | ०५९।६० | ३० | | ३४ | सरकारी निकाय १० संस्था ७ | दैनिक ६, साप्ताहिक ६, द्वैमासिक २ | चरित्रहत्या ६, आचार संहिता १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | व्यक्ति १३ | | मानहानी ३, अन्य १, भ्रष्टाचार ३ गालीबेइज्जती २ |
| ४ | ०५८।५९ | १६ | | ३८ | सरकारी निकाय २ संस्था ७ व्यक्ति ७ | दैनिक ७, साप्ताहिक८ द्वैमासिक १ | चरित्रहत्या ८, आचार संहिता उल्लंघन ५, मानहानी २, अन्य १ |
| ५ | ०५७।५८ | १० | | ११ | सरकारी निकाय २, संस्था ४, व्यक्ति ४ | साप्ताहिक १० | चरित्रहत्या २, आचार संहिता उल्लंघन ४, मानहानी १, भ्रष्टाचार १, गालीबेइज्जती २ |
| ६ | ०५६।५७ | ११ | | २४ | सरकारी निकाय २, संस्था ३, व्यक्ति ६ | दैनिक ३, साप्ताहिक ८ | चरित्रहत्या २, आचार संहिता उल्लंघन ७, मानहानी १, भ्रष्टाचार १ |
| ७ | ०५५।५६ | ११ | | ९ | सरकारी निकाय ३, संस्था १, व्यक्ति ७ | साप्ताहिक ६, दैनिक १, पाक्षिक २, मासिक ४ | चरित्रहत्या ६, मानहानी ३,आचारसंहिता उल्लंघन १, भ्रष्टाचार १ |
| ८ | ०५४।५५ | १९ | | ३ | सरकारी निकाय ४, संस्था ५, व्यक्ति १० | दैनिक ६, साप्ताहिक १०, मासिक २, अन्य १ | चरित्रहत्या ६, आचार संहिता उल्लंघन २, मानहानी १, भ्रष्टाचार ३, अन्य ७ |
| ९ | ०५३।५४ | १० | | | सरकारी निकाय १, संस्था ३, व्यक्ति ६ | दैनिक ४, साप्ताहिक ५, अर्द्धसाप्ताहिक १ | चरित्रहत्या ३, आचार संहिता उल्लंघन १, अन्य ६ |
| १० | ०५२।५३ | १५ | | १ | सरकारी निकाय ४, संस्था ५, व्यक्ति ६ | दैनिक ९, साप्ताहिक ५, अर्धसाप्ताहिक १ | चरित्र हत्या २, मानहानी ३, भ्रष्टाचार ५, गाली बेइज्जती १, अन्य ४ |
| ११ | ०५१।५२ | ८ | | | सरकारी निकाय १, संस्था ४, व्यक्ति ३ | दैनिक १, साप्ताहिक ७ | चरित्रहत्या ४, आचार संहिता उल्लंघन १, अन्य ३ |
| जम्मा | | १४७ | ४ | १४८ | | | |

## १३. नेपालमा पत्रपत्रिकाको वस्तुस्थिति

प्रेस काउन्सिल नेपालले मुलुकमा दर्ता भएका पत्रपत्रिकाहरूको वस्तुस्थितिको अभिलेख राख्दछ । हरेक वर्ष प्रेस काउन्सिलको वार्षिक अभिलेख निरूपण गर्दा नयाँ पत्रपत्रिकाहरू दर्ता हुने क्रम बढ्दो रहेको छ । बन्द भएका पत्रिकाहरू पुनः प्रकाशित हुने पनि गरिरहेका छन् । प्रेस काउन्सिल नेपालको अभिलेख अनुसार आर्थिक वर्ष २०६१/६२ को अन्त्यसम्म नेपालमा दर्ता भएका समाचारमूलक पत्रपत्रिकाहरूको कुल संख्या २१८१ वटा पुगेको देखिन्छ भने आर्थिक वर्ष २०६२/६३ को अन्त्यसम्ममा समाचारमूलक पत्रपत्रिकाको कुल दर्ता संख्या २२५३ पुगेको छ । गत आर्थिक वर्षको तुलनामा यो आर्थिक वर्षमा ७२ नयाँ पत्रपत्रिकाहरू थप दर्ता भएका छन् । तीमध्ये दैनिकमा १७, अर्धसाप्ताहिकमा २, साप्ताहिकमा ५७ र पाक्षिकमा ४ (किसिम परिवर्तन भई घटेको) रहेका छन् । यस वर्ष पत्रपत्रिकाको वृद्धि दर ३.३० प्रतिशत रहेको छ ।

## १४. पत्रपत्रिकाको दर्ता स्थिति

### नेपालमा समाचारमूलक पत्रपत्रिकाको दर्ता स्थिति

| आ.ब. २०६१/०६२ सम्म | | | आ.ब. २०६२/०६३ मा मात्र | | | |
|---|---|---|---|---|---|---|
| क्र. सं. | पत्रिकाको किसिम | दर्ता संख्या | क्र.सं. | पत्रिकाको किसिम | दर्ता संख्या | बढेको संख्या |
| १ | दैनिक | 307 | १ | दैनिक | 324 | 17 |
| २ | अर्ध-साप्ताहिक | 21 | २ | अर्ध-साप्ताहिक | 23 | 2 |
| ३ | साप्ताहिक | 1559 | ३ | साप्ताहिक | 1619 | 57 |
| ४ | पाक्षिक | 294 | ४ | पाक्षिक | 290 | -4 |
| **जम्मा** | | **2181** | **जम्मा** | | **2253** | **72** |

*श्रोत : प्रेस काउन्सिल नेपालका ३१ औं वार्षिक प्रतिवेदन*

नेपालका सबै जिल्लाहरूबाट पत्रपत्रिका दर्ता भएका छैनन् । यसरी समाचारमूलक पत्रिका प्रकाशनका लागि अनुमति माग नभएका जिल्लाहरू सोलुखुम्बु, रसुवा, मनाङ, मुस्ताङ, रोल्पा, दैलेख,

जाजरकोट, मुगु, हुम्ला र बैतडी गरी १० वटा रहेका छन् भने पत्रपत्रिका प्रकाशनको निम्ति अनुमति प्राप्त गरेर पनि यस आर्थिक वर्षमा कुनै पनि पत्रिका प्रकाशन नभएका जिल्लाहरूको संख्या १३ वटा रहेको छ ।

विकास क्षेत्रको आधारमा नेपालका समाचारमूलक पत्रपत्रिकाहरूको वस्तुस्थिति हेर्दा पूर्वाञ्चलमा ३४३, मध्यमाञ्चलमा १५५३, पश्चिमाञ्चलमा १९७, मध्यपश्चिमाञ्चलमा ८९, सुदूरपश्चिमाञ्चलमा ७१ वटा अखवारहरू दर्ता भएको देखिन्छ । यसैगरी उपत्यकाका तीन वटा जिल्ला काठमाडौं, ललितपुर र भक्तपुरमा दर्ता भएका समाचारमूलक पत्रपत्रिकाहरूको संख्या १११४ ले प्रकाशनार्थ अनुमति प्राप्त गरेका छन् भने मोफसलमा ११३९ वटा पत्रपत्रिकाहरू दर्ता भएको देखिन्छ ।

प्रकाशनको स्थितिलाई हेर्दा यो आर्थिक वर्षमा कुल दर्ता भएका २५५३ पत्रपत्रिकाहरूमध्ये ५८२ ( २५.८३%) वटा पत्रपत्रिकाहरू मात्रै प्रकाशित भएका छन् । प्रकाशित पत्रपत्रिकाहरूमध्ये दैनिक ९२, अर्धसाप्ताहिक ६, साप्ताहिक ४४६ र पाक्षिक ३८ रहेका छन् । अप्रकाशितमा दैनिक २३२, अर्धसाप्ताहिक १७, साप्ताहिक ११७० र पाक्षिक २५३ रहेका छन् ।

प्रकाशितमध्ये पनि २७४ पत्रपत्रिका मात्र नियमित छन् भने बाँकी ३०८ वटा पत्रपत्रिकाहरू अनियमित रहेका छन् । छापाखाना तथा प्रकाशन सम्बन्धी नियमावली अनुसार कुनै पनि पत्रिका नियमित हुनका निम्ति एक आर्थिक वर्षमा दैनिक भएमा कम्तिमा ३०० अंक, अर्धसाप्ताहिक भए कम्तीमा ८० अंक, साप्ताहिक भएमा कम्तीमा ४० अंक र पाक्षिक भए कम्तिमा २० अंक प्रकाशित हुनुपर्ने व्यवस्था छ । आ.व. ०६२/०६३ मा नेपाल अधिराज्यभर नियमित रूपमा प्रकाशित पत्रपत्रिकाहरू दैनिक ५०, अर्ध-साप्ताहिक २, साप्ताहिक २२७ र पाक्षिक ५ रहेका छन् भने अनियमिततर्फ दैनिक ४२, अर्ध-साप्ताहिक ४, साप्ताहिक २३१ र पाक्षिक ३४ वटा रहेका छन् । मुद्रण प्रविधिका आधारमा पत्रपत्रिकाको स्थितिलाई अध्ययन गर्दा प्रेस काउन्सिल नेपालको अभिलेखअनुसार आ.व. २०६२।०६३ को अवधिमा प्रकाशित भएका कुल ५८२ पत्रिका मध्ये ५३५ (९१.९२%) अफसेट प्रेसबाट प्रकाशित भएका छन् भने ४७ (८.०७%) लेटर प्रेसबाट प्रकाशित भएका छन् । अफसेट प्रविधिबाट प्रकाशित पत्रिकाहरूमध्ये दैनिक ८७, अर्धसाप्ताहिक ६, साप्ताहिक ४०७ र पाक्षिक ३५ रहेका छन् । लेटर प्रविधिबाट प्रकाशित पत्रिकाहरूमध्य दैनिक ५, साप्ताहिक ३९ र पाक्षिक ३ रहेका छन् ।

पत्रपत्रिकाको भाषागत स्थितिलाई निरूपण कुल दर्ता भएका पत्रिकाहरूमध्ये १९०८ वटा पत्रिकाहरू नेपाली भाषामा प्रकाशन हुनेगरी दर्ता भएका छन् । भाषागत रूपमा मूल्यांकन गर्दा नेपाल

अधिराज्यमा दर्ता भएका अधिकांश पत्रिकाहरू नेपाली भाषामा दर्ता भएका छन् । यो संख्या कुल पत्रिकाको दर्ता संख्याको ८४.५७ प्रतिशत हुन आउँछ । यसैगरी अंग्रेजी भाषामा ८१, नेवारी भाषामा १६, हिन्दी भाषा ५, थारु भाषामा ८, भोजपुरीमा २, मैथिलीमा ४ र अन्य मिश्रित भाषामा प्रकाशित हुनेगरी २३२ पत्रिकाहरूले प्रकाशन अनुमति प्राप्त गरेको देखिन्छ ।

नेपाली भाषामा प्रकाशित हुनेगरी दर्ता भएका पत्रिकामध्ये दैनिक २७९, अर्ध-साप्ताहिक १९, साप्ताहिक १४०४ र पाक्षिक २०५ रहेका छन् । नेवारी भाषामा प्रकाशित हुनेगरी प्रकाशन अनुमति प्राप्त गरेका पत्रिकाहरूको संख्या १६ (०.७३%) रहेको छ, जसमध्ये दैनिक ५ र साप्ताहिक ११ रहेका छन् । अंग्रेजी भाषामा प्रकाशित हुने गरी प्रकाशन अनुमति प्राप्त गरेका पत्रिकाहरूको संख्या ७१ (३.५९%) रहेको छ, जसमध्ये दैनिक १८, साप्ताहिक ४६ र पाक्षिक १७ रहेका छन् ।

हिन्दी भाषामा प्रकाशित हुने गरी प्रकाशन अनुमतिप्राप्त गर्ने पत्रपत्रिकाको संख्या ५ रहेको छ । यो संख्या कुल पत्रिका दर्ता संख्याको ०.२२% हुनआउँछ । हिन्दी भाषामा प्रकाशित हुने गरी प्रकाशन अनुमति प्राप्त गर्ने पत्रिकाहरूमा दैनिक १ र साप्ताहिक ४ रहेका छन् । भोजपुरी भाषामा प्रकाशित हुनेगरी प्रकाशनको अनुमति लिने पत्रिकाहरू २ मध्ये साप्ताहिक १ र पाक्षिक १ रहेका छन् । त्यसैगरी मैथिली भाषामा प्रकाशित हुने गरी दर्ता लिएका पत्रिका ४ मध्ये दैनिक १ र साप्ताहिक ३ रहेका छन् । थारू भाषामा प्रकाशन हुने गरी अनुमति प्राप्त ८ (०.३६%) पत्रिकामध्य अर्धसाप्ताहिक १, साप्ताहिक ५ र पाक्षिक १ रहेका छन् । दुई वा सोभन्दा बढी भाषामा (मिश्रित भाषामा) प्रकाशन हुने गरी दर्ता भएका पत्रिकाहरूको संख्या २३६ वटा रहेको छ ।

पत्रपत्रिका दर्ता गर्नु ठूलो कुरा होइन, पत्रिकाको प्रकाशनमा निरन्तरता दिनु ठूलो कुरा हो । एक पटक पत्रिका दर्ता भए पश्चात दर्ता खारेज नहुने प्रावधान नेपालको कानूनमा विद्यमान रहेको छ । माथिको तथ्यांकबाट के प्रष्ट हुन्छ भने प्रत्येक वर्ष ३०० को हाराहारीमा नयाँ पत्रपत्रिकाहरू मुलुकमा दर्ता भइरहेका छन् । अब त पत्रिकाको नयाँ नाम राख्ने झन्झट पनि भइरहेको बताइन्छ । सूचना विभागले सम्बन्धित जिल्लामा पत्रपत्रिका दर्ताका लागि सिफारिस गर्दा दर्ता भइसकेका पत्रिकाको नाममा अर्को पत्रिका दर्ता गर्न नमिल्ने भएकाले नाम नजुध्ने गरी सिफारिश प्रदान गर्दछ । दर्ता भएता पनि कैयन वर्ष प्रकाशन बन्द भएका पत्रपत्रिकाहरूको नामलाई हटाउनु पर्ने सम्बन्धित क्षेत्रका विज्ञहरूको तर्क रहेको छ । एउटा निश्चित नियम तोकी कानूनमा जारी भएको व्यवस्थालाई परिवर्तन गरेर विगत लामो समयदेखि अप्रकाशित पत्रपत्रिकाहरूको नाम खारेज गर्न राम्रो हुन्छ ।

## १५. २०४६ सालपछिका वर्षहरूमा पत्रपत्रिकाको दर्ता स्थिति

नेपालमा बहुदलीय प्रजातान्त्रिक व्यवस्था पुनर्स्थापना हुनुपूर्व कुल दर्ता अखबारको संख्या ४८१ रहेको

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 2 | २०४६।४७ | | | | | 515 |
| 3 | २०४७।४८-०४८।४९ | 96 | 3 | 506 | 51 | 656 |
| 4 | २०४९।५०-०५०।५१ | 112 | 3 | 571 | 55 | 741 |
| 5 | २०५१।५२ | 120 | 5 | 608 | 68 | 801 |
| 6 | २०५२।५३ | 132 | 6 | 655 | 81 | 874 |
| 7 | २०५३।५४ | 140 | 6 | 699 | 94 | 939 |
| 8 | २०५४।५५ | 158 | 8 | 773 | 101 | 1040 |
| 9 | २०५५।५६ | 200 | 11 | 994 | 193 | 1398 |
| 10 | २०५६।५७ | 219 | 10 | 1088 | 219 | 1536 |
| 11 | २०५७।५८ | 230 | 13 | 1153 | 224 | 1620 |
| 12 | २०५८।५९ | 248 | 21 | 1234 | 253 | 1756 |
| 13 | २०५९।६० | 260 | 21 | 1335 | 263 | 1879 |
| 14 | २०६०।६१ | 298 | 25 | 1442 | 273 | 2038 |
| 15 | २०६१।६२ | 307 | 21 | 1559 | 294 | 2181 |
| 16 | २०६२।६३ | 322 | 23 | 1616 | 292 | 2253 |

थियो । बितेका १७ वर्षमा यो संख्या २२५६ पुगेको छ अर्थात् यस अवधिमा कुल १७७५ अखवारहरू थप दर्ता भएका छन् । संविधानले प्रत्याभूति गरेको छापाखाना तथा अभिव्यक्ति स्वतन्त्रताका कारणले हरेवर्षमा बढीभन्दा बढी नयाँ पत्रपत्रिकाहरू दर्ता हुने क्रम बढिरहेको छ ।

सूचना विभागको तथ्यांक अनुसार २०६२ को फागुन मसान्तसम्म नेपाल अधिराज्यमा जम्मा ४२८६ पत्रपत्रिकाहरू दर्ता भएका देखिन्छन् । यी मध्ये दैनिक ३१३, अर्धसाप्ताहिक १०, साप्ताहिक १५०६, पाक्षिक ३००, मासिक १३१३, द्वैमासिक २६७, त्रैमासिक ४१९, चौमासिक २२, अर्धवार्षिक ६० र वार्षिक ७६ रहेका छन् । यसैगरी भाषागत रुपमा तथ्यांकलाई विश्लेषण गर्दा नेपालीमा २९५६, अंग्रेजीमा ३५५, नेपाली/अंग्रेजीमा ७३२, नेवारीमा २५, हिन्दी र मैथलीमा १३-१३, थारूमा ५, संस्कृत-भोजपुरी र उर्दूमा २-२ वटा, तिब्बति, लिम्बु, डोटेली भाषामा १-१ वटा र अन्य भाषामा १७८ वटा पत्रपत्रिकाहरू प्रकाशनार्थ दर्ता भएको सूचना विभागले जनाएको छ ।

| *क्र.सं.* | *किसिम* | *संख्या* | *क्र.सं.* | *भाषा* | *संख्या* |
|---|---|---|---|---|---|
| १ | दैनिक | ३१३ | १ | नेपाली | २९५६ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | अर्ध साप्ताहिक | १० | २ | अंग्रेजी | ३५५ |
| ३ | साप्ताहिक | १५०६ | ३ | नेपाली/ अंग्रेजी | ७३२ |
| ४ | पाक्षिक | ३०० | ४ | नेवारी | २५ |
| ५ | मासिक | १३१३ | ५ | संस्कृत | २ |
| ६ | द्वैमासिक | २६७ | ६ | हिन्दी | १३ |
| ७. | त्रैमासिक | ४१९ | ७. | मैथली | १३ |
| ८. | चौमासिक | २२ | ८. | भोजपुरी | २ |
| ९. | अर्धवार्षिक | ६० | ९. | उर्दू | २ |
| १०. | वार्षिक | ७६ | १०. | तिब्बति | १ |
| | | | ११. | थारु | ५ |
| | | | १२. | लिम्बु | १ |
| | | | १३. | डोटेली | १ |
| | | | १४. | अन्य | १७८ |
| | जम्मा | ४२८६ | | जम्मा | ४२८६ |

*श्रोत : सूचना विभाग*

अनुसन्धानका क्रममा पत्रपत्रिकाहरूको दर्ता अभिलेख प्रेस काउन्सिल नेपाल र सूचना विभागमा अलगअलग भएको पाइयो । काउन्सिलको अभिलेख भन्दा सूचना विभागको अभिलेख व्यवस्थित र आधिकारिक देखियो । सूचना विभागमा दर्ता भएका सबै पत्रपत्रिकाहरू काउन्सिलमा दर्ता हुन नआउने पाइएकोले पनि यस्तो अवस्था सृजना हुन गएको हो भन्ने तथ्य फेला पऱ्यो । विशेषतः प्रकाशित भइसकेपछि सरकारी सुविधा पाउने अभिप्रायले काउन्सिलमा पत्रपत्रिकाहरू दर्ताका लागि सम्बन्धित पक्षले पठाउने गरेको पनि देखियो । काउन्सिल र सरकारी पक्षले पत्रपत्रिकाहरूको भौतिक पूर्वाधार मजबुत गर्ने तर्फ पनि सोच्नु पर्ने हुन्छ ।

## १६. मिडिया विकास कोष

मोफसलका विभिन्न जिल्लाहरूबाट प्रकाशित हुने पत्रपत्रिकाहरूको गुणात्मक अभिवृद्धिल्याई आत्मनिर्भर गराउने उद्देश्यले वि.सं. २०५५ साल कार्तिक महिनामा नेपाल सरकार र डेनिस सरकारको संयुक्त सहयोगमा प्रेस काउन्सिल नेपाल अन्तर्गत रहने गरी मिडिया विकास कोषको स्थापना भएको हो । यसको प्रमुख उद्देश्य मोफसलका पत्रपत्रिका, सामुदायिक एफएम रेडियो, पत्रकार आदिले बैंकबाट ऋण लिई उपकरण खरिद गर्दा लाग्ने व्याजमा सहुलियत उपलब्ध गराउनु रहेको छ ।

सरकारबाट *म्याचिङ फण्ड*को रूपमा प्राप्त हुने रु. १ करोड ५० लाख र डेनिस सरकारको तर्फबाट प्राप्त रु. १ करोड ५० लाख गरी कुल रु. ३ करोड राशीको अक्षय कोषबाट यसको सञ्चालन गरिएको छ । शुरूका वर्षहरूमा विशेषगरी तराई क्षेत्रका पत्रपत्रिकाहरूलाई व्याज अनुदान मार्फत् सहयोग पुऱ्याएकोमा केही वर्षदेखि कोषको कार्यक्रममा विकट पहाडी जिल्लाहरू रामेछाप, इलाम, रुकुम, सल्यान, प्यूठान, अर्घाखाँची, गुल्मी, दार्चुला, बैतडी, नुवाकोट, पाल्पा, लमजुङ, तनहुँ आदिमा कार्य विस्तार भएको बताइन्छ । मोफसलको पत्रकारिता फस्टाउन नसक्नुको कारणमा साधन स्रोतको कमी, मुद्रण प्रविधिको अभाव, अविकसित जनशक्ति हुनु जस्ता यथार्थताहरूलाई मध्य नजर गरी कोषको स्थापना गरिएकोले सो क्षेत्रका गुणात्मक अभिवृद्धि गर्नु राम्रो अवसर हुने कोषले जनाएको छ ।

मोफसलको पत्रकारिता फस्टाउने वातावरण सृजना गर्नका लागि मिडिया विकास कोषद्वारा गरिएको ऋण प्रवाह कतिपय अवस्थामा असफल भएको पनि पाइएको देखिन्छ । ऋणी अर्थात् प्रकाशकले काउन्सिलबाट प्राप्त रकम वा ऋृण सम्बन्धित पेशामा खर्च नगरी अन्य पेशामा खर्च गरिएकाले पनि कतिपय अवस्थामा ऋण डुब्न सक्ने अवस्था सृजना हुन हुन्छ । ऋण दिँदा ऋणीको वास्तविकता काउन्सिलले पहिला नै विस्तृत रूपमा बुझ्नु पर्छ । यसैगरी ऋण वापत ऋणीले राख्ने गरेको अचल सम्पत्तिको धरौटी ऋण नउठ्ने अवस्थामा उक्त मूल्य बराबरको भए नभएको अध्ययन गर्न पनि जरूरी छ । ऋृणीलाई साँवा र व्याजका लागि बारम्बार ताकेता गर्न पनि काउन्सिल पछाडि पर्नु हुँदैन । अर्कोतर्फ काठमाडौं उपत्यकामा पनि मिडिया विकास कोषमार्फत काउन्सिलले ऋण प्रवाह गर्नु पर्ने आवाज समेत उठिरहेको कोषका सदस्य-सचिव एवं काउन्सिलका सहप्रशासकीय अधिकृत जगदिशप्रसाद पौडेल बताउनु हुन्छ ।

## (क) कोषका नीतिहरू

(१) अफसेट प्रेस, विद्युतीय सञ्चार माध्यम (सामुदायिक रेडियो) र डेक्सटप पब्लिसिङका उपकरणहरूको निम्ति व्याज अनुदान उपलब्ध गराइने ऋण रकमको सीमा अधिकतम् रु. २५ लाख कायम गरिने ।

(२) २ लाखसम्मको ऋणको समयावधी २ वर्ष र २५ लाखसम्मको ऋणको समयावधि ६ वर्षको हुनेछ अर्थात् सो अवधिसम्मको लागि बैंकलाई सावाको किस्ता तिरेको आधारमा ब्याज अनुदान दिइने ।

(३) नेपाल पत्रकार महासंघका शाखा कार्यालयद्वारा (दुर्गम पहाडी क्षेत्रमा) सञ्चालन गरिने सञ्चार केन्द्रको निम्ति उपकरण खरिदमा रु. १ लाखसम्म आर्थिक सहयोग उपलब्ध गराउने ।

(४) फोटो पत्रकारहरूलाई २ लाख र अन्य पत्रकार (सम्वाददाता समेत) लाई रु. १ लाखसम्मको उपकरणहरू खरिद गर्न १० प्रतिशतले एक वर्षमा हुन आउने व्याज अनुदान बराबरको रकम एकमुष्टरूपमा सहयोग स्वरूप उपलब्ध गराउने ।

(५) पत्रकारिता तथा तालिम सञ्चालन गर्ने प्रतिष्ठान र श्रव्यदृष्य कार्यक्रम निर्माताहरू एवं स्थानीय टेलिभिजनलाई २५ लाखसम्मको ऋणमा व्याज अनुदान उपलब्ध गराउने ।

(६) तराईका जिल्लाहरूको लागि व्याज अनुदानको दर ५ प्रतिशत र पहाडी जिल्लाको निम्ति १० प्रतिशत कायम गर्ने ।

(७) दलित समुदाय, जनजाति र महिला वर्गले सञ्चालन गर्ने छापा तथा विद्युतीय सञ्चार माध्यमको निम्ति शतप्रतिशत व्याज अनुदान उपलब्ध गराउने ।

# परिच्छेद – ५

## १. तथ्यांक संकलन, प्रशोधन र प्रयोजन

*"प्रेस काउन्सिल नेपाल र पत्रकार आचारसंहिता"* भन्ने मूल शीर्षकमा विभिन्न प्रश्नहरूको संगालो बनाएर सञ्चार क्षेत्रमा संलग्न तथा सर्वसाधारण गरी कुल ७५ जना महानुभावहरूलाई छनोट गरी सोधिएको थियो । उत्तरकर्ताहरूमा प्रकाशकबाट ५ जना, सम्पादकबाट २० जना, सञ्चारविद्‌बाट १० जना, श्रमजीवी पत्रकारबाट २० जना, सर्वसाधारणबाट १० जना, प्रेस काउन्सिलका कर्मचारी एवं पदाधिकारीहरूबाट ८ र नेपाल पत्रकार महासंघका प्रतिनिधिबाट २ जनाको विचारलाई समेटिएको छ ।

प्रेस काउन्सिलको भूमिकाप्रति सन्तोष व्यक्त गर्नेको संख्या ३० प्रतिशत (९ जना) र असन्तुष्टि व्यक्त गर्नेको संख्या ७० प्रतिशत (२१ जना) रहेको छ । यसबाट के स्पष्ट हुन्छ भने प्रेस काउन्सिल नेपालप्रति असन्तोष व्यक्त गर्नेहरूको संख्या अत्यधिक रहेको प्रष्ट हुन्छ ।

| क्र.सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | प्रेस काउन्सिल नेपालको भूमिका कस्तो छ ? | ३० जना | १०० | |
| २. | सन्तोषजनक | ९ जना | ३० | |
| ३. | असन्तोषजक | २१ जना | ७० | |

पत्रकारलाई आचारसंहिता चाहिन्छ भन्ने संख्या ८० प्रतिशत (२०) जना र चाहिँदैन भन्नेको संख्या २५ प्रतिशत (५ जना) रहेका छन् ।

| क्र.सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | पत्रकार आचार संहिता चाहिन्छ ? | २५ जना | १०० | |
| २. | चाहिन्छ | २० जना | ८० | |
| ३. | चाहिंदैन | ५ जना | २० | |


यसैगरी पत्रकारले आचारसंहिताको पालना गर्नुपर्दछ वा पर्दैन भन्ने प्रश्नमा ३० जना उत्तरदाताहरूमध्ये ६० प्रतिशत (१८ जना) ले पत्रकार आचारसंहिताको पालना गर्नुपर्ने धारणा व्यक्त गरेका छन् भने पालना गर्नुपर्दैन भन्नेको संख्या ४० प्रतिशत (१२ जना) रहेका छन् ।

| क्र.सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | पत्रकार आचार संहिता पालना गर्नुपर्छ ? | ३० जना | १०० | |
| २. | पर्छ | १८ जना | ६० | |
| ३. | पर्दैन | १२ जना | ४० | |

यसरी उक्त तथ्यांकले पत्रकार भएर आचारसंहिता पालना गर्नुपर्ने वा गर्नुपर्दैन भन्ने जवाफ आउनु बुझेर पनि बुझपचाएको हो भन्न सकिन्छ ।

यता पत्रकार आचारसंहिता बुझ्नु हुन्छ कि हुन्न भनी ३० जनालाई सोधिएकोमा ५० प्रतिशत (१५ जना) ले आचारसंहिता बुझेको धारणा व्यक्त गरे भने बाँकी आधाले नबुझेको जवाफ दिए । यसबाट के प्रष्ट हुन्छ भने पत्रकार आचारसंहिताको बारेमा जनचेतना जगाउन जरूरी देखिन्छ ।

| क्र.सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | पत्रकार आचारसंहिता बुझ्नु हुन्छ ? | ३० जना | १०० | |
| २. | बुझ्छु | १५ जना | ५० | |
| ३. | बुझ्दिन | १५ जना | ५० | |



माथिको तथ्यबाट प्रेस काउन्सिल नेपालको कार्य पद्धति र पत्रकार आचारसंहिताको सन्दर्भमा असन्तोष व्यक्त गर्नेहरूको संख्या धेरै भएको संकेत मिल्दछ । प्रायः सर्वसाधारणबाट प्रेस काउन्सिल नेपालको बारेमा केही पनि थाहा नभएको जवाफ प्राप्त भयो । पत्रकार आचारसंहिताको बारेमा स्वयम् पत्रकारहरू पनि अनभिज्ञ छन् । पत्रकार आचारसंहिताको बारेमा सुनेको तर त्यसमा के रहेको छ ज्ञात नभएको वा त्यसको अध्ययन गर्ने मौका नमिलेको बताउने पत्रकारहरूको संख्यामा पनि कमि देखिएन । अझ नवपुस्ताका पत्रकारहरूभन्दा पुराना एवं वरिष्ठ पत्रकारहरूले पत्रकार आचारसंहिताको अध्ययन नगरेको पाइयो । उनीहरूले पत्रकारिता साँच्चै पढ्नु पर्ने वा विशेष तालिम लिनुपर्ने विषय नभएको विचार व्यक्त गरे भने पत्रकार आचारसंहिता अध्ययनतर्फ चासो देखिएन । कतिपय पुराना पत्रकारहरूको भनाइ के थियो भने पत्रकारिता गर्नलाई पढ्नु पर्दैन अनुभवले सबै सिकिन्छ । हाम्रो अनुसन्धानमा रहेका साप्ताहिक पत्रिकामा काम गर्ने प्रायः पत्रकारहरूले काउन्सिलको बारेमा असन्तोष व्यक्त गरे । वर्गीकरणमा आफ्नो पत्रिकालाई आफूले अपेक्षा गरेको श्रेणीमा नराखेको कारणले काउन्सिलप्रति उनीहरूको चासो र धारणा विपरीत भएको अनुसन्धानबाट पत्ता लाग्यो । कतिपय अवस्थामा काउन्सिल इमान्दार हुँदाहुँदै पनि वर्गीकरणकै विषयलाई लिएर काउन्सिल, काउन्सिलका पदाधिकारी एवं कर्मचारीहरू प्रति नकारात्मक सोचाई बनाउने पत्रकारहरू पनि रहेछन् भन्ने अध्ययनका क्रममा थाहा भयो । उनीहरूले काउन्सिलका बारेमा असन्तोष मात्रै पोखेनन्, काउन्सिलका कार्यक्रमहरू बहिष्कार गर्नेसम्मको धम्की दिए । यसैगरी केहि पत्रकार एवं सञ्चारविद्ले काउन्सिलले बनाएको वर्तमान पत्रकार आचारसंहितामा फेरवदल गर्नुपर्ने धारणा पनि व्यक्त गरे । तथापि काउन्सिल र पत्रकार आचारसंहिताका बारेमा व्यापक छलफल र प्रचारप्रसारको कमीलाई आत्मसाथ गरी काउन्सिलले आगामी दिनहरूमा आफ्नो काम, कर्तव्य र अधिकारको स्पष्ट व्याख्या गर्दै पत्रकार आचारसंहिताका बारेमा सकेसम्म धेरै गोष्ठी, अर्न्तक्रियाको आयोजना गर्नुपर्ने महसुस गरियो ।

## २. प्रेस काउन्सिल नेपाल प्रभावकारी हुन नसक्नुका कारणहरू

(१) राजनीतिक झुकाव

(२) दक्ष कर्मचारीको अभाव

(३) पत्रकारहरूमा जवाफदेहिताको कमी

(४) आर्थिक दुरावस्था

(५) सूचनाको हक सम्बन्धी कानुनको अभाव

(६) आचारसंहिता सम्बन्धी प्रशिक्षण गर्ने परिपाटीको अभाव

(७) प्रेस काउन्सिल पत्रकार अनुगमन कार्यमा सक्रिय नहुनु

(८) अध्ययन एवं अनुसन्धानको अभाव

## (क) राजनीतिक झुकाव

नेपालमा संचालित अधिकांश प्रायः अखवारहरू कुनै न कुनै राजनीतिक दलहरूप्रति झुकाव राख्दछन् भने कतिपय अखवारहरू त राजनीतिक दलबाटै प्रत्यक्ष अप्रत्यक्ष सञ्चालित छन् । यहाँ पत्रकारिताको खोल ओडेर राजनीतिक दल, तिनका नीति एवं कार्यक्रमलाई अघि बढाइ रहेको पाइन्छ । पत्रकारिता राजनीतिक सेरोफेरोबाट बाहिरिन नसकेकाले गाली-गलौज, आलोचना, प्रत्यालोचना र समाचार बङ्ग्याउने प्रवृत्ति विद्यमान हुनाले पत्रकारिता पेशा आफ्नो धर्ममा चुक्न पुगेको छ । पत्रकारितामा आचारसंहिताको क्रियाकलाप अनुगमन गर्ने निकाय प्रेस काउन्सिल नेपालको अध्यक्षको मनोनयन समेत राजनीतिक परिवेशबाट मुक्त हुन नसकेको पाइन्छ । यसरी यथार्थमा जसको सरकार आयो उसैको पृष्ठपोषकका रूपमा काउन्सिलले कार्य गर्नुपर्ने स्थिति देखिन्छ ।

## (ख) दक्ष कर्मचारीको अभाव

प्रेस काउन्सिल नेपाल पत्रकारिताको नैतिक आचरण सिकाउने संस्था हो । तर यहाँ काम गर्ने परिपाटीको मूल्यांकन गर्दा कर्मचारीहरूले पत्रकारिताको ज्ञान कमै मात्रमा हासिल गरेको देखिन्छ । पत्रकारिताको श्रीवृद्धिको लागि कटिवद्ध रहने संस्थामा काम गर्ने कर्मचारीमा नै पत्रकारिताको सही ज्ञान नहुँदा निश्चय नै पत्रकारिताको मूल्य र मान्यता लागू हुन सक्दैन । कर्मचारीहरूलाई पत्रकारिताको व्यावसायिक प्रशिक्षण र सीप सिकाउन नसकेको कारणले पनि नेपालमा प्रेस काउन्सिलको भूमिका र पत्रकार आचारसंहिताको कार्यान्वयन प्रभावकारी हुन नसकेको हो ।

## (ग) पत्रकारहरूमा जवाफदेहीताको कमी

पत्रकारहरुमा नै नैतिक जवाफदेहीताको कमी देखिन्छ । पत्रकारितामा योग्यताक्रमको निर्धारण गर्ने परिपाटी नभएकाले पत्रकारिताको मूल्य र मान्यता नै नबुझेका पत्रकारहरूको संख्या अधिक छ । व्यावसायिक पत्रकारिताको लागि जवाफदेहिता हुन जरुरी छ । हरेक पत्रकारमा समाज, देश र जनताप्रतिको उत्तरदायित्वको ज्ञान हुन जरूरी देखिन्छ । यसले गर्दा पनि पत्रकारिताले खास प्रतिफल हासिल गर्न नसकेको हो ।

### (घ) आर्थिक दुरावस्था

प्रेस काउन्सिल स्वनिर्भर भई क्रियाशिल हुन सकिरहेको देखिंदैन । यसले सदैव सरकारको मुख ताक्नु पर्ने अवस्था विद्यमान छ । कार्यक्रमहरू तय गरिन्छ, तर ती कार्यक्रमहरू आर्थिक दुरावस्थाका कारणले बीचैमा छाड्नु पर्ने वा कामको थालनी हुन नपाउँदै बजेटको अभाव भएर प्रेस काउन्सिल र पत्रकार आचारसंहिता सम्बन्धी नीति, कार्यक्रम र योजना लागू हुन नसकेको देखिन्छ । आर्थिक दुरावस्था कै कारणले यसको पहुँच मोफसलमा शून्य बराबर देखिन्छ ।

### (ङ) सूचनाको हक सम्बन्धी कानूनको अभाव

सूचनाको हक सम्बन्धी कानूनको निर्माण भएता पनि त्यसको कार्यान्वयन सुदृढ नभएको कारण व्यक्ति विशेषले सार्वजनिक सरोकारको सूचना पाउन सकेको छैन । यसबाट अनुमानको भरमा सूचना संप्रेषण गर्दा पत्रकार आचारसंहिताको उलंघन हुने गरेको पाइन्छ । यस्तो कानूनको अभावका कारण पत्रकारहरूलाई के लेख्दा कानूनसम्मत र के लेख्दा कानून विरूद्ध हुन्छ भन्ने विषयवस्तुतर्फ पत्रकारहरूले यकिन गर्न सकेका छैनन् ।

### (च) आचारसंहिता सम्बन्धी प्रशिक्षण गर्ने परिपाटीको अभाव

पत्रकारले कस्तो प्रकारको सूचना संप्रेषण गर्न हुने वा नहुने भन्ने निर्धारण तत्वबाट नै आचारसंहिता बन्न जान्छ । अधिकांश पत्रकारहरूलाई आचारसंहिता बारे विस्तृत रूपमा जानकारी छैन । यसकारण उनीहरूले सम्प्रेषण गरेका सूचना, आचारसंहिता विरुद्ध हुन जान्छ । पत्रकारहरूले समय-समयमा आचारसंहिता सम्बन्धी प्रशिक्षण, तालिम, गोष्ठी र अर्न्तक्रिया गर्ने संस्कार नभएकोले समेत के लेख्दा आचारसंहिता सम्मत हुन्छ वा विरूद्ध हुन्छ भनी छुट्याउन सकेका छैनन् ।

### (छ) प्रेस काउन्सिल पत्रकार अनुगमन कार्यमा सक्रिय नहुनु

मुलुकमा प्रकाशन भइरहेका पत्रपत्रिकाको संख्याको अनुपातमा २-४ जना सदस्य रहेको आचारसंहिताको अनुगमन समितिले नियमित दैनिक रूपमा आचारसंहिताको अध्ययन गर्न सकेको छैन ।

सीमित जनशक्ति, साधन तथा श्रोत साधनको अभावको कारणले आचारसंहिताको अध्ययन तथा अधिराज्यभर प्रभावकारी संयन्त्रको निर्माण गरेर अनुगमन गर्न सक्ने अवस्था कमै मात्रमा विद्यमान छ ।

### (ज) अध्ययन एवं अनुसन्धानको अभाव

प्रेस काउन्सिल नेपाल स्थापना भएको लगभग ४ दशक समाप्त भएता पनि यसले पत्रकारिताको नीतिगत अध्ययन, परामर्श तथा अनुसन्धानको क्षेत्रमा खासै सक्रिय हुन सकिरहेको देखिंदैन । साथै पत्रकारितासँग सम्बन्धित पत्रकार एवं संचार गृहहरू पनि यस संस्थामा संस्थागत चासो राख्दैनन् । सरकारले पनि प्रेस काउन्सिल नेपालप्रति उत्तरदायित्वपूर्ण जिम्मेवारी निर्वाह गरेको देखिएन । यसैले अपेक्षाकृत रूपमा काउन्सिलले आफूले प्रभावकारी भूमिका निर्वाह गर्न सकिरहेको छैन । प्रेस काउन्सिल नेपाल नेपाली पत्रकारिताको इतिहास बोकेको संस्था भएता पनि यसको गहन रूपले अध्ययन एवं अनुसन्धान हुन सकिरहेको  छैन ।

## ३. प्रेस काउन्सिलमा पारदर्शिता र नीति परिवर्तनको खाँचो

'प्रजातन्त्रमा नीतिगत दायरामा रहेर काम गरिन्छ जसले गर्दा जनमानसबीच अति गोप्य विषय वाहेक अन्य चिज खुला र पारदर्शीढंगले सार्वजनिक रूपमा प्रकट हुन्छ । साथै संचारकर्मीहरूले सरकार र गैरसरकारी निकायमा पुगेर सम्बन्धित निकायमा पारदर्शिताको अभाव रहेको विषय उठाएको पाइन्छ । तर विडम्बना तिनै संचारकर्मीले काम गर्ने संचार माध्यमको वार्षिक विवरणबारे बुझ्न खोज्दा आधिकारिक तथ्य दिनु त कता हो कता कतिपय सूचना नदिइकनै फर्काइने गरेका घटना छन् । पत्रपत्रिकाको छपाई, विक्री वितरणबाट नै प्रेस काउन्सिलले पत्रिकाले वर्गीकरण गर्ने गरेको पाइन्छ । काउन्सिललाई बुझाउने गरेको लेखापरीक्षण फाराममा उल्लेखित शीर्षकहरूका सूचनाहरू संकलन गर्ने क्रममा केही साप्ताहिक र दैनिक पत्रिकाको कार्यालयमा पुगेर जिम्मेवार पदमा आसिन व्यक्तिसँग जानकारी लिन खोज्दा उनीहरू पत्रिकाको वास्तविक संख्या दिन मान्दैनन् । लामो समय पश्चात मुख खोलिहाले पनि एउटै प्रकाशन गृहका दुई जिम्मेवार व्यक्तिबारे प्रतिवेदन फरक पाइन्छ । यसरी पत्रपत्रिकाको स्तर उन्नतिको लागि मद्दत पुग्ने विषयमा सरोकार राख्नेलाई रीतिपूर्वक जाँदासमेत छपाई संख्याबारे तथ्याङ्क खुलासा गर्दैनन् । अरूलाई पारदर्शी हुन आह्वान र लेखाजोखा गर्ने संचार जगतले घरायसी चासोको विषयमा पारदर्शी बन्न सक्नुपर्दछ ।'[15]

[15] *दशरथ राई र विजय अधिकारी, प्रेस काउन्सिल र यसको गठन प्रक्रिया, कार्यपत्र*

प्रेस काउन्सिल नेपालले १० हजारप्रति अंक छपाई भई वितरण हुने पत्रिका 'क' वर्गमा पर्ने नीति प्रष्ट रुपमा ल्याएको छ । यसले गर्दा प्रजातान्त्रिक आस्था र विश्वास राजनीतिक दृष्टिकोण आदि विषयमा केन्द्रित रहेर प्रकाशित हुने पत्रिकाको स्तर र श्रृंगारिक मिठास दिने, सिनेमा, यौन, फेसन, फोटोसेसन जस्ता विषयलाई केन्द्रित गरी व्यावसायिक रूपमा प्रकाशित पत्रिकाको स्तर एउटै प्रकारको हुन आएको पाइन्छ । अझ वैचारिक पृष्ठभूमि बोकेका, सिंगो मुलुकको समस्याको निकासाका विषयमा गहन विचार विमर्श गर्दै प्रकाशन हुने पत्रिकाको वितरण कम र व्यावसायिकपना बढि हुने हुँदा वर्गीकरणमा वैचारिक पृष्ठभूमि बोकेका पत्रिका तल झर्ने स्थिति देखिन्छ । भाषा, शैली, फोटो, साजसज्जा आदिलाई पनि संपरीक्षण मूल्याङ्कन समितिले हेर्ने गरेको पाइएता पनि १० हजारभन्दा कम प्रति छापिने पत्रिका पनि 'क' वर्गमा पर्नु तर प्रतिक्रियागत रूपमा १० हजारमाथि छापिनेलाई मात्र राखिनु व्यावहारिक देखिदैन । अर्को महत्वपूर्ण पक्ष के छ भने हरेक पटक काउन्सिलमा नेतृत्व फेरिने वित्तिकै पत्रिकाको वर्गीकरणमा तल माथि हुनु विशेष उल्लेखनीय पक्ष नै भइसकेको छ ।

यसरी पत्रपत्रिकाका जस्तो अन्य सार्वजनिक निकायका कमी कमजोरी हटाउँदै सही मार्गमा हिड्न सिकाउने माध्यम नै अरूको मुख ताक्ने प्रकृतिमा रहने परिपाटी विशेषगरी साप्ताहिक पत्रिकामा विकास हुन पुगेको देखिन्छ । व्यावसायिकता भन्दा पनि मुख ताक्ने प्रवृत्ति विकास भएकोले पत्रकारिता जगतमा आर्थिक सहयोग प्राप्तिको लागि हुने गरेका गलत प्रयोग विस्तारै हराउँदै जाने विश्वास गर्न सकिन्छ ।

## ४. प्रेस स्वतन्त्रताको सीमांकन

स्वतन्त्रता भनेको निरंकुश र स्वेच्छाचारी शक्ति आर्जन गर्ने प्रमाणपत्र कदापि होइन । जवाफदेहिता विनाको स्वतन्त्रता अन्यायलाई प्रश्रय गर्न शक्तिशाली माध्यम मात्र बन्दछ । स्वतन्त्रता असीमित र निरपेक्ष छैन । अमेरिकाको संवैधानिक व्यवस्थाले अभिव्यक्ति एवं प्रेस स्वतन्त्रताको संवैधानिक प्रत्याभूति गरेको भएता पनि राज्यमा अन्तर्निहित प्रहरी शक्ति सिद्धान्तको प्रतिपालनद्वारा व्यक्तिगत स्वतन्त्रताको प्रयोगले गर्दा सार्वजनिक हितमा स्पष्ट र तत्काल खतरा पुग्न सक्ने अवस्था आउन सक्दछ । यहाँ प्रेस स्वन्त्रताको हकमा रोक लगाउन सकिने मान्यताको आधारमा स्वतन्त्रता निरपेक्ष नहुने कुरालाई आत्मसात गरेको पाइन्छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र-१९४८ को धारा २९ ले समेत "आफ्नो अधिकार र स्वतन्त्रताको उपभोग गर्दा प्रत्येक व्यक्तिलाई अरुको अधिकार र स्वतन्त्रताको सम्मान तथा यथोचित मान्यता सुरक्षित गर्ने एवं नैतिकता, शान्ति, सुव्यवस्था र प्रजातान्त्रिक समाजको कल्याणको उचित आवश्यकता पूरा गर्ने उद्देश्यका लागि कानूनले सीमा निर्धारण गर्न सक्नेछ" भन्ने व्यवस्था गरी स्वतन्त्रतामा मनासिव बन्देज लगाउन सकिने इजाजत दिएको छ । भारतीय संविधानको १९ (२) ले

मुलुकको सार्वभौमसत्ता, अखण्डता, राज्यको सुरक्षा, विदेशी राज्यसँगको मैत्रीपूण सम्बन्ध, सार्वजनिक सुव्यवस्था, शिष्टता र नैतिकता, अदालतको अवहेलना हुने, अपराध गर्न दुरुत्साहित गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिव प्रतिवन्ध लगाउने व्यवस्था गरेको छ ।

नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२ को उपधारा (९) ख (१) ले नेपालको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जातजाति वा सम्प्रदाय बीचको सम्बन्ध खलल पार्ने वा राजद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने, अपराध गर्न दुरूत्साहित गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिव नियन्त्रण गर्नसक्ने व्यवस्था गरेको थियो ।

त्यस्तै, नेपाल अधिराज्यको अन्तरिम संविधान २०६३ को धारा १२ को उपधारा (९) ख (१) ले नेपालको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जातजाति वा सम्प्रदाय बीचको सम्बन्ध खलल पार्ने वा राजद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने, अपराध गर्न दुरूत्साहित गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिव नियन्त्रण गर्नसक्ने व्यवस्था जारी गरेको छ ।

# परिच्छेद – ६

## १. अध्ययनको निष्कर्ष

आचारसंहिताले पत्रकारिता पेशालाई उच्चतम् आदर्शमय र नैतिकवान अवधारणा आत्मबोध गराउनको लागि नैतिक बन्धन स्वरूप कार्य गर्दछ । अध्ययनले पत्रकार र पत्रकारिता पेशालाई अनुशासित बनाउन पत्रकार स्वयम् पालक हुनुपर्ने धारणा सर्वसाधारणदेखि संचारविद्सम्म एउटै रहेको पाइन्छ । यसरी अध्ययनबाट पत्रकार आचारसंहिता अनिवार्य रूपमा चाहिन्छ भन्ने संख्या अत्यधिक छ । यसबाट पत्रकार आफैंले बुझ्ने भएकोले पत्रकारलाई आचारसंहिता चाहिंदैन भन्नेको संख्या न्यून रहेको पाइयो । यसैगरी पत्रकारिता क्षेत्रमा प्रेस काउन्सिलले सशक्त भूमिका निर्वाह गर्नुपर्ने अवस्था छ । अध्ययनबाट काउन्सिलको कार्यप्रति असन्तोष व्यक्त गर्नेहरूको संख्या धेरै छ ।

नेपाली पत्रकारिताले यति नै भनी आचारसंहिता पालना गर्नेको संख्या यकिन नभएता पनि पत्रकारहरू स्वयम्ले पत्रकार आचारसंहिता पालना गर्नेको संख्या निकै कम रहेको पाइयो । अध्ययनबाट काउन्सिल समेतले दैनिक रूपमा संस्थागत रूपमा सम्पूर्ण पत्रकारहरूले आचारसंहिता उल्लंघन भएको छ कि भन्ने अध्ययन गर्ने परिपाटी नरहेको अवगत भयो । प्रेस काउन्सिलमा आर्थिक वर्ष २०६२/०६३ मा ३७ वटा उजुरी, ५५ वोधार्थ र २ कार्यार्थपत्रहरू दायर भएका थिए । काउन्सिलमा दायर हुन आएका उजुरीमध्ये ३५ वटा पत्रकार आचारसंहिता सम्बन्धी र २ वटा काउन्सिलको अधिकार क्षेत्रभन्दा बाहिर रहेको प्रेस काउन्सिलले जनाएको छ ।

नेपालमा पत्रकार आचारसंहिता पालना गराउने प्रमुख समस्याको रूपमा राजनीतिक झुकाव तथा दक्ष तालिमप्राप्त विज्ञ पत्रकारको संख्या न्यून रहनु नै हो । यस्तै अध्ययनबाट गैरसरकारी संघसंस्था, आर्थिक दुरावस्था, सूचनाको हक सम्बन्धी कानूनको कार्यान्वयन नहुनु र पत्रकारहरू आफ्नो समूहबाट अलग रहन नसक्नु आदि समस्या रहेको प्रष्ट भयो । समय-समयमा पत्रकारहरूलाई पत्रकारिता पेशाप्रति उत्तरदायी र जिम्मेवारी बनाउन आवश्यक प्रशिक्षण गराउने परिपाटी समेत नभएको पाइयो ।

शैली पुस्तिका (style book) ले पत्रकारलाई भाषागत प्रयोग र पत्रकारले पालना गर्नुपर्ने नीति नियमबारे जानकारी गराउँदछ । नेपालमा प्रमुख सरकारी संचार माध्यम बाहेक ठूलठूला प्रकाशन गृहले समेत शैली निर्माण गरेको पाइएन । दैनिक रूपमा आचारसंहिता अध्ययन गर्ने परिपाटी नभएकाले पत्रकार आचारसंहिता सम्बन्धी नियमित अनुगमन प्रणालीको विकास गर्ने उद्देश्यले गठन भएको प्रेस काउन्सिलको भूमिका निस्कृय रहेको पाइयो । यसरी प्रेस काउन्सिलको भूमिकाप्रति असन्तोष जाहेर गर्नेहरूको संख्या अधिक (७० प्रतिशत) र सन्तुष्ट हुनेको संख्या कम (३० प्रतिशत) रहेको पाइयो ।

पत्रकारिता व्यावसायिकता, नैतिकताबाट प्रभावित हुनपर्नेमा नेपाली पत्रकारहरूको आचारसंहिता राजनीति र स्वार्थ समूहबाट नराम्ररी प्रभावित भएको अवगत भयो । यसरी अध्ययनबाट सीमित जनशक्ति र बजेट कम भएकोले नै प्रायः सबै छापा र विद्युतीय संचार माध्यमहरूले सम्प्रेषण गरेका सामग्रीहरूको अध्ययन मूल्यांकन गर्न कठिनाई परेको थाहा भयो । सीमित जनशक्ति विद्यमान रहेको आचारसंहिता अनुगमन समिति प्रभावकारी बन्न नसकेको हो । बेलावखतमा आचारसंहिता सम्बन्धी गोष्ठी, सेमिनार, एवं अन्तरक्रिया भएमा आचारसंहिता पालनाको स्थितिमा सुधार आउने विज्ञहरूको मत रहेको छ । त्यसो त ५० प्रतिशत श्रमजीवी पत्रकारहरू नै आचारसंहिताका बारेमा अनभिज्ञ भएको पाइयो ।

साधारणतया आचारसंहिता पालना गर्दा सत्यतथ्य तवरबाट सूचना सम्प्रेषण भई समाजमा नैतिक अनुशासन कायम हुन्छ । अन्यथा समाजमा अनुशासनहिनता तथा अराजकता फैलन जान्छ । समाजलाई सुसूचित गर्ने भूमिका निर्वाह गरेका पत्रकारहरूले आचारसंहितालाई नैतिक चेतावनी र आत्मनिर्देशनका रूपमा भन्दा पनि स्वेच्छिक र सतही रूपमा लिएको पाइयो । आचारसंहिता कसैलाई कानून झैं अनिवार्य रूपमा परिपालन गर्न जारी नरहेता पनि पत्रकारले पेशागत मान्यता र नैतिक अनुशासन मान्नै पर्दछ । श्रमजीवी पत्रकारहरूमध्ये ६० प्रतिशतले आचारसंहिताको वेवास्ता गरेको र बाँकी ४० प्रतिशतले आत्म-निर्देशनका रूपमा लिएको पाइयो ।

श्रमजीवी पत्रकार सम्बन्धी ऐन कार्यान्वयन नभएका कारण उनीहरूले खप्नु परेको कठिनाइबारे अवगत भयो । अध्ययनबाट समयमा पारिश्रमिक नपाउने, पाएमा थोरै पाउने, बढी समय काम गर्नुपर्ने, पत्रकारलाई नियुक्तिपत्र नदिने र बिना सूचना नै कामबाट निकाल्ने जस्ता कारणले श्रमजीवी पत्रकारहरू मर्कामा परेको प्रष्ट भयो । कुनै पनि पत्रकारले आफ्नो व्यावसायिक आचारसंहिता उल्लंघन गरेमा व्यक्तिले काउन्सिलमा उजुरी दिन सक्ने प्रावधान छ । तर उजुरीको लागि काउन्सिल भन्दा पनि मानहानी, चरित्रहत्या, गाली बेइज्जति सम्बन्धी मुद्दा अदालतमा जाने गरेको पाइयो । उजुरीका लागि अदालत जानेको संख्या ७० प्रतिशत र काउन्सिलमा उजुरीका लागि जानेको संख्या ३० प्रतिशत विद्यमान रहेको छ ।

मर्का पर्ने पक्षको भनाई सम्बन्धित पत्रपत्रिकामा प्रकाशित गर्न लगाउने, मर्का पर्ने पक्षले क्षमायाचना गर्न लगाई निजको कुरा सम्बन्धित पत्रपत्रिकामा प्रकाशित गर्न लगाउने, मर्का पर्ने पक्षको कुनै टिप्पणी, लेख प्रकाशन सम्बन्धित पत्रपत्रिकामा प्रकाशित गर्ने व्यवस्था छ। यसैगरी पटकपटक व्यावसायिक आचारसंहिता उल्लघंन गर्ने पत्रकारलाई नेपाल सरकारबाट पाउने सुविधा तोकिएको अवधि भएको वा पुरै रोक लगाउन नेपाल सरकारमा सिफारिस गर्ने कार्य पनि प्रेस काउन्सिलले गर्दछ। तर सो कार्य हालसम्म गरिएको उदाहरण प्रेस काउन्सिलको इतिहासमा व्याप्त छैन । प्रेस काउन्सिलबाट गरिने निर्णयहरू प्रभावकारी रूपमा कार्यान्वयन नगरिएर पनि यसो भएको हो । यसैगरी पत्रकारहरूमा पत्रकार आचारसंहिता सम्बन्धी यथोचित ज्ञान छैन । व्यावसायिक लगन र कामप्रति दत्तचित्त हुनका लागि आचारसंहिताको व्यावहारिक पालना हुन जरूरी छ । काउन्सिलले नैतिक पाठ मात्रै पढाउने हो । प्रेस काउन्सिलले नैतिकताको पाठलाई पनि उल्लंघन गर्ने सञ्चार माध्यम वा पत्रकारलाई सरकारी सुविधाबाट बञ्चित गर्न समेत तत्पर रहनुपर्छ।

नेपालमा आचारसंहिता पालना गर्न अर्को कठिनाइ उत्पन्न हुने कारणमध्ये सूचनाको हक सम्बन्धी कानूनको थालनी प्रारम्भिक चरणमा भएर पनि हो। यो कानूनले परिभाषित गरेका निकायहरूमा जनताको सूचना सम्बन्धी पहुँच पुग्नेछ र उनीहरूले सूचना प्राप्त गर्न सक्नेछन्। तर सरकारी सूचना नपाइने र महत्वपूर्ण सूचना लुकाउने प्रवृतिले गर्दा समेत पत्रकारले सूचनाको वास्तविक स्रोतभन्दा पनि अनुमानका भरमा सूचना सम्प्रेषण गर्दा गलत सूचना प्रवाह हुने अवस्था समाप्त हुने अपेक्षा गरिएको छ। समग्रमा भन्ने हो भने नेपालमा आचारसंहिताको पालना भन्दा पनि अवमूल्यन भएको पाइयो । आचारसंहिता उल्लंघन गर्ने पत्रकारलाई सचेत बनाउन तथा आगामी दिनहरूमा सो गर्न नदिन प्रेस काउन्सिलले प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको अध्ययनबाट जानकारी भयो।

## २. अध्ययनको सारांश

नेपाली पत्रकारहरूबाट प्रेस जगतलाई जिम्मेवार, मर्यादित र प्रभावकारी बनाउने सिलसिलामा जारी भएका आचारसंहिताको पालना हुन सकेको छैन । आचारसंहिता पत्रकारका लागि समाज र नागरिकप्रति जिम्मेवारी बोध गराउने एवं कर्तव्य निर्वाहको प्रत्याभूति हो भन्ने थाहा पाउँदा पाउँदै पनि नेपाली पत्रकारहरूले त्यसको अवमूल्यन गरेको पाइन्छ। नेपाली पत्रकारिता क्षेत्रका विद्यमान समस्याहरूले गर्दा आचारसंहिता पालनामा प्रतिकूल असर परेको देखिन्छ।

आचारसंहिता अनुगमनका लागि आचारसंहिता अनुगमन समिति निर्माण भएता पनि सिमीत स्रोत, साधन र जनशक्तिका कारण दैनिक रूपमा आमसंचार माध्यमबाट सम्प्रेषण भएका सामग्रीको प्रेस काउन्सिलबाट जाँचबुझ हुन सकेको छैन । पूर्वाग्रही भावना तथा जवाफदेहिताको कमिका कारण स्वरूप समेत आचारसंहिताको अनुगमन गर्ने निकायप्रति प्रेस काउन्सिल पनि सबल हुन नसकेको देखियो ।

पत्रकारहरूलाई समय-समयमा आचारसंहिता बारे प्रशिक्षण दिने परिपाटी नभएका कारण नेपाली पत्रकारहरूले आचारसंहिताको पालनामा असर परेको छ । यस्तो अवस्थाबाट मुक्ति पाउन र बेला वखतमा पत्रकारहरूलाई आचारसंहिता सम्बन्धी प्रशिक्षण दिने परिपाटीको विकास गर्नुपर्ने देखिन्छ । कुनै पनि पत्रकारले आफ्नो व्यावसायिक आचारसंहिता उल्लंघन गरेमा काउन्सिलमा उजुरी दिने प्रावधान भएता पनि मानहानी, चरित्रहत्या र गाली बेइज्जति सम्बन्धी मुद्दा अदालतमा जाने गरेको पाइन्छ । यसैगरी पत्रकारिता व्यावसायिकताबाट प्रभावित हुनपर्नेमा राजनीति र स्वार्थ समूहहरूबाट नराम्ररी प्रभावित हुने गर्दा समेत आचारसंहिताको परिपालना विधाको अवमूल्यन भइरहेको पाइन्छ ।

## ३. सम्भावना

विगतको तुलनामा वर्तमान अवस्थामा सञ्चार क्षेत्रमा पत्रकारितामा सैद्धान्तिक एवं व्यावसायिक सीप सिकेका शिक्षित युवा जमातको प्रवेश बढ्न थालेको छ । मुलुकमा पत्रकारिता तथा आमसञ्चारका विषयमा उच्च शिक्षा दिने सरकारी तथा निजी क्षेत्रमा व्यावसायिक तालिम दिने संघसंस्थाहरू विस्तारै खुल्न थालेका छन् । सञ्चार क्षेत्रमा देखा पर्ने नयाँ पिंढिलाई बेलैमा नैतिकता एवं अनुशासन सिकाउन सकेमा आचारसंहिता पालना गर्ने परिपाटीको सविस्तार विकास गर्न सकिन्छ ।

सञ्चार माध्यमबाट व्यक्तिगत एवं संस्थागत रूपमा लाभ लिने माध्यमहरूका रूपमा मात्र विकास गर्दा जनविश्वास गुम्न सक्छ र सामाजिक प्रतिष्ठा पनि गुमाइन्छ भनी सञ्चारकर्मीहरूमा चेतना पलाउन थालेको छ । पाठकहरू पनि यस विषयमा सचेत हुन थालेका छन् । पत्रकारिता नबुझेर मात्र लेखनमा संलग्न समूह तथा सूचना प्रविधिलाई आत्मसात गर्ने पत्रकारहरूको समूह व्यावसायिक दक्षता तथा कलात्मक शैली व्याप्त भएका पत्रकारहरूसँगको प्रतिस्पर्धामा पराजित भइसकेका छन् । तदनुरूप पत्रकारहरूले सत्य, तथ्य सूचना, व्यावसायिक सीप र उच्च ज्ञान हासिल भएका प्रतिस्पर्धामा खरो रुपमा उत्रन सकिन्छ भन्ने बुझ्न थालेका छन् ।

पत्रकार आचारसंहिता बारेमा प्रशिक्षण, तालिम दिने एवम् पाठ्यक्रममा समावेश गर्ने परिपाटी विकसित भएमा त्यसमा क्रमशः सुधार आउन सक्दछ । यदि प्रेस काउन्सिलले दैनिक रूपमा आचारसंहिता उल्लंघन भएको छ कि छैन भनेर अध्ययन एवं अनुसन्धान गर्ने र सचेत पार्ने कार्य गर्न सकेमा आचारसंहिता उल्लंघनका घटनाहरूमा कमी आउन सक्दछन् । पत्रकार आचारसंहिता, २०६० ले आमसञ्चारका विविध पक्षहरूलाई समेटेकोले पत्रकारिता विधाको अभ्यास गर्दा आइपर्ने समस्या समाधान गर्नका लागि पत्रकारहरूलाई सावधानी गराएको पाइन्छ । पत्रकारका काम, कर्तव्यका बारेमा स्पष्ट र बुँदागत व्याख्या गरेकोले र पत्रकारले गर्न हुने नहुने कुरा बुँदागत रुपमा स्पष्ट पारेकाले समेत यो आचारसंहिता व्यावसायिक पत्रकारका लागि मार्ग निर्देशक बन्ने आशा राख्न सकिन्छ । तर विद्युतीय सञ्चार माध्यमबाट प्रसारण हुने सामग्रीहरूमाथि कुन विधिले कसरी आचारसंहिता उल्लंघन भएको अनुगमन गर्ने भन्ने सम्बन्धमा स्पष्ट व्याख्या नभएकाले नै यो आचारसंहिता कार्यान्वयनमा समस्या पर्न सक्दछ ।

सूचनाको हक सम्बन्धी कानूनले मान्यता पाएको अवस्थामा सञ्चारकर्मीहरूमा सत्यतथ्यमा आधारित सूचना वा जानकारीको संकलनमा भोग्नुपरेका कठिनाई, जटिलता तथा सूचना सम्प्रेषणमा हुने गरेको कमीकमजोरी स्वतः समाधान हुँदै जाने अनुमान गर्न सकिन्छ ।

आचारसंहिता नैतिक अनुशासन भएकाले पत्रकार स्वयम् यसको पालक बन्नुपर्दछ । प्रेस काउन्सिल नेपालले आचारसंहिता उल्लंघन गर्ने पत्रकारलाई सचेत बनाउने कार्यमा सक्रियताका साथ लागेमा आचारसंहिता पालना गर्नुपर्दछ भन्ने मानसिकता तयार हुन्छ ।

विकासोन्मुख मुलुकको काउन्सिलका सरकारी पक्षमा समर्थन गर्ने वा राजनीतिक नियुक्ति प्राप्त भएका अधिकारीद्वारा काउन्सिलको अध्यक्षता सञ्चालन हुने हुँदा राजनीतिक पूर्वाग्रह हावी हुन जान्छ । काउन्सिलमा व्यावसायिक पत्रकारिताको प्रतिनिधिन्व हुन सकेमा काउन्सिल क्रियाशील हुन जान्छ । यस सम्बन्धमा समुचित रूपमा विचार पुऱ्याउन सकेमा स्वच्छ, स्वस्थ पत्रकारिताको विकास गर्न सहयोग पुग्दछ भन्ने आशा गर्न सकिन्छ । हाल आचारसंहिता सम्बन्धी प्रशिक्षण एवं तालिमको व्यवस्था नभएकाले समेत प्रेस काउन्सिलले पत्रकार महासंघको सहयोगमा प्याकेजका रूपमा आचारसंहिता सम्बन्धी प्रशिक्षण एवं व्यावसायिक तालिम संचालन गर्नुपर्ने देखिन्छ ।

## ४. सुझाव/सल्लाह

पत्रकारिता व्यवसायलाई उच्चतम्, आदर्शमय, मर्यादित तथा जिम्मेवारीयुक्त बनाउनका लागि आचारसंहिता निर्माण गरिएको हुन्छ । यसलाई परिपालन गर्नु पत्रकारको व्यावसायिक कर्तव्य हो । प्रजातान्त्रिक समाजले जवाफदेहिता बिनाको प्रेस स्वतन्त्रतालाई ग्रहण गर्न सक्दैन । जुन स्थानमा जवाफदेहिता कम हुन्छ, त्यहाँ स्वतन्त्रताको कुनै अर्थ रहँदैन । मर्यादित र जवाफदेहीपूर्ण पत्रकारिताले नै जनमतलाई सशक्त बनाउन सक्दछ । प्रजातान्त्रिक राज्यको निम्ति जिम्मेवारपूर्ण प्रेस अभिन्न अंग हो । पत्रकारिता पेशाको सबभन्दा महत्वपूर्ण आधारशीला विश्वसनीयता नै हो । आफ्नो विश्वसनीयता कायम राख्न प्रेसले जवाफदेहिता, लगनशीलता, सत्यता, यथार्थता र शिष्टता जस्ता आचरणजन्य मान्यतालाई सदा परिपालन गर्नुपर्ने हुन्छ ।

'नेपाल अधिराज्यको अन्तरिम संविधान, २०६३' ले विचार र अभिव्यक्ति स्वतन्त्रता एवं छापाखाना र पत्रपत्रिका सम्बन्धी हकको प्रत्याभूति, सूचनाको हकको संरक्षण, संविधान प्रदत्त हकको अतिक्रमण भएमा प्रभावकारी उपचारको व्यवस्था जस्ता चिजहरूको संवैधानिक सुनिश्चितता प्रदान गरेको छ । विगतमा 'नेपाल अधिराज्यको संविधान, २०४७' ले पनि प्रेस स्वतन्त्रताको प्रत्याभूति गरेको थियो । तथापि पत्रकारिताको वर्तमान स्थितिको समीक्षा गर्दा संवैधानिक सीमा एवं पत्रकार आचारसंहिताको मान्यताभित्र रही सूचनाको सम्प्रेषण गर्ने कार्यले परिपक्वता पाइसकेको देखिन्न । व्यक्तिको ख्याति र मर्यादामा प्रतिकूल प्रभाव पुऱ्याउने, जातजाति वा सम्प्रदायहरू बीचको सुसम्बन्धमा खलल पार्ने जस्ता समाचार सम्प्रेषण भइनै रहेका देखिन्छन् ।

यसरी यदाकदा व्यक्तिगत रूपमा अभिव्यक्ति स्वतन्त्रताको प्रयोग गर्दा सरकारी हस्तक्षेपद्वारा अभियोग लगाउने र मुद्दा चलाउने कार्यहरू पनि भइनै रहेको देखिन्छ । यसैगरी राजनीतिक शक्तिहरूबाट पत्रकारहरूलाई बन्धक बनाउने एवं हस्तक्षेप गर्ने कार्यहरू यदाकदा भइनै रहेको अवस्था छ । व्यावसायिक मर्यादा कायम राख्ने अभिप्रायले जारी गरिएका आचारसंहिताहरूको मूल्यांकन उल्लंघन गर्ने प्रकृतिमा समेत कुनै कमी आएको देखिन्न । प्रेस स्वतन्त्रताको प्रयोग संयमित र मर्यादित रूपमा गर्न सकिएमा नै समाजलाई प्रजातान्त्रिकरण गर्न सहायकसिद्ध हुन सक्दछ । सबै शक्ति तथा स्वतन्त्रताको कसी जनताबाट प्राप्त नासो मात्र हुन् । यस्ता स्वतन्त्रताको प्रयोग जनताको हित र कल्याणका लागि लागू गर्न जरूरी छ ।

'आचारसंहितामा कानूनी बन्धनभन्दा नैतिक बन्धन प्रबल हुन्छ । तर पनि प्रेस काउन्सिल नेपालले जारी गरेका पत्रकार आचारसंहिता नैतिक बन्धन मात्र नभई कानूनी रूपमा बाध्यकारी शक्ति प्राप्त छ । यसलाई पत्रकार जस्तो समाजको प्रबुद्ध वर्गले उल्लंघन गर्नु भनेको आफूले नै बनाएको कानूनलाई आफैले नमान्ने कानूनी शासनको मान्यता प्रतिकूल व्यवहार हो । प्रजातान्त्रिक समाज भनेको विधिको शासन हो ।

यसै मान्यतालाई आत्मसात गरी आफूले बनाएको कानूनलाई आफैंले मिच्ने प्रवृत्तिभन्दा अख्तियार गर्ने संस्कारको विकास गर्नु आजको आवश्यकता हो ।'[16]

प्रेस काउन्सिल नेपालले पत्रकारिता तथा पत्रकारहरूको मर्यादा उल्लंघन गरेको ठहर गरेमा सामान्य नैतिक दवाबसम्म दिने चिजलाई प्राथमिकता दिएको देखिन्छ । पत्रकारिताको पेशागत मर्यादा राख्न, प्रेस जगत तथा पत्रकारितालाई जिम्मेवार र गरिमामय बनाई प्रेसको मानव समुदायप्रतिको उत्तरदायित्व बोध गराउनका निम्ति प्रेस काउन्सिलको प्रभावकारी भूमिका कायम हुन जरूरी छ । तर प्रेस काउन्सिलको भूमिकालाई प्रभावकारी बनाउन विद्युतीय सञ्चार माध्यमलाई पनि यसको क्षेत्राधिकारभित्र रहेको व्यवस्था गर्ने, गठन प्रक्रिया एवं कारवाही पद्धतिमा समेत सुधार गर्नुपर्दछ । यसका निम्ति प्रेस काउन्सिल नेपालले निम्न लिखित बुँदाहरूतर्फ ध्यान दिन जरुरी छ :

(१) पत्रकारितामा देखा परेका वर्तमान समस्या र चुनौतिहरूलाई मूल्यांकन गर्दै सूचना समाजलाई सकारात्मक रुपमा प्रवर्द्धन गर्ने नीति र योजनाहरूको तर्जुमा नेपाल सरकारले प्रेस काउन्सिल नेपालमार्फत गर्नुपर्दछ । साथै काउन्सिलको स्वायत्तता, संरचना, अधिकार र कार्य क्षेत्रलाई अझ प्रभावकारी बनाई समग्र आमसञ्चारको संरक्षण एवं सम्वर्द्धन, अध्ययन एवं अनुसन्धान गर्ने केन्द्रीय प्रतिष्ठानको रूपमा विकसित गर्नुपर्छ ।

(२) आर्थिक लगानी, दक्ष जनशक्तिको अभाव वा पलायन, अनुसन्धानात्मक प्रवृत्ति र विचारप्रति उपेक्षा बढ्दै गइरहेको आजको परिप्रेक्षमा जिम्मेवार र उत्तरदायीपूर्ण भूमिका निर्वाह गर्न समग्र नेपाली पत्रकारिताको विकासको लागि प्रेस काउन्सिल नेपालले विभिन्न किसिमका लघु एवं दीर्घकालीन योजनाहरू तय गरी कार्यान्वयन गर्नुपर्दछ ।

(३) प्रेस काउन्सिल नेपालले सरकारी निर्देशन अनुसार चल्नुपर्ने वाध्यताको अन्त्य गर्नुपर्दछ । काउन्सिलका अध्यक्ष एवं सदस्यहरूको नियुक्ती सरकार स्वयम्ले नै गर्ने भएकाले जुन पार्टी वा विचारको सरकार छ सोही अनुरूपका व्यक्तिहरूलाई नियुक्त गरिने परिपाटीलाई परिवर्तन गर्न आवश्यक देखिन्छ । पत्रकारिताको व्यावसायिक चहलपहल हुने स्थानमा राजनीतिक चहलपहल भयो भने संस्थाको भविष्य नै अन्योलमा पर्न सक्छ । काउन्सिलको संगठनात्मक संरचना र नियुक्ती प्रक्रियामा पनि समयानुकूल परिवर्तन गरी सरकारी निर्देशनबाट मुक्त गर्न आवश्यक छ ।

[16] *काशीराज दाहाल : पत्रकार आचारसंहिता : सिद्धान्त र व्यवहार विषयक गोष्ठीमा प्रस्तुत कार्यपत्र*

प्रेस काउन्सिल नेपाल सम्मानित संस्था हो । यो पत्रकारिता क्षेत्रको सर्वोच्च न्यायालय हो । सरकार, पत्रकारिता क्षेत्र र पाठकबीच सेतुको काम गर्दै प्रेस काउन्सिल नेपालले राजनीतिक आस्थाभन्दा पृथक रहेर न्याय सम्पादन गर्न सक्नुपर्दछ ।

(४) प्रेस काउन्सिलले यथासक्य पत्रकारितासँग सम्बन्धित पुस्तक एवं लेखहरूको प्रकाशन, पत्रकारिता र पत्रकार आचारसंहिता सम्बन्धी जनचेतना फैलाउने कार्यक्रम, सेमिनार एवं गोष्ठीहरूको आयोजना गर्नुपर्दछ ।

(५) 'छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८' र 'राष्ट्रिय प्रसारण ऐन, २०४९' बमोजिम दर्ता भएका र नियमित रूपमा प्रकाशन तथा प्रसारणमा रहेका सबै प्रकारका सञ्चार माध्यमहरूको क्रियाकलापको प्रेस काउन्सिलले अभिलेख राख्नु पर्ने व्यवस्था हुनुपर्दछ ।

(६) प्रेस काउन्सिल नेपालले हरेक वर्ष नेपाल सरकारसमक्ष बुझाउने वार्षिक प्रतिवेदनमा नयाँपन, नयाँसोच एवं विचार ल्याउनु आवश्यक छ ।

(७) प्रेस काउन्सिलले पत्रकार आचारसंहिताले निर्धारण गरेता पनि यसको कार्यान्वयन पक्ष त्यति प्रभावकारी हुन सकिरहेको देखिंदैन । पत्रकार आचारसंहितालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न निरन्तर अनुगमनको आवश्यकता पर्छ । पत्रकार आचारसंहिता उलंघनका घटनाहरू बारम्बार दोहोरिरहेको आजको अवस्थामा त्यस्तो प्रवृत्तिलाई निरूत्साहित तुल्याउन आवश्यक कदम चाल्न जरुरी छ । साथै पीडित पक्षको क्षतिपूर्तिका लागि काउन्सिलले दावीसहित पुनरावेदन अदालतमा उजुरी गर्नसक्ने प्रावधान तोकिनु पर्दछ । यसैगरी पत्रकार आचारसंहिताको उल्लंघन गर्ने पत्रपत्रिकाहरूलाई वितरण संपरीक्षणको मूल्यांकनमा समावेश गरिनु हुँदैन । प्रेस काउन्सिलले अहिले कार्यान्वयनमा ल्याएको 'पत्रकार आचारसंहिता, २०६०' छापा र विद्युतीय दुबै माध्यमको लागि एउटै रहेको छ । यी अलगअलग प्रकृति र प्रवृत्तिका सञ्चारका विधाहरू हुन् । यसर्थ सञ्चार माध्यमहरूको प्रकार र प्रकृति हेरी भिन्नभिन्न आचारसंहिताको निर्धारण गरिनु पर्दछ । जस्तै, रेडियो, टेलिभिजन, अनलाइन, वेभसाइटका लागि अलगअलग आचारसंहिताको निर्धारण गर्न उपयुक्त देखिन्छ । स्वस्थ पत्रकारिताको विकासका लागि उपयुक्त वातावरण सृजना गर्दै प्रेस स्वतन्त्रताको दुरूपयोग हुन नदिन पत्रकार आचारसंहिता कडाईका साथ पालना गर्न लगाउने र सरकार तथा सञ्चार माध्यमहरूबीच सौहार्दपूर्ण सम्बन्ध स्थापना गर्न सक्नुपर्दछ ।

(८) वितरण संपरीक्षण समितिको कार्य गहन र क्षेत्र व्यापक भएकाले प्रेस काउन्सिलभन्दा छुट्टै निकायलाई पत्रिकाको मूल्यांकनको कार्य सुम्पिई स्वतन्त्र वितरण संपरीक्षण समितिको स्थापना गरिनुपर्छ। जापान, जर्मनी, क्यानडा, इटाली, फ्रान्स, भारतलगायतका विश्वका कैंयन मुलुकहरूमा प्रकाशन तथा वितरण संख्या प्रमाणित गर्न विज्ञापनदाता, प्रकाशक र विज्ञापन एजेन्सीसहितको त्रिपक्षीय सहभागितामा वितरण संपरीक्षण समिति (Audit Bureau of Circulations) नामक स्वतन्त्र संस्थाको गठन गरिएको देखिन्छ । यी राष्ट्रका समितिहरूको अध्ययन गरी वितरण संपरीक्षण समितिलाई स्वतन्त्र निकायको रूपमा स्थापना गर्नुपर्दछ । वितरण संपरीक्षणलाई प्रभावकारी बनाउन यसको संगठनात्मक स्वरूपमा परिवर्तन र परिमार्जन गर्न उपयुक्त हुन्छ । यसका लागि पत्रकार, सम्पादक, प्रकाशक, विज्ञापन एजेन्सीका प्रतिनिधिहरू बीच वृहत छलफल एवं बहसको आवश्यकताको खाँचो रहेको छ ।

(९) पत्रपत्रिकाको वितरण संपरीक्षण गर्दा वितरण परिणामको प्रत्येक १ हजारप्रतिको लागि २ अंकका दरले बढीमा ४० अंक प्रदान गरिन्छ । यसो हुँदा १० हजार छापिने पत्रिका र १ लाख छापिने पत्रिकाका लागि पनि सोही अनुपातको अंक र श्रेणी प्रदान गर्नु अन्याय हुन जान्छ । यसर्थ बढी परिणाममा छापिने र कम परिणाममा छापिने पत्रिकाहरूको निश्चित मापदण्ड तोकी परिणामको आधारमा अंक प्रदान गर्नु उपयुक्त हुन्छ । यसैगरी वर्गीकरणको अंक विभाजन गर्दा वितरण परिणाम र पत्रकार आचारसंहितालाई उच्चतम् अंक दिनुपर्ने प्रावधान तोकिनु पर्दछ । मोफसल र उपत्यकाबाट प्रकाशित हुने पत्रपत्रिकालाई समानुपातिक रूप र प्रकाशित प्रतिबाट नभै मोफसललाई ग्राहयता दिएर वर्गीकरण गरिनु उपयुक्त देखिन्छ । मोफसलको पत्रकारिताको विकासका लागि अलग मापदण्ड अनुरूप वर्गीकरण गर्न उपयुक्त देखिन्छ । सिटी समाचारपत्रहरूको पहुँच शहरमा मात्रै सिमित हुने भएकाले यिनीहरूका लागि निश्चित प्रावधान तोकिनु पर्दछ ।

(१०) पत्रपत्रिकाहरूको बजार सर्वेक्षण गरी वर्गीकरणलाई प्रभावकारी बनाउनु पर्दछ । बजार सर्वेक्षणबाट वितरण परिणाम साथै पाठकको स्तरियता लगायतका विषयवस्तुहरू समेत प्रष्ट हुने हुन्छन् ।

(११) नियमावलीमा तोकिएको आकार (साइज) लाई मोफसल र उपत्यकामा एकै किसिमले तोकिनु हुँदैन । मोफसलमा कागज वा मेसिनको अभाव हुनसक्ने समस्यालाई ध्यान दिइ अलगअलग आकार र पृष्ठ संख्या तोकिनु पर्दछ । साप्ताहिकको न्यनतम् ४ पृष्ठ कायम हुनुपर्ने र मासिक एवं पाक्षिकको ६ कायम हुँदा व्यावहारिकता देखिन्छ ।

(१२) प्रत्येक वर्षको नभई प्रत्येक आर्थिक वर्षको आधारमा वर्गीकरण गर्नुपर्छ । वैशाख-चैत्र महिनाको स्थितिको वर्गीकरण गर्दा केही प्रशासनिक एवं प्राविधिक विषयवस्तुहरू नमिल्न सक्छन् ।

(१३) क्षेत्रिय स्तरमा वर्गीकरण गर्ने प्रावधान तोकी मोफसलका पत्रकारहरूलाई पनि वितरण संपरीक्षण वर्गीकरण कार्यमा समावेश गराउनु पर्दछ । राष्ट्रिय र मिश्रित भाषामा प्रकाशित पत्रपत्रिकाहरूलाई विशेष ग्राहयता दिई वर्गीकरण गर्न उपयुक्त हुन्छ । यसैगरी विगत १५ वर्षदेखि नियमित रूपमा प्रकाशित भई वर्गीकरणमा परेका पत्रपत्रिकाहरूलाई मानार्थ श्रेणी छुटाई ती पत्रिकाबाट मानार्थ श्रेणी राख्ने माग भएमा निश्चित मापदण्ड तोकी मानार्थ श्रेणीमा राख्ने प्रावधान तोकिनुपर्दछ ।

(१४) प्रेस निरीक्षणलाई पारदर्शी बनाई जुन वर्षको वर्गीकरण गरिएको हो सोही वर्षमै छड्के प्रेस निरीक्षण गर्ने प्रावधान तोकिनु राम्रो देखिन्छ । अर्को वर्षमा निरीक्षण गर्दा सो पत्रिकाको स्तर घट्ने वा बढ्ने प्रबल सम्भावना हुन्छ ।

(१५) मूल्यांकनको अन्तिम अवधिसम्म प्रेस काउन्सिलले वितरण संपरीक्षणको फारम बुझाउँदा लिइरहने देखिन्छ । यसर्थ सार्वजनिक सूचना प्रकाशित गरे पश्चात् तोकिएको मितिमा फारम नबुझाएका पत्रपत्रिकाहरूलाई मूल्यांकनमा समावेश गरिनु हुँदैन । सूचना विभाग, प्रेस काउन्सिल नेपाल, नेपाल पत्रकार महासंघ, जिल्ला प्रशासन कार्यालय र विज्ञापनदाता एवं एजेन्सी जस्ता निकायहरूमा मात्रै ती पत्रपत्रिकाहरूको अभिलेख मात्र देखिन्छन् । तर बजारमा कहिल्यै नदेखिने पत्रपत्रिकाको छानविन गरी ती पत्रपत्रिकाहरूलाई वितरण संपरीक्षणको मूल्यांकनमा राखिनु हुँदैन । प्रेस काउन्सिलले प्रकाशकहरूको यस्तो प्रवृत्ति एवं मनोवृत्तिलाई निरूत्साहित गर्न आवश्यक कार्ययोजना तय गर्नुपर्छ । यसैगरी वर्गीकरणका लागि झुटो विवरण देखाउने निर्णयकर्ता, उजुरीकर्ता र पत्रिकालाई समान दण्डको व्यवस्था गरिनु पर्दछ ।

(१६) पत्रपत्रिकाहरूलाई सरकारी विज्ञापन उपलव्ध गराउँदा वितरण संपरीक्षण समितिको प्रतिवेदनलाई वाध्यात्मक आधार बनाइनु पर्दछ । निजी क्षेत्रलाई पनि यसैको आधारमा विज्ञापन उपलव्ध गराउन प्रोत्साहन गर्नुपर्दछ । सरकारको सरकारी विज्ञापनमा एकद्वार प्रणाली सम्बन्धी नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न दामासाही हिसाबले श्रेणी अनुरूप विज्ञापन वितरण प्रक्रिया अपनाउन जरूरी देखिन्छ । यसबाट पत्रपत्रिकाको स्तरियता र आर्थिक पक्ष सबल हुने अपेक्षा गर्न सकिन्छ ।

(१७) प्रेस काउन्सिल सदैव नेपाल सरकारमा आश्रित भइरहेको संस्था हो । हरेक वर्ष १ करोडको हाराहारीमा सरकारले प्रेस काउन्सिल नेपाललाई सञ्चार मन्त्रालयमार्फत बजेट छुट्याउने गरेको

छ । काउन्सिलको स्रोत सिमीत रहेकोले प्रेस क्लिपिङ सेवा जस्ता प्रभावकारी एवं अर्थोपार्जन गर्ने कार्यहरूको सञ्चालन गरी स्वनिर्भर हुनुपर्दछ । स्वनिर्भर हुँदा काउन्सिलले यथेष्ठ मात्रामा पत्रकार आचारसंहिता सम्बन्धी गोष्ठी, सम्मेलनहरूको आयोजना गरी जनचेतना जागृत गराउन सक्दछ । साथै त्यहाँ कार्यरत कर्मचारीहरूलाई पत्रकारिता सम्बन्धि तालिमको व्यवस्था गरी सक्षम बनाउन सकिन्छ ।

(१८) पत्रपत्रिकाको वर्गीकरण, पत्रकार आचारसंहिताको नियमित अनुगमन र पत्रकारिताको विविध विषयमा अनुसन्धानमूलक गतिविधि सुदृढ ढंगबाट सञ्चालन गर्न प्रेस काउन्सिल सचिवालयमा मौजुदा जनशक्ति, श्रोत एवं साधनको अभाव टड्कारो देखिएकाले पत्रकारितासँग सम्बन्धित विज्ञ एवं ज्ञान समेत भएका थप दक्ष जनशक्तिको अभिवृद्धि गर्न जरूरी देखिन्छ । साथै कार्यरत जनशक्तिलाई आवश्यक तालिम एवं शीपको व्यवस्था गर्न उपयुक्त देखिन्छ ।

(१९) काउन्सिलमा पर्ने उजुरीको समयमै प्रभावकारी रूपमा कार्यान्वयन हुनुपर्दछ । काउन्सिलमा प्राप्त उजुरीहरूको मूल्यांकन गरी पीडित पक्षलाई आवश्यक सल्लाह, सुझाव र सम्बन्धित सञ्चार माध्यममार्फत पीडितलाई सक्दो राहत पुऱ्याउनु पर्दछ ।

(२०) नेपाली पत्रकारिताको विकासका लागि प्रेस काउन्सिलले नेपाल सरकारलाई सुझाव दिने गर्दछ । कतिपय अवस्थामा सरकारलाई प्रेस काउन्सिलले दिएका सुझाव एवं सल्लाहहरू कार्यान्वयन भएका छैनन् । यसर्थ काउन्सिलले दिएका सुझाव एवं सल्लाहलाई सरकारका सम्बन्धित निकायहरूले यथाशिघ्र कार्यान्वयन गर्ने संयन्त्रको विकास गर्नुपर्दछ ।

(२१) मोफसलका पत्रपत्रिकाहरूको गुणात्मक अभिवृद्धि गराई आत्मनिर्भर बनाउने उद्देश्यले नेपाल सरकार र डेनिस सरकारको संयुक्त सहयोगमा प्रेस काउन्सिल नेपाल अर्न्तगत रहने गरी रु. ३ करोड अक्षय कोष भएको मिडिया विकास कोषको स्थापना गरिएको देखिन्छ । कोषबाट उपलब्ध हुने सहायतालाई मोफसलमा मात्र सिमित नराखी जरूरतमन्द उपत्यकाका सञ्चार माध्यम एवं सञ्चारकर्मीहरूलाई पनि सहुलियत ऋण वा सहयोग एवं अनुदान उपलब्ध गराउन आवश्यक कदम चाल्नु पर्दछ ।

(२२) विभिन्न जातजाति, भाषाभाषी, धर्म संस्कृति एवं क्षेत्रिय विशेषताहरू बोकेका स-साना पत्रपत्रिकाहरूको विकास सम्वर्द्धनका लागि पनि प्रेस काउन्सिलले आवश्यक कार्य योजना बनाउन

जरुरी छ । महिला, जनजाति, आदिवासी, दलित र उत्पीडितहरूद्वारा प्रकाशित पत्रपत्रिकालाई विशेष सुविधा गराई क्षेत्रिय आधारमा वर्गीकरण हुनुपर्छ ।

(२३) प्रेस काउन्सिलले सम्पूर्ण सञ्चार जगतलाई नैतिक पाठ सिकाउने निकाय भएकोले यसले आफ्नो पहुँचलाई विद्युतीय माध्यमहरूमा समते पुर्‍याउन सक्नु पर्छ । विभिन्न भाषा, जात जातिका प्रतिनिधित्व गरी प्रकाशित हुने पत्रपत्रिकाहरूलाई विशेष संरक्षण प्रदान गर्नुपर्ने हुन्छ । राष्ट्रिय भाषामा प्रकाशित हुने पत्रपत्रिकाहरूलाई विशेष ग्राहयता दिने प्रेस काउन्सिलले बनाउनु पर्दछ ।

(२४) काउन्सिलले पत्रकारिताको क्षेत्रमा अन्वेषकको भूमिका निर्वाह गर्नुपर्छ । कानूनी मामलामा पत्रकारितामा कुनै कमी कमजोरी भएको देखिएमा सरकारलाई काउन्सिलले सुझाव दिनुपर्दछ । विभिन्न गोष्ठीहरूको आयोजना गरी काउन्सिलले पत्रकार आचारसंहिताको बारेमा जनचेतना जगाउन पनि शिक्षा, तालिम, अन्वेषण आदिलाई निरन्तर रूपमा संचालन गर्न जरूरी देखिन्छ ।

## ५. काउन्सिलले अवलम्बन गर्नुपर्ने नीति

'स्वतन्त्र पत्रकारिताको विकास र पत्रकारितालाई विश्वसनीय एवं मर्यादीत बनाउन पत्रकार आचार संहिताको पालनाको विकल्प छैन । तर आचारसंहिता पालनाको अनुगमन र प्रभावकारी कार्यान्वयन गर्ने निकायका रूपमा प्रेस काउन्सिल नेपालको संरचना र कार्यक्षेत्रलाई विस्तार नगरी यो सम्भव पनि छैन । सूचना र सञ्चारको क्षेत्र प्रविधिमा भएको बहुआयामिक अतुलनीय विकास जस्ता कुराले अब नेपालभित्रका पत्रकार र सञ्चार माध्यमलाई मात्रै आचारसंहितामा समेटेर पर्याप्त हुँदैन । नेपाल बसेर विदेशी भूमिबाट प्रकाशन प्रसारण भई नेपालमा देखा पर्ने सञ्चार माध्यमहरूलाई पनि आचारसंहिताको परिधिभित्र ल्याउन जरुरी छ, जुन काम कम चुनौतीपूर्ण छैन । अब छापा सञ्चार माध्यमलाई मात्र होइन रेडियो, टेलिभिजन र समाचारमूलक सामग्री प्रकाशन गर्ने अनलाइनहरूलाई पनि आचारसंहिताको प्रभावकारी पालना गराउनु नितान्त आवश्यक भैसकेको छ जसका लागि काउन्सिलको वर्तमान स्वरूपमा परिवर्तन पहिलो आवश्यकता महशुस भइसकेको छ ।'[17]

प्रेस काउन्सिल नेपाललाई स्वतन्त्र र उत्तरदायी निकायका रूपमा विकास गर्नुपर्छ । यसले आफ्नो क्षेत्रको विस्तार गर्न पनि जरूरी छ । अहिले पत्रपत्रिका मूल्यांकन गर्ने प्रेस काउन्सिल नेपालको अहम् कार्य

[17] *प्रेस काउन्सिल नेपाल, ३० औं वार्षिक प्रतिवेदन ०६१/०६२*

भइरहेको छ । तर काउन्सिलको कार्य पत्रकार आचारसंहिताको पालना गर्न लगाउने हो, पत्रकारहरूमा नैतिक पाठको मार्गदर्शन गराउने हो । यसर्थ आगामी दिनमा प्रेस काउन्सिल नेपालले आफ्नो प्रमुख कर्तव्य पत्रकार आचारसंहिताको परिपालना र अनुगमन कार्यलाई केन्द्रित गर्नु पर्दछ ।

प्रेस काउन्सिल नेपाल स्थापना भएको ३७ वर्ष पुगिसकेको छ । पत्रकारिताको पेशागत आचरण कायम राख्दै स्वतन्त्र तथा जिम्मेवारपूर्ण पत्रकारिताको विकासका लागि प्रेस काउन्सिल नेपालको स्थापना गरिएको हो । यसले पत्रपत्रिकाको वार्षिक मूल्यांकन गर्ने, पत्रकार आचारसंहिताको पालना गर्न लगाउने र अनुगमन गर्ने कार्य गर्दछ । तर देश, काल, परिस्थिति तथा अवस्था अनुरूप प्रेस काउन्सिलको भूमिकालाई प्रभावकारी बनाउन जरूरी छ । देशमा पत्रपत्रिकाहरूको दर्ता स्थिति बढ्दो छ । प्रेस काउन्सिलको स्थापनाका वेला विद्युतीय सञ्चार माध्यममा रेडियो मात्रै कायम थियो । अहिले अधिराज्यभरी २०५ वटा एफएम रेडियो दर्ता भएका छन् भने दश वटा टेलिभिजन स्टेशन सञ्चालनमा छन् । अनलाइन समाचार र अनेकौं वेभसाइटहरू पनि उपयोग भइरहेका छन् । यसर्थ प्रेस काउन्सिलको सोच, नीति, सीमा, संरचना, ऐननियम र कार्यशैलीमा समेत आमूल परिवर्तन गरी विद्युतीय सञ्चार माध्यमहरूलाई पनि समेट्ने गरी “आमसञ्चार परिषद” (Media Council) मा परिणत गर्नुपर्दछ । मिडिया काउन्सिलमा रेडियो, टेलिभिजन, अनलाइन, केबुल टेलिभिजनदेखि इन्टरनेट सञ्चालकहरू समेतको प्रतिनिधित्व रहने गरी संगठनात्मक संरचनाको निर्माण गर्नुपर्छ । उच्चस्तरीय मिडिया काउन्सिल अर्न्तगत विद्युतीय सञ्चार विभाग, मुद्रण सञ्चार विभाग, विज्ञापन व्यवस्था विभाग, आचारसंहिता अनुगमन विभाग, वितरण संपरीक्षण विभाग र अभिलेख विभागको व्यवस्था गरिनु पर्दछ । विज्ञापन व्यवस्था विभाग अर्न्तगत सरकारी निकाय, संस्थान, कम्पनी, विकास समिति लगायतका सरकारी निकायहरूबाट जाने विज्ञापनको न्यायोचित वितरणको व्यवस्था गर्न आवश्यक छ ।

उच्च स्तरीय मिडिया सुझाव आयोगले सुझाएका सुझावहरूको सही कार्यान्वयनबाट सूचना तथा सञ्चारको क्षेत्रमा विद्यमान थुप्रै नीतिगत अन्यौल र कमीकमजोरीहरू क्रमशः समाप्त हुने छन् । आयोगले प्रेस काउन्सिललाई सबै खालका सञ्चार माध्यम तथा तिनमा क्रियाशील सम्पूर्ण पत्रकारहरूको आचारसंहिता अनुगमन गर्ने एकमात्र प्रमुख जिम्मेवारी सुम्पिनुपर्ने सुझाव दिएको छ । रेडियो, टेलिभिजन र अनलाइनजस्ता सञ्चार माध्यम तथा तिनमा कार्यरत पत्रकारहरूको आचारसंहिताको अनुगमन कसले र कसरी गर्ने भन्ने अन्योल कायम रहेको सन्दर्भमा आयोगले यस्तो सुझाव दिएको हो । मिडिया आयोगको प्रतिवेदन पूर्णतया कार्यान्वयन भएको अवस्थामा प्रेस काउन्सिल नेपालको कर्तव्य र कार्यक्षेत्रमा समेत व्यापक परिवर्तन देखा पर्नेछ ।

काउन्सिलले पत्रकार आचारसंहिताको अनुगमन कार्यलाई नियमित रूपमा निरूपण गर्नुपर्ने हुन्छ । काठमाडौंका केही सीमित पत्रपत्रिकामा संचालन भइरहेको पत्रकार आचारसंहिताको अनुगमन कार्यलाई मोफसलका छापा माध्यममा समेत पुऱ्याउन जरूरी छ । काउन्सिलले संभावित स्रोत र साधनहरूको पहिचान गरी आफ्नो कार्यक्षेत्रलाई व्यापक रूपमा सविस्तार गर्नु पर्छ ।

प्रेस काउन्सिलमा पर्ने उजुरीहरूको कार्यान्वयनलाई प्रभावकारी बनाउनु पर्छ । सम्बन्धित पत्रिकामा खण्डन गराउन पत्र लेख्ने कार्यलाई प्रभावकारी बनाउनु पर्दछ । आचारसंहिता पालना नगर्ने पत्रपत्रिकाहरुलाई सरकारबाट दिइने कल्याणकारी विज्ञापन वापत दिइने रकम र प्रेस पासको निलम्बन वा रद्द गर्न सक्नेसम्मको कारवाही गर्न सक्ने काउन्सिलको निर्णयलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सक्नु पर्दछ ।

आगामी दिनमा मुलुकको परिवर्तित परिवेश समेतलाई आत्मसात गर्दै स्वतन्त्र, मर्यादित र वस्तुनिष्ठ पत्रकारिताको प्रवर्द्धनको दिशामा प्रेस काउन्सिल नेपालले इमान्दारीपूर्ण तबरबाट प्रयत्न गर्ने विश्वास गर्न सकिन्छ ।

## ६. उपसंहार

प्रेस जगतलाई जिम्मेवार, मर्यादित र प्रभावकारी बनाउने सिलसिलामा प्रेस काउन्सिल नेपालद्वारा जारी गरिएको पत्रकार आचारसंहिताप्रति पत्रकारहरूको सम्मान र प्रतिवद्धता देखाएका छन् । तथापि सोको पालना अपेक्षित रुपमा हुन सकेको पाइँदैन । पत्रकारहरूका लागि आचारसंहिता समाज र नागरिकहरूप्रति जिम्मेवारी बोधको अभिव्यक्तिका साथै कर्तव्य निर्वाहको प्रत्याभूति हो । पत्रकार आचारसंहिताले संचारकर्मीहरूलाई आफ्नो व्यावसायिक धर्म निर्वाहको साथै नागरिकका आधारभूत अधिकारको संरक्षण र सम्बर्द्धनका निम्ति सधैं सजग र दृढ सहन प्रेरित गर्ने तथ्य स्वतः स्पष्ट छ । मूलतया पत्रकार आचारसंहिताले प्रजातन्त्र, न्याय, समानता तथा शान्तिको संरक्षण र सम्बर्द्धन गर्न, सत्य, तथ्य, निष्पक्ष एवं सन्तुलिन सूचना सम्प्रेषण गर्न तथा व्यक्तिको निजी र व्यावसायिक मार्गदर्शकको रूपमा काम गरेको छ ।

आचारसंहिताको पालनाले प्रेस जगतलाई पत्रकारिताको आदर्श तथा मान्यता अनुरूप अगाडि बढाउँदछ । यसबाट प्रेस र नागरिक समाज तथा प्रेस र राज्यबीचको सम्बन्धलाई सुदृढ बनाउने मात्र नभई सम्पादकीय स्वतन्त्रताको पक्षपोषण गर्ने तथा उच्च व्यावसायिक अभ्यास र आपसी सम्बन्धलाई समेत दिशानिर्देशन गर्न पनि सहयोगी सावित हुन पुग्दछ ।

पत्रकारिता पेशालाई कसरी मर्यादित बनाउने सन्दर्भमा प्रेस जगत भित्रको व्यावसायिक प्रतिस्पर्धाले उत्पन्न गरेको चुनौती एक नयाँ समस्याका रूपमा बहसमा आएको छ । खुल्ला प्रतिस्पर्धाका नाममा ठूला लगानीका सञ्चार गृहसँग साना लगानीका सञ्चार संस्थाहरूले प्रतिस्पर्धा गर्दा साना सञ्चार माध्यम टिक्न मुश्किल हुने अवस्था सृजना भएको देखिन्छ । लगानीकर्ताहरू बीचको त्यस्तो होडले पत्रपत्रिकाबीच उत्पन्न हुने स्थिति एकले अर्कोलाई होच्याउने, आरोप प्रत्यारोप लगाउने जस्ता अस्वस्थ गतिविधिले पत्रकारितामा अस्वस्थ संस्कारको विकास गराउँदछ । यस्तो अस्वस्थ संस्कारले आम पत्रकारिता जगतप्रतिको आस्था र विश्वासलाई कमजोर पार्न सक्ने खतरातर्फ सजग तुल्याउनै पर्दछ ।

पत्रकारिता पेशालाई मर्यादित एवं विश्वसनीय बनाउने दायित्व पत्रकार र यससँग सम्बन्धित संस्थाहरूको हो । पत्रकारहरू आफ्नो पेशागत कर्तव्यप्रति जति सचेत हुन सक्यो, त्यति नै पेशाको मर्यादा उच्च हुन सक्दछ । प्रेस जगतले आपसी रूपमा हिलो छ्याप्ने, एकले अर्काको साख गिराउने, प्रचार युद्ध चलाउने र व्यावसायिक मर्यादा विरूद्धको प्रदर्शन गर्नु वास्तविक रुपमा सही मानिदैन । एकले अर्कालाई आलोचना गर्ने मात्र नभई खेदो खन्ने प्रवृत्ति समेत प्रेस शक्तिको दुरुपयोग तर्फको गम्भीर खतराको संकेत हो ।

यसैगरी नेपाली पत्रकारितामा व्यक्तिको मर्यादा र ख्यातिप्रति संवेदनशील नरही पर्याप्त तथ्यमा समेत आधारित दुईतर्फी धारणाहरू संप्रेषण नगरी समाचार प्रस्तुत गर्ने प्रवृत्ति यद्यपि गैह्रजिम्मेवारीपूर्ण देखिन्छ । प्रेसलाई प्राप्त स्वतन्त्रताको सीमा पूर्ण स्वच्छन्दता होइन भन्ने प्रष्ट छ । तर नेपाली प्रेसमा खासगरी १-२ वटा दैनिक पत्रिका छोडेर अन्य दैनिक र साप्ताहिक पत्रपत्रिकाहरूमा व्याप्त यस्तो प्रवृत्तिलाई निरूत्साहित गर्न स्वयम् प्रेस जगत एकजुट हुन आवश्यक छ । प्रेसमाथि संकट बढिरहेको अवस्थामा तटस्थता, निष्पक्षता र उच्च व्यावसायिक अभ्यासको प्रवेशले मात्रै त्यस्तो संस्कारलाई न्यून पार्न सक्ने यर्थाथलाई विर्सेर पत्रिकालाई कसैले छक्याउने, तर्साउने र नाजायाज स्वार्थ पूरा गर्ने माध्यमका रूपमा दुरूपयोग गर्ने प्रकृति कायम नै रहनुले प्रेसका चुनौतीहरूलाई समाधान गर्ने प्रयासमा बाधा पुगेको छ ।

आमसञ्चार क्षेत्र मर्यादित र जिम्मेवारयुक्त बन्ने सबैभन्दा उपयुक्त माध्यमको प्रतिपालनमा पत्रकार आचारसंहिताको निष्ठापूर्ण परिपालना नै हो । आचारसंहिताको पालनालाई कुनै पनि परिस्थितिमा बिर्सन सकिदैन । यसको पालनाले आमसञ्चार माध्यम र पत्रकारलाई प्रेस स्वतन्त्रताको उपभोग गर्न सहयोग पुऱ्याउँछ । नेपाली प्रेसले मुलुकको विकास प्रयासबाट जनतालाई सुसूचित र शिक्षित गराउने काम तथा समाजलाई सही दिशामा डोऱ्याउने जिम्मेवारीबाट कदापि विचलन हुनु हुँदैन । सञ्चार माध्यमहरूको

सहयोग देशले भोलिरहनु परेको आतंकवादको सामना र त्यसको समाधानमा आवश्यक मात्र होइन अपरिहार्य छ ।

जिम्मेवार, मर्यादित तथा अनुशासित पत्रकारिताको माध्यमबाट स्वतन्त्रताको उपभोग गऱ्यो भने मात्र समाजमा त्यसको सकारात्मक प्रभाव पार्छ । प्रेस स्वतन्त्रताको अवधारणाले प्रेसको जिम्मेवारी वोध पनि थपेको हुन्छ । यसबाट पत्रकार र सम्पादकहरूलाई नैतिक मर्यादाभित्र बाँधेको हुन्छ । त्यसैले प्रेस स्वतन्त्रतासँगै पत्रकार आचारसंहिताका विषयवस्तु आएका हुन् । (Freedom of the press imposes a corresponding responsibility upon the press, involving the acceptance of the compliance with high ethical standards by editors and journalists.)

आमसञ्चार माध्यमहरूले जिम्मेवारी वहन गर्दा र पत्रकार आचारसंहिताको प्रभावकारी रूपमा पालना नहुँदा प्रेस स्वतन्त्रतामा र प्रजातन्त्र अराजकतामा परिणत हुने गरेका गुनासाहरू सबै क्षेत्रबाट आउन थालेका छन् । पत्रकार आचारसंहिताको पालनामा देखा परेको शिथिलता र त्यसको अनुगमनमा भएको सुस्तताले गर्दा अहिलेको अवस्था सिर्जना भएको हो । नेपाली सञ्चार माध्यमहरू बढी जिम्मेवारपूर्ण तथा अनुशासित बन्नु पर्दछ । यस्ता सञ्चार माध्यमहरूले मात्रै मुलुकको राष्ट्रियता, लोकतन्त्र र मानवअधिकारको संरक्षण तथा मुलुकको विकासमा सकारात्मक योगदान पुऱ्याउन सक्दछन्, नत्र समाज अराजकतातर्फ मोडिन सक्दछ ।

स्वतन्त्रता सभ्य समाजको द्योतक हो । यो मानवअधिकारको अनिवार्य अंग पनि हो । नागरिक स्वतन्त्रतासँगै विचार र अभिव्यक्ति स्वतन्त्रता समेत जोडिएको छ । नेपालको संविधानले प्रत्येक नागरिकको स्वतन्त्रताको हक समेतको सम्मान गरेको छ । राष्ट्रिय तथा अर्न्तराष्ट्रिय कानूनहरूले पनि प्रेस स्वतन्त्रतालाई उच्च महत्व दिएका छन् । सबै पक्षबाट स्वतन्त्रताको खासगरी प्रेस स्वतन्त्रताको महत्वलाई उत्तिकै सम्मान हुनुपर्छ, नत्र यसले पूर्णता प्राप्त गर्न सक्दैन । स्वच्छ एवं स्वतन्त्र प्रेसको प्रवर्द्धनका लागि प्रेस काउन्सिल नेपाल एवं स्वयम् पत्रकारहरू समेत कर्तव्यनिष्ठ भएर लाग्नुपर्ने देखिन्छ ।

प्रेस काउन्सिल नेपालले स्वस्थ एवं मर्यादित पत्रकारिताको विकास गर्न पत्रकार आचारसंहिताको निर्माण र कार्यान्वयनलाई प्रमुख प्राथमिकताका साथ हेर्नुपर्छ । पत्रकार आचारसंहिताका बारेमा सबैलाई जानकारी गराउने, अनुगमन गर्ने तथा तत्सम्बन्धमा विद्यमान समस्या तथा कठिनाईहरू बारे जानकारी लिन अधिराज्यका विभिन्न स्थानमा आचारसंहिता सम्बन्धी गोष्ठी, छलफल एवं अन्तरक्रिया कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गर्नुपर्दछ । साथै पत्रकारिताबारे जनचेतना जगाउने शिक्षामूलक कार्यक्रमहरूको सञ्चालन गर्न पनि आवश्यक देखिन्छ । प्रेस स्वतन्त्रता कुण्ठित तथा दुरूपयोग हुन नदिन पत्रकार

आचारसंहिता पालना गर्ने उपयुक्त वातावरण तयार गर्ने जिम्मेवारी पनि प्रेस काउन्सिलको भएकोले यसतर्फ काउन्सिल क्रियाशिल भएर सो मार्गतर्फ उन्मुख हुनुपर्छ ।

प्रेस काउन्सिल नेपालले पत्रकारिता र पत्रकार सम्बन्धी विभिन्न तालिमको व्यवस्था गर्नु पर्दछ । यसैगरी अनुसन्धानमूलक कार्यहरूको लघुकालिन र दीर्घकालिन कार्ययोजना तय गरी पत्रकारिता क्षेत्रको विकासका लागि काउन्सिल सदैव लागि क्रियाशिल हुनुपर्दछ ।

पत्रकारिताको विकास भनेको संख्यात्मक रूपमा वृद्धि मात्र नभइ गुणात्मक वृद्धि समेत हो । यसर्थ पत्रकारितालाई उद्योगको रूपमा सञ्चालन गरी आत्मनिर्भर बनाउन तथा यसलाई व्यावसायिक रूपमा विकास गरी लोकतान्त्रिक प्रक्रियामा सम्पूर्ण सञ्चार माध्यमलाई समान रूपमा अग्रसर गराउने उद्देश्य पनि वर्तमान प्रेस काउन्सिलको हुनुपर्दछ ।

प्रेस काउन्सिल नेपालले आफ्नो कार्यक्षेत्रको विस्तार देशभर सक्रिय रूपमा विस्तार गर्नु पर्दछ । सम्बन्ध विस्तारकै क्रममा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँगको सम्बन्धलाई पनि विशेष ध्यान दिनु पर्दछ । सञ्चार संयन्त्रको द्रुततर विकास भइरहेको आजको अवस्थामा प्रेस काउन्सिल नेपालको जिम्मेवारी झन् थपिदै गइरहेको छ । मुलुकमा सञ्चार गृहहरूले पनि प्रभावकारी कार्य सम्पादन गर्नुपर्छ । साथै पत्रकारहरूले आफ्नो कर्तव्यको पालना गर्न हिच्किचाउनु हुँदैन । काउन्सिलले पत्रकार, पत्रकारितासँग सम्बन्धित संस्था र सरकारबीच सेतुको काम गर्नुपर्दछ ।

**त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र संकाय, पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभाग, रत्नराज्य लक्ष्मी क्याम्पस, प्रदर्शनी मार्ग, काठमाडौं स्नातकोत्तर द्वितीय वर्षको शोधपत्र (JMC–507-Thesis) का लागि "प्रेस काउन्सिल नेपाल र पत्रकार आचारसंहिता" विषयमा तयार पारिएको प्रश्नावली :**

**सम्पादक/प्रकाशक/श्रमजीवी पत्रकार/कर्मचारी एवं पदाधिकारी/सर्वसाधारण प्रश्नावली**

(१) पत्रकारलाई आचारसंहिता चाहिन्छ वा चाहिदैन ?

(क) चाहिन्छ (ख) चाहिदैन

(ग) थाहा छैन

(२) पत्रकार आचारसंहिता पालना गराउन प्रेस काउन्सिल नेपालको भूमिका कस्तो छ ?

(क) सकृय (ख) निस्कृय

(ग) ठीकै (घ) अन्य

(३) नेपालमा पत्रकार आचारसंहिताको पालनाको स्थिति कस्तो रहेको छ ?

(क) कमजोर (ख) सवल

(ग) ठीकै (घ) न्यून

(४) पत्रकार आचारसंहिता पालना गर्न कुन कुन कुराले अप्ठ्यारो पारेको छ ?

(क) कानून नबुझ्दा (ख) आर्थिक दुरावस्था

(ग) प्रचारप्रसारको कमी (घ) बुझेर पनि बुझ पचाएको

(५) नेपाली पत्रकारहरूको आचार संहित केद्वारा निर्धारित हुनुपर्छ ?

(क) व्यावसायकिता (ख) नैतिकता

(ग) राजनीति (घ) धर्म (ङ) अन्य

(६) काउन्सिलको पत्रकार आचारसंहिताको अनुगमन स्थिति र प्रकृयासँग सहमत हुनुहुन्छ ?

(क) छु (ख) छैन

(ग) अन्य

(७) प्रेस काउन्सिल नेपालले कस्तो जिम्मेदारी बहन गर्नुपर्छ ?

(क) जनमुखी (ख) सरकारमुखी

(ग) पारदर्शी (घ) अन्य

(८) प्रेस काउन्सिल नेपालको कार्यप्रति सन्तुष्ट हुनुहुन्छ ?

(क) छु (ख) छैन

(ग) अलिअलि

(९) 'पत्रकार आचारसंहिता, २०६०' लाई कसरी मूल्यांकन गर्नु हुन्छ ?

(क) छापा माध्यमलाई सम्बोधन गरेको (ख) विद्युतीय माध्यमलाई समेटिएको

(ग) प्रस्तुतिको वैज्ञानिकता (घ) सबै पक्षलाई समेटिएको

(१०) काउन्सिलले आचारसंहिता उलंघन गर्ने पत्रकार तथा सञ्चार संस्थालाई कारवाही गर्छ ?

(क) गर्छ (ख) गर्दैन

(ग) कहिले काँही (घ) अलिअलि

(११) पत्रकार आचारसंहिता सम्बन्धी प्रभावकारी संयन्त्र के हुन सक्छ ?

(क) गोष्ठी एवं सेमिनारको आयोजना (ख) जनसाधारणको प्रतिक्रिया बुझ्ने

(ग) विदेशीको आचार संहिताको अध्ययन (घ) नियमित अनुगमन

*(नाम गोप्य राखिने छ)*

## अर्न्तवार्तामा सोधिएका प्रश्नहरू

(१) पत्रकार आचारसंहिताको औचित्य के हो ?

(२) पत्रकार आचारसंहिता किन आवश्यक पर्छ ?

(३) 'पत्रकार आचारसंहिता, २०६०' लाई कसरी मुल्यांकन गर्नु हुन्छ ?

(४) प्रेस काउन्सिलले गरेको पत्रकार आचारसंहिताको अनुगमनलाई कसरी मुल्यांकन गर्नुहुन्छ ?

(५) प्रेस काउन्सिल नेपालको संगठनात्मक संरचना कस्तो हुनुपर्छ ?

(६) आचारसंहिता उलंघन गर्ने पत्रकारलाई कस्तो कारवाही हुनु पर्छ ?

(७) प्रेस काउन्सिल नेपालले कस्तो भूमिका खेल्नु पर्छ ?

(८) पत्रकारिता क्षेत्रमा भोग्नु परिरहेका समस्याहरू के के छन् ?

## कुराकानी

(१) राजेन्द्र दाहाल, अध्यक्ष-प्रेस काउन्सिल नेपाल

(२) मुकुन्द प्रसाद आचार्य, सदस्य-सचिव, प्रेस काउन्सिल नेपाल/महानिर्देशक-सूचना विभाग

(३) विष्णु निष्ठूरी, सभापति–नेपाल पत्रकार महासंघ

(४) सहप्राध्यापक लालदेउसा राई–त्रिविवि पत्रकारिता तथा आमसञ्चार विभाग

## प्रेस काउन्सिलका वर्तमान पदाधिकारीहरू

(१) श्री राजेन्द्र दाहाल, अध्यक्ष

(२) माननीय श्री रघुजी पन्त, सदस्य

(३) श्री विष्णु निष्ठुरी, सदस्य

(४) श्री प्रतीक प्रधान, सदस्य

(५) श्री किशोर श्रेष्ठ, सदस्य

(६) श्री ज्ञानू पाण्डे, सदस्य

(७) श्री महेन्द्र बिष्ट, सदस्य

(८) श्री यज्ञप्रसाद शर्मा, सदस्य

(९) श्री परशुराम घिमिरे, सदस्य

(१०) श्री सञ्जय सन्तोषी राई, सदस्य

(११) श्री विपुल पोखरेल, सदस्य

(१२) श्री दीपेन्द्र चौहान, सदस्य

(१३) श्री मुकुन्दप्रसाद आचार्य, सदस्य सचिव

## प्रेस काउन्सिलका समिति र उपसमितिहरू

### (क) समिति

(१) वितरण संपरीक्षण समिति

(२) पदपूर्ति समिति

(३) प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार समिति

### (ख) उपसमितिहरू

(१) प्रेस काउन्सिल विकास, योजना (क्लिपिङ समेत) प्रकाशन सुधार उपसमिति

(२) अन्तर्राष्ट्रिय सम्बन्ध एवं प्रकाशन तथा अनुसन्धान उपसमिति

(३) विधागत पत्रकारिता विकास उपसमिति

(४) ऐन नियम र प्रशासन सुधार उपसमिति

(५) स्थानिय पत्रपत्रिका प्रवर्द्धन उपसमिति

(६) आचार संहिता अनुगमन तथा सम्वाद उपसमिति

(७) पत्रकार कल्याण कोष उपसमिति

(८) श्रमजीवी पत्रकार उपसमिति

(९) ऐन, नियम पुनरावलोकन उपसमिति

(१०) मिडिया विकास कोष उपसमिति

## सन्दर्भ सामाग्रीहरू


(१) नेपाली पत्रकारिताको विकासक्रम, प्रेस काउन्सिल नेपाल-२०५५

(२) प्रकाशनको दिग्दर्शन, प्रेस काउन्सिल नेपाल-२०३०, २०३८, २०४९, २०६०

(३) नेपालमा जनसञ्चार स्मारिका, प्रेस काउन्सिल नेपाल-२०४५

(४) प्रेस जगत, प्रेस काउन्सिल नेपाल-२०५८

(५) पत्रकारिताका तीन आयाम, प्रेस काउन्सिल नेपाल-२०६१

(६) पत्रकारिता आचारसंहिता-२०६०, २०५६ र २०५५ प्रेस काउन्सिल नेपाल

(७) नेपालमा पत्रकार आचारसंहिता, प्रेस काउन्सिल नेपाल-२०४६

(८) पत्रकारिता वितरण संपरीक्षणको मापदण्ड र प्रक्रिया, प्रेस काउन्सिल नेपाल-२०५९

(९) पत्रकारिता र यसका चुनौतिहरू (कार्यपत्र संग्रह), प्रेस काउन्सिल नेपाल-२०५५

(१०) वार्षिक प्रतिवेदनहरू, प्रेस काउन्सिल नेपाल

(११) त्रैमासिक बुलेटिनहरू, प्रेस काउन्सिल नेपाल

(१२) वितरण संपरीक्षण गोष्ठीमा समावेश कार्यपत्रहरू, प्रेस काउन्सिल नेपाल

(१३) प्रेस काउन्सिल नेपाल ऐन-२०४८

(१४) प्रेस काउन्सिल नेपाल (कार्यव्यवस्था) नियमावली-२०४९

(१५) सञ्चार सम्बन्धी गोष्ठीमा प्रस्तुत कार्यपत्रहरू, प्रेस काउन्सिल नेपाल

(१६) प्रेस काउन्सिल कर्मचारी सेवा शर्त विनियमावली-२०५४

(१७) प्रेस काउन्सिल आर्थिक प्रशासन विनियमावली-२०५७

(१८) पत्रपत्रिका वर्गीकरणको मापदण्ड र प्रक्रिया-२०५९

(१९) प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार विनियमावली-२०५६

(२०) प्रेस काउन्सिल मिडिया विकास कोष विनियम-२०५१

(२१) Press Council Nepal an Introduction-1996

(२२) Press Council Nepal an Introduction-1999

(२३) A Short History of the Press Council Nepal, LB Thapa

(२४) P Kharel (Ed.) Media Practices in Nepal, NAME-2001

(२५) Sturat Price A-Z Media Communication, New York-1996

(२६) नेपाल अधिराज्यको संविधान-२०४७

(२७) नेपाल अधिराज्यको अन्तरिम संविधान-२०६३

(२८) छापाखाना र प्रकाशन ऐन-२०३२

(२९) पत्रकारिता द्वैमासिकका विभिन्न अंकहरू, नेपाल पत्रकार महासंघ

(३०) पत्रकारिताको सामान्य परिचय, प्रवलराज पोखरेल, निर्मला पोखरेल-२०५०

(३१) प्रेस काउन्सिल र पत्रकारिता-रामप्रसाद पोखरेल, नेपाल द्वैमासिक, माघ/फागुन-२०६१

(३२) बहुलवादी नेपाली समाजमा आमसञ्चार, त्रिविवि पत्रकारिता विभाग र फ्रेडरिक इवर्ट स्टिफ्टुङ्ग-२०५५

(३३) नेपाली पत्रकारिता व्यवस्था र व्यवहार, त्रिविव पत्रकारिता विभाग र फ्रेडरिक इवर्ट स्टिफ्टुङ्ग-२०५५

(३४) प्रयोगात्मक पत्रकारिता, श्रीराम खनाल, विद्यार्थी पुस्तक भण्डार-२०६१

(३५) आमसञ्चारको परिचय, श्रीराम खनाल, विद्यार्थी पुस्तक भण्डार-२०५५

(३६) नेपालको छापाखाना र पत्रकारिताको इतिहास, ग्रीष्म बहादुर देवकोटा

(३७) सूचना विभाग र प्रेस कानून, सूचना विभाग-२०५६

(३८) रेडियो वाचन, रघु मैनाली, सामुदायिक रेडियो सहयोग केन्द्र-२०५९

(३९) आमसञ्चार र कानून, काशीराज दाहाल, नेपाल प्रेस इन्ष्टिच्यूट-२०५८

(४०) मानव अधिकारको विश्वव्यापी घोषणापत्रको पचासौं वार्षिकोत्सव तथा विश्व स्वतन्त्रता दिवसको उपलक्ष्यमा प्रकाशित संगालो, नेपाल प्रेस इन्ष्टिच्यूट-२०५५,

(४१) प्रेस विधिशास्त्र, काशिराज दाहाल, नेपाल कानून समाज-२०४९

(४२) पत्रकार आचारसंहिता : सिद्धान्त र व्यवहार (कार्यपत्र), काशिराज दाहाल-२०६१

(४३) पत्रकारिताको विश्व इतिहास, डा.अच्युत बाबु कोइराला, जेकेजी बुक्स एण्ड स्टेशनरी-२०६०

(४४) पत्रकार आचारसंहिता : सन्दर्भ व्यवसायको, चासो वर्तमानको (कार्यपत्र), रामकृष्ण रेग्मी

(४५) पत्रकारिता तथा आमसञ्चारमा नैतिकताको प्रश्न (कार्यपत्र), सह प्रा.लालदेउसा राई-२०६१

(४६) सरकारी विज्ञापनमा एकद्वार प्रणाली सम्बन्धी नीति-२०६२

(४७) राष्ट्रिय जनमञ्च साप्ताहिक, वर्ष ५, अंक ३६, २०६२ फागुन ७

(४८) निष्पक्ष साप्ताहिक, वर्ष १४, अंक ४०, २०६२ फागुन ९

(४९) प्रस्तावित काउन्सिल र प्रसारण प्राधिकरण, दुर्गानाथ शर्मा-नेपाल समाचारपत्र, २०६२ फागुन १८

(५०) प्रबलराज पोखरेल, राजधानी दैनिक, बैशाख २०६३ र जेठ २०६३ का अंकहरू

# पत्रकार आचारसंहिता, २०६०

**प्रस्तावना :**

स्वस्थ पत्रकारिताको विकासका निम्ति आमसंचार माध्यम र पत्रकारलाई जिम्मेवार र व्यावसायिक बनाई प्रेस स्वतन्त्रताको सम्वर्द्धन गर्दै यसको दुरुपयोग हुन नदिन तथा राष्ट्र र समाजप्रति बढी उत्तरदायी बनाउन एवं 'नेपाल अधिराज्यको संविधान २०४७' द्वारा प्रत्याभूत स्वतन्त्रता र हक अधिकारको जगेर्ना गर्दै जनतालाई सुसूचित गर्ने मूलभूत उद्देश्यले समसामयिक अन्तर्राष्ट्रिय प्रचलन र मान्यताहरूलाई समायोजन गरी आम संचारका सबै माध्यमहरूलाई समेत समेटेर मौजुदा आचार संहितामा परिमार्जन गर्न वाञ्छनीय भएकोले नेपाल पत्रकार महासंघ समेतको

सहमतिमा प्रेस काउन्सिल ऐनको दफा (७) को (ख) बमोजिम यो 'पत्रकार आचारसंहिता, २०६०' बनाई जारी गरिएको छ ।

**१. नाम, प्रारम्भ र विस्तार :** (१) यस आचार संहिताको नाम 'पत्रकार आचारसंहिता, २०६०' रहेको छ ।

(२) यो आचार संहिता तुरुन्त लागू हुनेछ ।

(३) यो आचारसंहिता नेपाल अधिराज्यभित्र कार्यरत सम्पूर्ण पत्रकार तथा संचार माध्यमहरूलाई लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस संहितामा–

(क) 'पत्रकार' भन्नाले छापा, विद्युतीय तथा अनलाईनजस्ता कुनै पनि प्रकृतिका संचार माध्यममा समाचार सामग्री संकलन, उत्पादन, सम्पादन र सम्प्रेषण जस्ता कार्यसँग आवद्ध प्रधान सम्पादक, सम्पादक, सम्पादक मण्डलका सदस्यहरू, संवाददाता, स्तम्भ लेखक, फोटो पत्रकार, प्रेस क्यामेरामेन, व्यङ्ग्य चित्रकार, कार्यक्रम निर्माता तथा संचालक, साजसज्जा, दृष्य तथा भाषा सम्पादक जस्ता पत्रकारिता पेशासँग सम्बन्धित संचारकर्मीहरूलाई जनाउँछ ।

(ख) 'संचार माध्यम' भन्नाले नेपाल अधिराज्यमा संचालित पत्रपत्रिका, रेडियो एवं टेलिभिजन प्रसारणहरू तथा इन्टरनेटका समाचार र विचारमूलक अनलाईन सेवाहरू समेतलाई जनाउँछ ।

(ग) 'काउन्सिल' भन्नाले प्रेस काउन्सिल नेपाललाई जनाउँछ ।

## ३. पत्रकार तथा संचार माध्यमहरूले देहायका कर्तव्य निर्वाह गर्नेछन् :

(१) **प्रेस स्वतन्त्रताको संरक्षण र सम्वर्द्धन** : विचार र अभिव्यक्ति स्वतन्त्रता नागरिकहरूको आधारभूत अधिकार भएकाले यसको संरक्षण र सम्वर्द्धनका निम्ति सदैव दृढ, सजग र सतर्क रहनु पर्दछ ।

(२) **मानवअधिकार र अन्तर्राष्ट्रिय सम्बन्धको सम्मान** : मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय लिखतहरूले प्रत्याभूत गरेका हक, अधिकार, सिद्धान्त, मान्यता र प्रचलनको सम्मान गर्दै प्रजातन्त्र, न्याय, समानता, शान्ति र अन्तर्राष्ट्रिय समभ्फदारीको संरक्षण र सम्वर्द्धन तथा मित्र राष्ट्रहरूबीचको भाइचारालाई अभिवृद्धि गर्नु पर्दछ ।

(३) **सूचनाको हकको रक्षा र प्रचलन** : आम नागरिकको सुसूचित हुन पाउने हक अधिकारको रक्षा गर्न सदैव क्रियाशील एवं समर्पित रहनु पर्दछ ।

(४) **सत्य तथ्य सूचनाको सम्प्रेषण** : व्यावसायिक पत्रकारिताको लक्ष्य हासिल गर्न सत्य–तथ्य, निष्पक्ष एवं सन्तुलित सूचना सम्प्रेषण गर्नु पर्दछ ।

(५) **सम्पादकीय स्वतन्त्रता** : संचार माध्यमबाट प्रकाशित–प्रसारित सामग्रीको उत्पादन तथा सम्प्रेषण प्रतिको जिम्मेवारी र उत्तरदायित्व पत्रकारमा हुनुपर्दछ ।

(६) **गोपनीयताको हकको सम्मान** : सार्वजनिक हितमा प्रतिकूल असर पार्ने बाहेकको अवस्थामा वैयक्तिक एवं व्यावसायिक गोपनीयताको सम्मान गर्नु पर्दछ ।

(७) **उच्च व्यावसायिक अभ्यास** : पत्रकारिताका आधारभूत मान्यता र सिद्धान्तप्रति प्रतिवद्ध रही जवाफदेही एवं उत्तरदायित्व तथा विश्वसनीयताको निर्वाह गर्न उच्च व्यावसायिक अभ्यास गर्नु पर्दछ ।

(८) **शिष्ट व्यवहार** : व्यावसायिक अभ्यासमा सामाजिक शिष्टताको सम्मान गर्दै नैतिक, शिष्ट एवं मर्यादित कार्यशैली र भाषाको प्रयोगमा सजग रहनु पर्दछ ।

(९) **गल्ती सच्याउने तत्परता** : प्रकाशन तथा प्रसारणमा भएका त्रुटि एवं गल्तीको जानकारी हुनासाथ यथाशीघ्र त्यस्तो गल्ती एवं त्रुटिलाई सच्याउने तथा सप्रमाण खण्डन वा प्रतिक्रिया आएमा प्रष्ट भाषामा उचित स्थान दिइ प्रकाशन-प्रसारण गर्नुपर्दछ ।

(१०) **सामाजिक उत्तरदायित्व** : अशक्त, असहाय, अपाङ्ग, बालबालिका, महिला तथा पिछडिएका वर्ग, क्षेत्र, भाषा-भाषी र अल्पसंख्यक समुदायको उत्थान र विकासमा सूचना र विचार प्रवाहद्वारा विशेष सहयोग पु¥याउने सामाजिक उत्तरदायित्व हुनेछ ।

(११) **आपसी सम्बन्ध** : पत्रकार तथा संचार माध्यमहरूबीचको आपसी सम्बन्ध व्यावसायिक, स्वस्थ, संयमित, मर्यादित र सुमधुर रहनु पर्दछ ।

## ४. पत्रकार तथा सञ्चार माध्यमहरूले देहायका कार्यहरू गर्ने छैनन् :

(१) **राष्ट्रिय अखण्डतामा प्रतिकूल प्रभाव पार्न नहुने** : बहुभाषिक, बहुधार्मिक र बहुजातीय मुलुक नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पार्ने वा गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने समाचार र विचार प्रकाशन तथा प्रसारण गर्नु हुँदैन ।

(२) **सामाजिक संरचनामा प्रतिकूल असर पार्न नहुने** : सामाजिक संरचनामा प्रतिकूल असर पु¥याउने तथा व्यावसायिक मर्यादा विपरीत हुने विकृत र उत्तेजक सामग्री प्रकाशन तथा प्रसारण गर्नु हुँदैन ।

(३) **समाचारको गोप्य स्रोत खोल्न नहुने** : समाचार प्रस्तुत गर्दा समाचारको आधिकारिकता र विश्वसनीयताका लागि स्रोत उल्लेख गर्नु पर्दछ तर गोप्य स्रोतको संरक्षण गर्ने दायित्व पत्रकारको हुने हुँदा श्रोतको इच्छा र अनुमतिबेगर त्यस्ता गोप्य स्रोतको नाम वा पहिचान गोप्य राख्नु पर्दछ ।

(४) **निजी स्वार्थपूर्तिका लागि प्रयोग गर्न नहुने** : प्रकाशन-प्रसारण गर्ने उद्देश्यले लिइएका सूचना सामग्री निजी स्वार्थपूर्तिका लागि प्रयोग गर्नु हुँदैन ।

(५) **भेदभाव हुने गरी सूचनाको सम्प्रेषण गर्न नहुने** : जातीय, लैङ्गिक, धार्मिक, क्षेत्रीय, भाषिक र रङ्गजस्ता आधारमा भेदभाव हुने गरी समाचार र विचारको सम्प्रेषण गर्नु हुँदैन ।

(६) **पीडितलाई थप पीडा पुग्ने गरी सूचना सम्प्रेषण गर्न नहुने** : पीडितलाई थप पीडा पुग्नेगरी भाषा, तस्वीर, चित्र र दृश्यसमेतको प्रयोग गरी समाचार तथा विचार प्रकाशन-प्रसारण गर्नु हुँदैन ।

(७) **पीडित व्यक्तिको नाम, ठेगाना प्रकाशन गर्न नहुने** : यौनजन्य अपराध र सामाजिक अपहेलना एवं घृणाजन्य घटना वा सन्दर्भमा पीडित व्यक्तिहरूको नाम, ठेगाना र पहिचान खुल्नेगरी समाचार, तस्वीर र दृश्य प्रकाशन-प्रसारण गर्नु हुँदैन ।

(८) **हिंसा आतंक र अपराधलाई प्रोत्साहन गर्न नहुने** : विध्वंश, हिंसा, आतंक र अपराधलाई प्रोत्साहन हुने गरी तथा त्यस्ता क्रियाकलापलाई अतिरञ्जित गर्ने गरी समाचार , विचार, तस्वीर र दृश्यहरू प्रस्तुत गर्नु हुँदैन ।

(९) **घृणा र उत्तेजना फैलिने गरी विभत्स दृश्य र तस्वीर प्रकाशन प्रसारण गर्न नहुने**: क्षतविक्षत, विभत्स र घृणा फैलाउने किसिमका दृश्य एवं तस्वीरहरू असान्दर्भिक, अश्लील र उत्तेजना फैलिनसक्ने प्रकारले प्रस्तुत गर्नु हुदैंन ।

(१०) **घटनासँग असम्वन्धित व्यक्तिको नाम उल्लेख गर्न नहुने** : कुनै घटनासँग सम्बन्धित समाचार प्रकाशन-प्रसारण गर्दा घटनासँग सम्बन्ध नभएका नातेदार वा नजिकका व्यक्तिको नाम जोडी उसको मर्यादामा आँच पुग्ने वा चरित्र हत्या हुने गरी समाचार प्रस्तुत गर्नु हुँदैन ।

(११) **तथ्यहीन समाचार प्रकाशन गर्न नहुने** : तथ्यलाई तोडमोड गरी बङ्ग्याउने, अनुचित लाभका लागि दिग्भ्रमित पार्ने तथा तथ्यहीन टिप्पणीलाई समाचारको रुपमा प्रस्तुत गर्नुहुँदैन ।

(१२) **विज्ञापनलाई समाचारका रूपमा प्रस्तुत गर्न नहुने** : विज्ञापनलाई समाचारको रुपमा प्रस्तुत गर्न, विज्ञापन गरेर समाचारको खण्डन गर्न तथा एउटा सञ्चार माध्यमबाट प्रकाशित प्रसारित समाचारको खण्डन सामान्यतः अर्को सञ्चार माध्यमले गर्नुहुँदैन ।

(१३) **स्रोत उद्धृत नगरी समाचार उपयोग गर्न नहुने** : कुनै समाचार संस्था वा माध्यमले प्रवाहित गरेको समाचार सामग्री उपयोग गर्दा त्यसको मूल स्रोत उद्धृत नगरी प्रकाशन वा प्रसारण गर्नुहुँदैन ।

**५. खारेजी :** पत्रकार आचारसंहिता, २०५५ खारेज गरिएको छ ।